
भदौ - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


वर्ष २६, अङ्क १० | २०७४, भदौ १६–३१ | पूर्णाङ्क ६०४


प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिस्ट्रार श्री नहकुल सुवेदी** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **कायम मुकायम रजिस्ट्रार श्री महेन्द्रनाथ उपाध्याय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद बस्याल

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** सहप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी
कार्यालय सहयोगी श्री रामचन्द्र खड्का


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | २४ |
| इजलास नं. १ | ३ |
| इजलास नं. २ | ५ |
| इजलास नं. ३ | १४ |
| इजलास नं. ४ | २ |
| इजलास नं. ५ | ५ |
| इजलास नं. ६ | ६ |
| इजलास नं. ७ | ४ |
| इजलास नं. ८ | २ |
| इजलास नं. ९ | ३ |
| जम्मा | ६८ |

| | |
|---|---|
| इजलास नं. १० | ६ |
| इजलास नं. ११ | ४ |
| इजलास नं. १२ | ४ |
| इजलास नं. १३ | १ |
| इजलास नं. १४ | २ |
| इजलास नं. १५ | ३ |
| इजलास नं. १६ | २ |
| इजलास नं. १७ | २ |
| इजलास नं. १९ | १ |
| जम्मा | २५ |

**कूल जम्मा ६८ + २५ = ९३**

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन


यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७४, भदौ – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

# Toll Free Number

# १६६०–०१–३३३–५५

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

---

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| संयुक्त इजलास | | | १ - १५ |
| १. | उत्प्रेषण / परमादेश | कैलास घिसिङ वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक, काठमाडौंसमेत | |
| २. | कर्तव्य ज्यान | नेपाल सरकार वि. घुरनीदेवी साह | |
| ३. | मानव बेचबिखन र ओसारपसार | विरमान ल्हो (लामा) वि. नेपाल सरकार | |
| ४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामनाथ दास तत्मा | |
| ५. | कर्तव्य ज्यान | सजिन्द्र नेम्वाङ वि. नेपाल सरकार | |
| ६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. लालमान बम्जन | |
| ७. | उत्प्रेषण / परमादेश | राजेशकुमार जोशी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगाल, काठमाडौंसमेत | |
| ८. | अवहेलना | राजेन्द्र श्रेष्ठ वि. भोलाप्रसाद सिवाकोटीसमेत | |
| ९. | लुटपिट | राजेन्द्र श्रेष्ठ वि. अमिरकुमार श्रेष्ठसमेत | |
| १०. | टहरा जग्गा खिचोला मेटाई पाउँ | अमिरकुमार श्रेष्ठ वि. राजेन्द्र श्रेष्ठ | |
| ११. | उत्प्रेषण | सुभाष लामिछानेसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |
| १२. | उत्प्रेषण / परमादेश | माया कुसुले वि. जिल्ला वन कार्यालय, हात्तीसार, काठमाडौंसमेत | |
| १३. | उत्प्रेषण / परमादेश | शिवलाल रोकाया वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबार, काठमाडौंसमेत | |
| १४. | निषेधाज्ञा | दिलिपराजा कायस्थ वि. काठमाडौं भक्तपुर सडक विस्तार योजना, थापाथली, काठमाडौंसमेत | |
| १५. | बन्दी प्रत्यक्षीकरण | अमृतप्रसाद उप्रेतीसमेत वि. निता शर्मासमेत | |
| १६. | भ्रष्टाचार (रिसवत्) | नेपाल सरकार वि. सुधिर कुमार कर्णसमेत | |
| १७. | भ्रष्टाचार (घुस रिसवत्) | नागेन्द्रप्रसाद यादव वि. नेपाल सरकार | |
| १८. | भ्रष्टाचार | नेपाल सरकार वि. विनोदकुमार ठाकुरसमेत | |
| १९. | उत्प्रेषण / परमादेश | धिरेन्द्रकुमार शाहसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |
| २०. | उत्प्रेषण / परमादेश | धिरेन्द्रकुमार शाहसमेत वि. स्वास्थ्य तथा जनसख्या मन्त्रालय, रामशाह पथ, काठमाडौंसमेत | |
| २१. | उत्प्रेषण | शोभा चन्द्र मिश्र वि. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल सेवा आयोग, काठमाडौं | |

| | | |
|---|---|---|
| २२. | जबरजस्ती करणी | देउबहादुर उपरकोटी वि. नेपाल सरकार |
| **इजलास नं. १** | | **१५ - १८** |
| २३. | भ्रष्टाचार | लालबहादुर रजवार वि. नेपाल सरकार |
| २४. | सम्पत्ति शुद्धीकरण | नेपाल सरकार वि. ओमप्रकाश कुशवाहसमेत |
| २५. | मिलापत्र बदर अबन्डा हक कायम | फेकनी देवी यादवनी वि. झवर यादव |
| **इजलास नं. २** | | **१९ - २२** |
| २६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. विनोद कामत |
| २७. | परमादेश | गौबहादुर आले मगर वि. रोशन पण्डीतसमेत |
| २८. | अदालतको अवहेलना | देवनन्दन राउत अहिर वि. रामकुमार साहसमेत |
| २९. | उत्प्रेषण / परमादेश / निषेधाज्ञा | रविलाल न्यूरे वि. चितवन जिल्ला अदालतसमेत |
| ३०. | उत्प्रेषण | विश्वनाथ साह वि. गाउँ विकास समितिको कार्यालय, गरूडा बैरिया, रौतहटसमेत |
| **इजलास नं. ३** | | **२२ - ३२** |
| ३१. | मोही नामसारी | कमला महत वि. कान्छी महत |
| ३२. | छुट जग्गा दर्ता | महेश्वरकुमार राय यादव वि. ननु राय यादव |
| ३३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. हठन महतो |
| ३४. | मानव बेचबिखन तथा ओसारपसार | मन्जु तामाङ वि. नेपाल सरकार |
| ३५. | जबरजस्ती करणी | रामदास खत्वे मण्डल वि. नेपाल सरकार |
| ३६. | लागु औषध (खैरो हेरोइन) | सुनिल तण्डुकार वि. नेपाल सरकार |
| ३७. | अंश | त्रिभुवन बरईसमेत वि. तिरथप्रसाद बरई |
| ३८. | रैकर परिणत दर्ता नामसारी | ऋद्धी राणासमेत वि. रामकृष्ण थापा |
| ३९. | रैकर परिणत दर्ता नामसारी | विष्णुबहादुर श्रेष्ठ वि. ऋद्धी राणासमेत |
| ४०. | उत्प्रेषण / परमादेश | मधुसुदन पुरी वि. पुनरावेदन अदालत, पाटनसमेत |
| ४१. | मोही नामसारी | नरोत्तमलाल श्रेष्ठ वि. धिरेन्द्र श्रेष्ठ |
| ४२. | उत्प्रेषण / परमादेश | दिनानाथ शर्मा सुवेदी वि. जिल्ला शिक्षा कार्यालय, बागलुङसमेत |
| **इजलास नं. ४** | | **३२ - ३३** |
| ४३. | निषेधाज्ञा | फटकु मिया वि. जिल्ला प्रशासन कार्यालय, मोरङसमेत |
| ४४. | उत्प्रेषण / प्रतिषेध / परमादेश | प्रदिपजंग पाण्डे वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत |
| **इजलास नं. ५** | | **३३ - ३७** |
| ४५. | उत्प्रेषण / परमादेश | लालो मण्डल खत्वे वि. सहतीदेवी तेलीनसमेत |
| ४६. | निर्णय बदर | रामकलि देवीसमेत वि. गुठी संस्थान शाखा कार्यालय, धनुषासमेत |
| ४७. | मोही नामसारी / जोतलगत कट्टासमेत | केदारबहादुर थापा वि. रामगोपाल महर्जन |

| | | |
|---|---|---|
| ४८. | मोही लगत कट्टा | वाजिद अली मुसलमानसमेत वि. काशीराम कोहार |
| ४९. | मोही नामसारी | रामचन्द्र सहनी गोढी वि. भुलन सहनी गोढी |
| इजलास नं. ६ | | ३७ - ४४ |
| ५०. | सरकारी छाप किर्ते | नेपाल सरकार वि. दिनेश श्रेष्ठसमेत |
| ५१. | लागु औषध खैरो हेरोइन | पेम्बा शेर्पा वि. नेपाल सरकार |
| ५२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. तेज बहादुर गुरूङसमेत |
| ५३. | चरीबाघको छाला अवैध ओसारपसार | बुद्धिबहादुर तामाङ वि. नेपाल सरकार |
| ५४. | कर्तव्य ज्यान | अजय पट्टेल कामी वि. नेपाल सरकार |
| ५५. | जबरजस्ती करणी | रमेशकुमार बुढा वि. नेपाल सरकार |
| इजलास नं. ७ | | ४४ - ४८ |
| ५६. | जबरजस्ती चोरी | रोशन शर्मा वि. नेपाल सरकार |
| ५७. | जबरजस्ती करणीसमेत | आशिष थापा वि. नेपाल सरकार |
| ५८. | ठगी | तिर्थ चन्द वि. नेपाल सरकार |
| ५९. | अंश नामसारी | अनिरूता यादव वि. नाथुप्रसाद यादव |
| इजलास नं. ८ | | ४९ - ५० |
| ६०. | कर्तव्य ज्यान डाँका | फुर्वा शेर्पा वि. नेपाल सरकार |
| ६१. | निषेधाज्ञा | नारायण चन्द वि. जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरसमेत |
| इजलास नं. ९ | | ५० - ५३ |
| ६२. | परमादेश | मीरा कुँवर वि. नेपाल सरकार, वैदेशिक रोजगार विभाग |
| ६३. | कर्तव्य ज्यान | गायत्री श्रेष्ठ (घिमिरे) वि. नेपाल सरकार |
| इजलास नं. १० | | ५३ - ५६ |
| ६४. | कर्तव्य ज्यान | सुनिल सोरेन वि. नेपाल सरकार |
| ६५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दिनेश साह कानूसमेत |
| ६६. | उत्प्रेषण | नारायणबहादुर थापासमेत वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत |
| ६७. | उत्प्रेषण | मुरारीप्रसाद काफ्ले वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत |
| ६८. | उत्प्रेषण | रमेशकुमार गोईत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगरसमेत |
| ६९. | उत्प्रेषण | तुलबहादुर थापा वि. जिल्ला शिक्षा अधिकारी, जिल्ला शिक्षा कार्यालय, तम्घास गुल्मीसमेत |
| इजलास नं. ११ | | ५७ - ५९ |
| ७०. | उत्प्रेषण | श्रीमती कमला न्यौपाने वि. श्रीमती कमला न्यौपानेसमेत |
| ७१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. झगबहादुर पुनसमेत |

| | | |
|---|---|---|
| ७२. | उत्प्रेषण / परमादेश | हरिप्रसाद पाण्डे वि. प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरबारसमेत |
| ७३. | उत्प्रेषण / परमादेश | राजकिशोर यादव वि. निजामती किताबखाना हरिहरभवन, पुल्चोकसमेत |
| **इजलास नं. १२** | | **५९ - ६१** |
| ७४. | परमादेश | रामकुमारी देवी साह वि. जिल्ला प्रहरी कार्यालय धनुषासमेत |
| ७५. | उत्प्रेषण / परमादेश | हेमन्तबहादुर बुढाथोकी वि. पुनरावेदन अदालत, तुलसीपुर, दाङसमेत |
| ७६. | उत्प्रेषण / परमादेश | सीतद साह तेली वि. पुनरावेदन अदालत, हेटौंडासमेत |
| ७७. | उत्प्रेषण / परमादेश | कृष्णप्रसाद सुवेदी वि. नैनवती थारूनी भन्ने मैना थारूनीसमेत |
| **इजलास नं. १३** | | **६१ - ६२** |
| ७८. | निर्णय दर्ता बदर हक कायम | लाले विश्वकर्मा वि. दोलखा मालपोत कार्यालय, दोलखा चरिकोटसमेत |
| **इजलास नं. १४** | | **६२ - ६३** |
| ७९. | उत्प्रेषण | कल्पना भुषाल वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पाखरासमेत |
| ८०. | उत्प्रेषण | ज्ञानबहादुर लामा वि. नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसमेत |
| **इजलास नं. १५** | | **६३ - ६५** |
| ८१. | अंश दर्ता | गुलवियादेवी पंजियारसमेत वि. गंगाराम पंजियारसमेत |
| ८२. | उत्प्रेषण | हरिप्रसाद शर्मा आचार्य वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत |
| **इजलास नं. १६** | | **६५ - ६७** |
| ८३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रेम भुजेल |
| ८४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रितिमाया राई |
| **इजलास नं. १७** | | **६७ - ६८** |
| ८५. | नापी नक्सा निर्णय बदर दर्ता बदर दर्ता | वृजकिशोर सिंह वि. अर्जुनराज शर्मा |
| **इजलास नं. १९** | | **६८** |
| ८६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गोपाल टमटासमेत |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०७०-WO-०५९२, उत्प्रेषण / परमादेश, *कैलास घिसिङ वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक, काठमाडौंसमेत*

रिट निवेदकलाई नियम २१ को खण्ड ग बमोजिम सफाइको मौका दिन मनासिब नपर्ने अवस्था देखाई व्यहोरा खोली सजाय दिने अधिकारीले पर्चा खडा गरी सेवाबाट हटाएको देखिन्छ । सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ९३ को खण्ड (ख) अनुसार "भागी पत्ता नलागेको वा अरू कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको सशस्त्र प्रहरी कर्मचारीलाई विभागीय सजाय गर्नु पर्दा विभागीय जाँचबुझ गराउनु नपर्ने" प्रस्ट कानूनी व्यवस्था रहेको देखिन्छ । यी रिट निवेदकलाई भारतमा तालिमको लागि खटाएको र फर्किसकेपछि सम्पर्क नगरी बसेको र निजलाई पटकपटक खोजतलासका लागि निजको घर ठेगानामा म्याद तामेलीको लागि पठाउँदा पनि बेवास्ता गरेको कारणबाट भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने सशस्त्र प्रहरी नियमावली, २०६० को परिच्छेद १० को नियम ८७ को उपनियम (१) को खण्ड (छ) बमोजिमको कसुरमा ऐ. नियमावली ऐ. परिच्छेदको नियम ८८ को अनुसूची ६ को देहाय २(ख) ले दिएको अधिकार प्रयोग गरी ऐ. नियमावली ऐ. परिच्छेदको नियम ८४ को खण्ड (ख)(१) बमोजिम अख्तियारप्राप्त अधिकारीबाट निज विपक्षी रिट निवेदक गैरहाजिर रहेको मिति २०६९।५।८ गतेबाटै लागू हुने गरी मिति २०६९।६।११ मा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने निर्णय भएको देखिँदा उक्त निर्णय संविधान र कानूनविपरीतको निर्णय भन्न नमिल्ने ।

माथि विश्लेषण गरिएका आधार र कारणहरूबाट निवेदकलाई नोकरीबाट हटाउने गरी सशस्त्र प्रहरी उपरीक्षकबाट मिति २०६९।६।११ मा भएको निर्णय सशस्त्र प्रहरी बल प्रधान कार्यालयका प्रहरी नायब महानिरीक्षकबाट मिति २०७०।९।७ मा नोकरीबाट हटाउने निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णयसमेत संविधान र कानूनसङ्गत नैं रहेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७२ साल फागुन २७ गते रोज ५ शुभम् ।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०७२-RC-०११३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. घुरनीदेवी साह*

अवैधरूपमा बच्चालाई मारेर खाल्टो खनी गाडेको हुँदा सोही व्यहोराको प्रतिवेदन दिएको छु भन्नेसमेत व्यहोराको प्रतिवेदक प्र.ना.नि. नन्द किशोर सिंहले अदालतमा गरेको बकपत्र तथा जाहेरी व्यहोरालाई समर्थन हुने गरी जाहेरवाला राम दयाल साह तेलीले अदालतमा बकपत्र गरेको देखिँदा निज प्रतिवादी घुरनीदेवी साहको इन्कारी बयान अन्य प्रमाणबाट पुष्टि हुन आएको नदेखिँदा प्रतिवादी घुरनी देवी साहलाई सुरू धनुषा जिल्ला अदालतले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरेको मिति २०७०।९।२८ को फैसलालाई सदर गर्ने ठहर्‍याएको मिति २०७२।१।२ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

प्रस्तुत मुद्दामा प्रतिवादी घुरनी देवी साहले

लोग्ने विदेश गएको परिस्थितिमा परपुरूषसँग अवैध यौन सम्बन्ध राखेको र सोही कारणबाट गर्भधारण भएको देखिन आउँछ। आफ्नो लोग्ने छँदाछँदै अर्काको लोग्नेसँग शारीरिक सम्बन्ध हुनु र विदेश गएको लोग्नेले जसको गर्भ हो उसैकोमा जानु भनी घरपरिवारबाट निकाला भएको र आफूलाई गर्भवती बनाउने व्यक्तिसमेत वैदेशिक रोजगारीमा गएकोले बाध्य भई आफैँले जन्म दिएको शिशुको कर्तव्य गरी मारेको घटनाक्रमबाट पुष्टि हुन आउँछ। प्रस्तुत मुद्दाको घटना एवम् परिस्थिति हेर्दा सामाजिक लोकलाजको कारण आफैँले जन्म दिएको शिशुलाई मार्नुपर्ने परिस्थिति यी प्रतिवादी घुरनीदेवी साहलाई भएको देखिन्छ। तसर्थ पुनरावेदन अदालत, जनकपुरले प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १२ (बाह्र) हुनुपर्ने भनी व्यक्त गरेको राय न्यायको रोहमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल फागुन २८ गते रोज ६ शुभम्।

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CR-०२६७, मानव बेचबिखन र ओसारपसार, *विरमान ल्हो (लामा) वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा प्रतिवादी विरमान ल्हो लामाले जाहेरवाली मधुमाया घलानलाई बिक्री गरेको होइन, उक्त घटनामा म संलग्न छैन भनी प्रहरी र अदालतमा समेत बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरेको भए पनि जाहेरवालीले दिएको किटानी जाहेरी, निजले अनुसन्धानको क्रममा गरेको र अदालतबाट प्रमाणित भएको बयान र सो जाहेरी तथा बयानमा लेखिएअनुसारको कुरालाई पुष्टि हुने गरी गरिदिएको बकपत्र र अनुसन्धानको क्रममा बुझिएकी निर्मला योन्जनले गरेको कागज तथा बकपत्रसमेतबाट यी प्रतिवादी विनोद भन्ने विरमान ल्हो (लामा) जाहेरवाली मधुमाया घलानलाई भारतमा लगी बिक्री गर्ने कार्यको कसुरदार भई आरोपित कसुर गरेको पुष्टि भएको देखिने।

प्रतिवादीलाई सुरू काठमाडौं जिल्ला अदालतले मानव बेचबिखन तथा ओसारपसार कार्य नियन्त्रण ऐन २०६४ को दफा ४ को १(क) अनुसारको कसुर अपराध गरेको नठहर्‍याई सोही ऐनको दफा १५(१)(ज) विपरीत मतियारसम्मको कसुरमा सजाय गरेको नमिलेकोले मानव बेचबिखन तथा ओसारपसार कार्य नियन्त्रण ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम मुख्य कसुरदारलाई हुने सजायको आधाले हुने १० वर्ष कैद र रू. १,००,०००।– जरिवाना र दफा १७ बमोजिम जरिवानाले ५० प्रतिशत रू.५०,०००।- मात्र क्षतिपूर्तिबापत निज प्रतिवादीबाट पीडितलाई भराई दिने गरेको हदसम्म फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भई निज प्रतिवादी विनोद भन्ने विरमान ल्हो (लामा) ले पीडित जाहेरवाली मधुमाया घलानलाई भारतमा लगी बिक्री गरी अभियोग दाबीबमोजिमको कसुर अपराध गरेको ठहर्‍याई ऐनको दफा ४(१)(क) द्वारा परिभाषित कसुर अपराध गरेकोमा सोही ऐनको दफा १५(१)(क) बमोजिम २० वर्ष कैद र रू. २००,०००।– जरिवानासमेत हुने ठहर्‍याई सोही ऐनको दफा १७(१) बमोजिम क्षतिपूर्तिबापत जरिवानाको पचास प्रतिशतले हुने रू. १००,०००।– निज प्रतिवादीबाट पीडित जाहेरवाली मधुमाया घलानलाई भराइदिनु पर्नेसमेत ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। आरोपित कसुरबाट सफाइ पाउँ भन्ने

प्रतिवादी विरमान ल्हो लामाको पुनरावेदन जिकिर पुग्न पुग्न नसक्ने ।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल फागुन २८ गते रोज ६ शुभम् ।

४

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०७२-RC-०११२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामनाथ दास तत्मा*

जाहेरवालाको किटानी जाहेरी एवम् बकपत्र, सहप्रतिवादी रामबहादुर दास तत्माले मौकामा गरेको वारदात घटनाको यथार्थ विवरण खुलाई आरोपित कसुरमा साबित भई यी प्रतिवादीसमेतलाई पोल गरी गरेको बयान, मर्ने मृतकले मर्नुपूर्व आफ्नो मृत्युका सम्बन्धमा गरेको कागजमा यी प्रतिवादीसमेतको वारदातमा संलग्नता रहेको भनी लेखाइदिएको देखिनुका साथै वारदातमा संलग्न रहेका अर्का समान तहका प्रतिवादीहरू रामबहादुर दास तत्मासमेतलाई समान कसुरमा यसै अदालतबाट कसुरदार कायम गरी सजाय भइसकेको अवस्थासमेत देखिँदा यी प्रतिवादीले गरेको इन्कारी बयान, तथ्य युक्त प्रमाणबाट पुष्टि भएको देखिन नआउने ।

माथि विश्लेषण गरिएका आधार कारण र प्रमाणहरूबाट प्रतिवादी रामनाथ दास तत्मालाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धीको महलको १ र १३ (३) नं. बमोजिमको कसुर गरेको पुष्टि भएकोले निजलाई सोही १३ (३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू महोत्तरी जिल्ला अदालतको मिति २०७०।१२।२० को फैसलालाई सदर गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०७१।१२।११ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल फागुन २८ गते रोज ६ शुभम् ।

५

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०७२-RC-०१११, कर्तव्य ज्यान, *सजिन्द्र नेम्वाङ वि. नेपाल सरकार*

मृतकको पछाडि घिच्चुकमा घाँटीको आधा भाग छिन्ने गरी काटिएको र दायाँ निधारदेखि दायाँ कञ्चटमाथिसम्म काटिएको गहिरो घाउ चोट रहेको, घाउचोटबाट रगत निस्किएको भन्ने मिति २०६९।१०।१३ को घटनास्थल तथा लास जाँच मुचुल्काबाट देखिन आएको छ भने Post mortem report हेर्दा Cause of death मा Massive head injury भन्ने देखिन आएकोले मृतकको मृत्यु कर्तव्यबाटै भएको भन्ने कुरा पुष्टि हुन आउने ।

प्रतिवादी सजिन्द्र नेम्वाङ र मृतकबीच पूर्वरिसइवी वा पूर्वयोजना थियो थिएन भन्ने सम्बन्धमा विचार गर्दा अनुसन्धानको क्रममा यी प्रतिवादीले निम्ता मान्ने क्रममा मादकपदार्थ सेवन गरेको मृतकसँग रू.२ लाखको विषयमा भनाभन भएको, नातामा ज्वाई जेठान रहेको, भनाभनको क्रममा रू.२ लाख नदिए सबै परिवार सखाप पारी दिन्छु भनी मृतकले धम्काएको र मैले प्रहार गरेको चोटबाट निजको मृत्यु भएको भन्ने स्वीकार गरी प्रतिवादीले बयान गरेको अवस्थामा यी मृतकलाई मार्नमा पूर्वरिसइवी एवम् पूर्वयोजना रहेको पुष्टि हुन आएको देखिन्छ भने निज प्रतिवादीको भनाईलाई प्रमाण ऐन, २०३१ को दफा ९(१) बमोजिम प्रमाणमा लिन मिल्ने नै देखिने ।

माथि विश्लेषण गरिएका आधार कारण र

प्रमाणहरूसमेतबाट प्रतिवादी सजिन्द्र नेम्वाङ र मृतकका विषयमा लेनदेनको रू. २ लाखका विषयमा पूर्वरिसइवी रहेको र सोही विषयमा भनाभन हुँदा प्रतिवादीले प्रहार गरेको खुकुरीबाट नै मृतक नरेश थुलुङको मृत्यु हुन गएको पुष्टि हुन आएकोले सुरू पाँचथर जिल्ला अदालतबाट प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. बमोजिम कसुर गरेको प्रमाणित हुन आएको हुँदा निज प्रतिवादीलाई ऐ.१३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको फैसलालाई सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, इलामको मिति २०७१।११।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल फागुन २८ गते रोज ६ शुभम्।

६

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०७२-RC-०११७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लालमान बम्जन*

प्रतिवादीहरू लालमान बम्जन, जितबहादुर बम्जन र चन्द्रमान बम्जन फरार रही अनुसन्धान र न्यायिक प्रक्रियामा उपस्थित भई आफ्नो सफाइको आधारसमेत पेस गर्न सकेको अवस्थासमेत देखिँदैन। वारदात भएकोमा विवादसमेत देखिँदैन। यी प्रतिवादीबाहेक अन्य व्यक्तिले वारदात घटाएको भन्नेसमेत मिसिलबाट पुष्टि हुन सकेको देखिँदैन। यिनै प्रतिवादीहरूले वारदात घटाएका हुन् भनी यी प्रतिवादीलाई त्यतिकै पोल गर्नुपर्ने कारण पनि केही नदेखिएकोले प्रतिवादीहरूलाई सुरू सिन्धुली जिल्ला अदालतले यी प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको फैसलालाई सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिँदा सदर हुने।

मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कम सजायको राय व्यक्त गर्दा पुनरावेदक शान्ति वि.क. र वादी नेपाल सरकारको कर्तव्य ज्यान मुद्दामा उल्लेख भएका विभिन्न कारणहरूमध्ये के कस्ता कारणहरूको विद्यमानता रहेको छ भन्ने कुराहरू खुलाई न्यायकर्ताले सजाय घटाउने राय व्यक्त गरेको हुनुपर्दछ। मिसिलबाट भएको तथ्यलाई एकातर्फ पन्छाएर न्यायकर्तालाई चित्तमा लागेको भन्ने मात्र आधारमा सजाय कम गर्न मिल्दैन। साथै न्यायकर्तालाई चित्तमा लाग्ने भन्ने कुरा निरपेक्षरूपमा मनोगत हुन सक्दैन। न्यायकर्ताले कानूनबमोजिम निर्धारण भएको सजायलाई कम गर्दा सजाय कम हुनुपर्ने आधार र कारणहरूको विश्लेषण गरी निष्कर्षमा पुगेको हुनुपर्ने।

प्रस्तुत वारदातलाई मध्यनजर राख्दा निज प्रतिवादीहरूका उपर यी प्रतिवादीहरूसमेतले कुटपिट गरी मारी जंगलमा लगी गाडेको सो ठाउँ खनी हेर्दा लास सडीगली सकेको अवस्थामा फेला परेको हुँदा भाइलाई कर्तव्य गरी मार्ने निज प्रतिवादीहरूलाई कानूनबमोजिम सजाय गरिपाउँ भनी किटानी जाहेरी परेको देखिन्छ। प्रतिवादीहरू फरार रही अनुसन्धान र न्यायिक प्रक्रियामा उपस्थित भई आफ्नो सफाइको आधारसमेत पेस गर्न सकेको अवस्थासमेत देखिँदैन। वारदात भएकोमा विवादसमेत देखिँदैन। यी प्रतिवादीबाहेक अन्य व्यक्तिले वारदात घटाएको भन्नेसमेत मिसिलबाट पुष्टि हुन सकेको देखिँदैन। यी प्रतिवादीलाई त्यतिकै पोल गर्नुपर्ने कारण पनि केही देखिँदैन। यसरी सुनियोजित तरिकाले हत्या गरी लास जङ्गलमा गाडी फालेको र न्यायिक प्रक्रियामा उपस्थितसमेत नभई फरार रहेको अवस्थामा यी

प्रतिवादीहरूलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्षको कैदको सजाय हुन व्यक्त रायसँग सहमत हुन नसकिने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ फागुन २८ गते रोज ६ मा शुभम्।

७

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०३३५, उत्प्रेषण / परमादेश, *राजेशकुमार जोशी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगाल, काठमाडौंसमेत*

वस्तुत: रिट निवेदकले सार्वजनिक जग्गा एवम् खोला मिची कम्पाउण्ड वाल लगाएको भन्ने आधारमा उक्त सार्वजनिक जग्गामा परेको पर्खालसम्म भत्काउने आदेश भएको भन्ने लिखित जवाफमा उल्लेख भएको सन्दर्भमा निवेदकले सार्वजनिक जग्गा मिची पर्खाल लगाएकोसमेत हो वा होइन भन्ने तथ्यगत प्रश्नको अनुसन्धान र छानबिन गरी हेरिने कुरा हो। कुनै अमुक जग्गा सार्वजनिक हो वा निजी हो भन्ने तथ्यको विवादको निरूपण रिट क्षेत्रबाट गर्न सकिने अवस्था रहँदैन। रिट निवेदकको दाबीबमोजिम निजको स्वामित्वको जग्गाको पर्खाल भत्काएको भए सोसम्बन्धी उपचार खोज्न सामान्य कानूनको मार्ग प्रयोग गर्नुपर्ने अवस्था हुन्छ। त्यसका अतिरिक्त विपक्षी जिल्ला प्रशासन कार्यालयबाट स्थानीय प्रशासन ऐन, २०२८ अन्तर्गत प्रदत्त अधिकार प्रयोग गरी गरेको निर्णय बहाल रहेको देखिएको छ। सो निर्णयउपर रिट निवेदकले किटानी दाबी लिएको देखिएको छैन। यस अवस्थामा प्रस्तुत रिट निवेदनको रोहमा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिन नआउने।

तसर्थ प्रस्तुत रिट निवेदनमा निवेदकले माग गरेबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान रहेको नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्छ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

इति संवत् २०७२ साल मङ्सिर १६ गते रोज ४ शुभम्।

८

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६५-MS-००१८, अवहेलना, *राजेन्द्र श्रेष्ठ वि. भोलाप्रसाद सिवाकोटीसमेत*

प्रत्यर्थीहरूले आफ्नो लिखित जवाफमा अदालतबाट रोक्का आदेश भएकोभन्दा पृथक कि.नं. १७७ मा टहरा देखिएकोले मागबमोजिम टहरा हटाउने कार्यको लागि आवश्यक शान्ति सुरक्षा दिन लेखी पठाएको हो । अदालतबाट जारी भएको आदेशको आफूखुसी व्याख्या गरेको नहुँदा अवहेलनामा कारवाही हुनुपर्ने होइन भन्ने उल्लेख गरेको पाइन्छ । यस अदालतबाट पुनरावेदक राजेन्द्र श्रेष्ठ विरूद्ध गुठी संस्थान, केन्द्रीय कार्यालय भएको फैसला बदर मुद्दामा मिति २०६५।११।११ मा भएको आदेशमा साबिक कि.नं. ३९ हाल नापनक्सा हुँदा कि.नं. २१ कायम भएको विवादित घर नभत्काउने गरी यथास्थितिमा राख्नु भनी आदेश भएको मिसिलबाट देखिन्छ । यथार्थमा सार्वजनिक निकायलगायत सर्वसाधारणले अदालतको आदेश एवम् फैसलाको पूर्ण पालना गर्नुपर्ने हुन्छ । कि.नं.१७७ को जग्गामा रहेको टहरा हटाई पाउन दिएको निवेदन मागबमोजिम शान्ति सुरक्षाको लागी लेखी पठाएकोसम्म देखिए तापनि निवेदकको घर टहरा भत्काएको भन्ने देखिँदैन। यसरी निवेदकको घर टहरा हालसम्म यथावत् रहेको भन्ने देखिन आएकोले, यस अदालतबाट विवादित घर भत्काउन नपाउने गरी यथास्थितिमा राख्नु भनी गरेको आदेशविपरीतका काम कारवाही विपक्षीहरूबाट भएको भन्ने देखिन आएन । अदालतको आदेशको सम्मान गरी पूर्ण

पालना गर्ने प्रतिबद्धतासहित विपक्षीतर्फबाट लिखित जवाफसमेत पेस गरेको देखिन्छ। मिसिल संलग्न प्रमाण कागजबाट निवेदकको घर भत्काएको नभई यथावत् रहेको भन्ने देखिँदा विपक्षीहरूले यस अदालतको आदेशलाई अटेर गरी अदालतको अवहेलना गरेको भन्न मिलेन । तसर्थ निवेदन मागबमोजिम विपक्षीहरूलाई अदालतको अवहेलनामा दोषी ठहर गरी सजाय गरिपाउँ भन्ने निवेदकको दाबी पुग्न नसक्ने ।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल मङ्सिर ८ गते रोज ३ शुभम् ।

९

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०७००, लुटपिट, *राजेन्द्र श्रेष्ठ वि. अमिरकुमार श्रेष्ठसमेत*

प्रतिवादीले डोजर लगाई टहरा भत्काउन प्रयास गरेकोमा वादीले प्रतिकार गरेको कारण भत्काउन नसकी छोडेर गएपश्चात् तत्कालै महानगरीय प्रहरी वृत्त कालिमाटीले गरेको घटनास्थल प्रकृति मुचुल्काबाट वादीको घरमा रहेका ओढ्ने ओछ्याउने, लत्ताकपडाहरू टेबल कुर्सी, झोलालगायतका समान यत्रतत्र छरिएका, माथिल्लो तलाको कोठाहरू भत्केको भन्नेसम्म देखिन आएकोमा यो यति सामान प्रतिवादीले लुटपिट गरेको भन्ने तथ्य उल्लेख हुनसकेको देखिँदैन । ओढ्ने ओछ्याउने, लताकपडाहरू लगायतका समान यत्रतत्र छरिएको देखिएको भन्ने आधारमा त्यसैबाट लुटपिट भएको भनी अनुमान गर्न मिल्दैन । वादीका साक्षीको बकपत्रबाट पनि प्रतिवादीहरूले के कति कुन कुन धनमाल लुटपिट गरेको भनी स्पष्ट गरी किटानी र विश्वसनीय आधारमा बकपत्र गर्न सकेको अवस्था देखिन आएन । प्रतिवादी राजन अधिकारीका साक्षी केशव बजगाईले प्रतिवादीहरूले लुटपिट नगरेको भनी अदालतसमक्ष उपस्थित भई लेखाई दिएको देखिन्छ । वादी प्रतिवादीबीच घरको सम्बन्धमा विवाद रहेको, उक्त घरबाट प्रतिवादीले उठाउन खोजेको भन्ने यसै लगाउको मुद्दाबाट समेत देखिन आएको छ । प्रमाण ऐन २०३१को दफा २५ अनुसार फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने प्रमाणको भार वादी पक्षमा रहने हुन्छ । उक्त कानूनी व्यवस्थाअनुसार प्रतिवादीहरूले वादीको घर लुटपिट गरेको भन्ने तथ्ययुक्त सबुद प्रमाण वादी पक्षले पेस गर्न नसकेको अवस्थामा दाबीबमोजिम लुटपिट ठहर गर्नु न्यायोचित नहुने ।

तसर्थ माथि उल्लिखित आधार कारणबाट वादीले दाबी लिएका सामान लुटपिट भएको भन्ने दाबी सबुद प्रमाणबाट पुष्टि भएको नदेखिएकोमा वादी दाबी पुग्न नसक्ने ठहर गर्नुपर्नेमा अमिरकुमार श्रेष्ठको कारणबाट हानि नोक्सानी पुग्न गएको बिगो रू. ८०,०००।- वादीले प्रतिवादीमध्ये अमिरकुमार श्रेष्ठबाट भरी पाउनुका साथै प्रतिवादी अमिरकुमारलाई लुटपिटको महलको ६ नं. अनुसार रू. २०,०००।- जरिवानासमेत हुने भनी गरेको सुरू जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।९।८ मा भएको फैसला मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल मङ्सिर ८ गते रोज ३ शुभम् ।

१०

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-CI-१३२३, टहरा जग्गा खिचोला मेटाई पाउँ, *अमिरकुमार श्रेष्ठ वि. राजेन्द्र श्रेष्ठ*

मुलुकी ऐन, घर बनाउनेको महलको ११

नं. मा जग्गा मिची घर बनाएकोमा घर तयार भएका मितिले एक वर्षभित्र नालिस नदिए लाग्न सक्तैन भन्ने कानूनी व्यवस्था रहेको छ । यसरी कसैले अर्काको जग्गा मिची घर बनाएकोमा १ वर्षभित्र उजुर गरी आफ्नो हक कायम गराउन नसकेमा जग्गाधनीले सो जग्गामाथिको हक गुमाई घर बनाउनेको हकअधिकार सिर्जना हुने व्यवस्था घर बनाउनेको महलको ११ नं. ले गरेको देखिन्छ । अर्काको जग्गा मिची अतिक्रमण गरी घर बनाएकोमा समेत निश्चित म्याद गुज्रेपछि नालिस नलाग्ने विद्यमान कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा यी प्रतिवादीले त तत्कालीन जग्गाधनीको सहमति र मन्जुरीमै घर बनाएको देखिन्छ । तत्कालीन जग्गाधनीको सहमति र मन्जुरी लिएर मिति २०२० सालमै आफ्नो लगानीद्वारा घर निर्माण गरी हालसम्म निरन्तर भोगचलन गरेको, सोउपर कानूनले तोकेको म्यादभित्र कोही कसैको उजुरी परेको नदेखिँदा विवादित घरमाथि यी प्रतिवादीको भोगाधिकार सिर्जना भएको मान्नु पर्ने ।

साबिक जग्गाधनीले घर बनाई भोगचलन गर्न दिएको मन्जुरीनामाबमोजिम घर निर्माण गरी २०२० सालदेखि नै निरन्तर भोगचलन गरेको अवस्थामा ०६५ सालको राजीनामाबाट जग्गामा हक सिर्जना भएका यी वादीले प्रतिवादी आफैँले निर्माण गरी वर्षौंदेखि भोगचलन गरिरहेको घरमा हक दाबी गर्न सक्ने अवस्था देखिएन । यसरी माथि विवेचित आधार प्रमाणबाट वादी दाबीको घर प्रतिवादी आफैँले निर्माण गरी निरन्तर भोगचलन गरेको भन्ने देखिन आएकोले आफूले निर्माण गरेको टहरामा मासिक भाडा तिर्ने सर्तमा प्रतिवादीलाई बहालमा दिएको भन्ने वादी दाबी पुष्टि हुन सकेको देखिएन । तसर्थ टहरा जग्गाबाट विपक्षीको खिचोला मेटाई पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरु काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।९।८ को इन्साफ मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल मङ्सिर ८ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७१-CI-१३२४, बहाल भराई घर टहराबाट उठाई पाउँ, *अमिरकुमार श्रेष्ठ वि. राजेन्द्र श्रेष्ठ*
- ०६५-WO-०७७७, उत्प्रेषण / प्रतिषेध, *राजेन्द्र श्रेष्ठ वि. अमिरकुमार श्रेष्ठसमेत*

११

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-०९३५, उत्प्रेषण, *सुभाष लामिछानेसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

कपाल, दारी, जुँगा पाल्ने वा नपाल्ने, कस्तो पहिरन, भेषभूषा वा श्रृङ्गार लगाउने जस्ता विषयहरू व्यक्तिका निजी ईच्छा वा चाहनाका कुराहरू हुन् । समाजमा विकृति फैलाउने वा समाजलाई पाच्य नहुने किसिमका कार्य वा गतिविधि गर्न दिनबाट रोक लगाउन सकिने भए पनि कपाल, दारी, जुँगा पालेको वा मुन्द्रा लगाएको कारणबाट समाजमा यो यस्तो किसिमको नकारात्मक असर परेको छ भन्ने कुरा विपक्षीको लिखित जवाफबाट देखिन नआउने ।

कुनै पनि व्यक्तिलाई पक्राउ गरी निजको स्वीकृति वा सहमतिबिना जबरजस्ती कपाल, दारी, जुँगा काट्न लगाउने, मुन्द्रा फुकाल्न लगाउने कार्य गरिन्छ भने त्यस्तो कार्यबाट व्यक्तिको स्वतन्त्रतापूर्वक जीवन जिउन पाउने र समाजमा नकारात्मक असर नपर्ने किसिमको भेषभूषा वा श्रृङ्गार पहिरन गर्न पाउने

अधिकारमा कानूनविपरीत अंकुश लगाएको मान्नु पर्ने हुन्छ । यस्तो गैरसंवैधानिक र गैरकानूनी अवस्था सिर्जना हुन आउन नदिनु सम्बन्धित सबैको कर्तव्य हो । निवेदकले दाबी लिएअनुसारको कार्य गरेको छैन भन्ने विपक्षीको लिखित जवाफमा उल्लेख भए तापनि विपक्षीहरूबाट त्यस्तो कार्य नगरेको भए निवेदक यस अदालतमा प्रवेश गर्नुपर्ने अवस्था सिर्जना हुने थिएन । सर्वसाधारणको हक र हित रक्षार्थ यस्तो स्थिति आउन नदिन यस अदालतबाट उपयुक्त आदेश जारी हुनु वाञ्छनीय देखिन आउने ।

तसर्थ प्रस्तुत रिट निवेदनमा लिइएको निवेदन जिकिरलाई विपक्षीको लिखित जवाफमा इन्कार गरिएको भए पनि त्यस्तो स्थिति आउन नदिन निवारक उपायहरू अवलम्बन गर्नसमेत जरूरी हुने हुनाले जुँगा, कपाल पालेको वा मुन्द्रा लगाएको आधारमा मात्र कुनै व्यक्तिलाई कपाल काट्ने, जुँगा काट्नेसमेतका उद्देश्यले पक्राउ गर्न वा पक्राउ परेको कुनै व्यक्तिलाई निजको आत्मसम्मानमा धक्का पुग्ने गरी कपाल काट्ने, जुँगा काट्ने, मुन्द्रा झिक्न लगाउने लगायतका त्यस्ता व्यवहार नगर्न नगराउन मातहत कार्यालयमा समेत लेखी पठाउने गरी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल भदौ १६ गते रोज ४ शुभम् ।

१२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CI-०७३६, उत्प्रेषण / परमादेश, *माया कुसुले वि. जिल्ला वन कार्यालय, हात्तीसार, काठमाडौंसमेत*

पुनरावेदकले दाबी लिएको गाडीबाट सालक बरामद भएको कुरालाई यी पुनरावेदकलेसमेत अन्यथा भन्न सकेको अवस्था देखिँदैन । वन ऐन, २०४९ मा भएको व्यवस्थाअनुसार प्रतिबन्धित सालक ओसारपसार कार्यमा संलग्न भएको अवस्थामा त्यस्तो सवारी साधनलाई जफत गर्न सक्ने कानूनी व्यवस्था रहे भएको देखिन्छ । यी रिट निवेदक / पुनरावेदक करारको आधारमा गाडी मेरो नाउँमा आउने भनी दाबी लिएपनि निर्विवादरूपमा स्वामित्व स्थापित भइसकेको अवस्था मिसिलबाट देखिँदैन । रिट क्षेत्राधिकारबाट गाडी को कस्को हो भनी स्वामित्वको विषयमा निर्णय गर्न मिल्ने नदेखिँदा रिट खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिँदा सदर हुने ।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल माघ २१ गते रोज ५ शुभम् ।

१३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-०४०२, उत्प्रेषण / परमादेश, *शिवलाल रोकाया वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबार, काठमाडौंसमेत*

खासगरी सर्वसाधारण जनतालाई सेवा प्रवाह गर्ने मुख्य जिम्मेवारी राज्यको कार्यपालिकीय निकायको रहेकोमा विवाद गर्न मिल्दैन । स्वास्थ्य सेवाजस्तो संवेदनशील विषयमा धेरै जनताको सुविधा र हितलाई सरकारले ध्यान दिएको होला भन्ने अनुमान गर्नुपर्ने हुन्छ । विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लिखित जवाफबाट धौलागोह वडा नं. ७ का आठ जना व्यक्तिहरूले दिएको निवेदनका आधारमा अधिकांश जनताको स्वास्थ्य सुविधालाई ध्यानमा राखेर उक्त निर्णय गरिएको र भवन निर्माणसमेतको कार्य अन्तिम चरणमा पुगिसकेको भन्ने देखिन आएको छ । सरकारले पूरै जनतालाई स्वास्थ्य सेवाबाट पूरै वञ्चित गराउने

उद्देश्यले उक्त ठाउँबाट स्वास्थ्य चौकी हटाउनै लागेको भन्ने पनि नदेखिएको अवस्थामा सरकारको उक्त नीतिगत विषयमा प्रवेश गरी निर्णय गर्नु मनासिब नदेखिँदा निवेदकको मागबमोजिम रिट जारी गर्न मिलेन प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल माघ २१ गते रोज ५ शुभम्।

१४

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०००२, निषेधाज्ञा, *दिलिपराजा कायस्थ वि. काठमाडौं भक्तपुर सडक विस्तार योजना, थापाथली, काठमाडौंसमेत*

काठमाडौंको कोदारी राजमार्गको केन्द्र रेखाबाट दायाँ बायाँ दुवैतर्फ २५/२५ मिटर सडक सीमा तोकिएको भन्नेमा ववाद देखिँदैन। निवेदकले आफ्नो जग्गा सहायक राजमार्गको मापदण्डभित्र पर्ने भनी पुनरावेदन जिकिर लिएको भए तापनि कि.नं. ३८२ समेतका जग्गा सहायक राजमार्गको सीमाभित्र नपरी राजमार्ग क्षेत्रभित्र पर्ने भन्ने मिसिल संलग्न काठमाडौं भक्तपुर सडक विस्तार आयोजनाको मिति २०६९।१।२१ को पत्रबाट देखिन आएको छ। यसरी आफ्नो जग्गा राजमार्गको सीमाभित्र नपरी सहायक मार्गभित्र पर्ने भनी पुनरावेदकले लिएको जिकिर उक्त पत्र व्यहोराबाट खण्डित भएको देखिने।

निवेदकले आफ्नो हकभोग स्वामित्वभित्रको भनी दाबी गरेको कि.नं. १०१, १०२, १०९, ११०, र ३८२ समेतका जग्गा हाल अरनिको राजमार्गको सडक सीमाभित्र परी नियमानुसार कि.नं. ५३६ कायम भई सार्वजनिक बाटोको रूपमा दर्ता भएको देखिन आयो।

निवेदकले आफ्नो भनी दाबी गरेको जग्गाको निजको नाममा नभई सार्वजनिक सडकको नाममा दर्ता स्रेस्ता कायम भएको देखिँदा उक्त जग्गामा निवेदकको निर्विवाद हकभोग स्वामित्व रहेको देखिएन निवेदनमा उल्लिखित कि.नं. का जग्गामा कानूनबमोजिम निवेदकको हक स्थापित हुन नसकेको हुँदा उक्त जग्गामा सडक बनाउने कार्यबाट निवेदकको सम्पत्तिसम्बन्धी हक हनन हुन लागेको आशङ्काको अवस्था विद्यमान रहेको भन्न मिलेन। तसर्थ निवेदकले दाबी गरेको कित्ता जग्गामा निवेदकको निर्विवाद हक गरेको भन्ने नदेखिएको अवस्थामा निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने हुँदा निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।१।४ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल भदौ ८ गते रोज ३ शुभम्।

१५

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-WH-००१६, बन्दीप्रत्यक्षीकरण, *अमृतप्रसाद उप्रेतीसमेत वि. निता शर्मासमेत*

सिद्धान्ततः बन्दीप्रत्यक्षीकरणको रिट थुनामा रहेको बन्दीको कानूनी हैसियत मापन गर्न यो रिट प्रयोग हुने गर्दछ। यदि गैरकानूनीरूपमा कसैले कुनै व्यक्तिलाई बन्दी बनाएको अवस्थामा बन्दीको थुना कानूनी वा गैरकानूनी के छ भनी आवश्यकता अनुसार बन्दीसहित अदालतसमक्ष उपस्थित गराउन लगाई यदि गैरकानूनी ढंगले थुनामा राखिएको देखिए तत्काल थुनाबाट मुक्त गर्न जारी गर्ने आदेश हो। यसको मूलभूत उद्देश्य गैरकानूनी ढङ्गले कसैको पनि वैयक्तिक स्वतन्त्रता अपहरण नहोस् भन्नका लागि बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त हुन्छ। बन्दीको थुनाको वैधता परीक्षण गर्ने यो रिट

गैरकानूनीरूपमा थुनामा राख्ने व्यक्ति, निकाय, पदाधिकारीलगायत जो सुकैका विरूद्धमा जारी हुन्छ । बन्दी प्रत्यक्षीकरणको निवेदन जो सुकैले पनि दिन सक्ने ।

रिट निवेदकको व्यहोरा सरसर्ती हेर्दा स्वभाविक जस्तो लाग्दछ । यद्यपि रिट निवेदकहरूले आफ्ना पिता स्व.डिल्लिप्रसाद जीवित छँदाको अवस्थामा नैं भेटघाट गर्न नआउने लुकिछिपी हिँड्ने तथा यिनै पक्ष विपक्षका बीचमा काठमाडौं जिल्ला अदालतमा अंश मुद्दा दायर गरी आएको र पिताको शवमाथि समेत शङ्का गरी ज्यान मुद्दाको जाहेरी दिएको प्रसङ्ग लिखित जवाफमा उठाएको देखिन्छ । यसरी आफ्नो अंश मुद्दाको प्रसङ्गबाट सम्पत्तिको विवादबाट आफ्नो जन्मदिने पिता मातालाई जीवनको उत्तरार्धमा आफूले गर्ने कर्तव्य पूरा नगर्ने र उल्टै बन्दीप्रत्यक्षीकरणको रिट निवेदनको हवाला दिएको देखिन्छ । विपक्षीहरू आफ्नो आमाको स्याहार सम्भारमा लागिरहेको र बिरामी अवस्थामा समेत उपचारमा लागिरहेको भन्ने लिखित जवाफबाट देखिन्छ । यस अदालतको आदेशानुसार बन्दीको हालको अवस्था बुझ्न इजलास अधिकृत अर्जुनप्रसाद कोइरालाले पेस गरेको प्रतिवेदन हेर्दा डिभेन्सिया रोगबाट ग्रसित झापा जिल्ला सुरूङ्गा-५ स्थायी घर भएकी वर्ष ७१ की लक्ष्मीदेवी उप्रेतीलाई निजका छोरा रन्जन उप्रेती र बुहारी उर्वसी उप्रेतीले मिति २०७०।९।२५ देखि ललितपुर जिल्ला सैंवु गा.वि.स. वडा नं. ५ स्थित विश्राम मानसिक स्वास्थ्य केन्द्रमा उपचारार्थ राखिएकोमा हालसम्म सोही स्थानमा उपचारार्थ रहेको पाइयो भन्नेसमेत प्रतिवेदन प्राप्त भएको देखिन्छ । जसरी मातापिताले आफ्ना सन्तानका लागि माया ममता र स्नेह प्रदान गर्दछन् त्यो जीवनको उत्तरार्धमा सन्तानबाट समेत अपेक्षा गरेका हुन्छन् । आफ्नो कर्तव्यबाट विमुख हुने अनि बन्दीप्रत्यक्षीकरणको रिट निवेदनबाट उपचार खोज्दै जीवनको अन्तिम अवस्थामा आफ्नो जन्मदिने मातालाई कानूनको कठघरामा उभ्याउन खोजेको विषयलाई स्वाभाविक मान्न नसकिने ।

माथि विश्लेषण गरिएका आधार र कारणसमेतबाट बन्दी आमा लक्ष्मी उप्रेतीलाई अदालतमै झिकाई भेटघाटको अवसर प्रदान गर्न बन्दीप्रत्यक्षीकरणलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भन्ने निवेदकको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल माघ १८ गते रोज २ शुभम् ।

१६

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७०-CR-१३०१ र ०७०-CR-११९८, भ्रष्टाचार (रिसवत्), *नेपाल सरकार वि. सुधिर कुमार कर्णसमेत, रामबाबु चौधरी वि. नेपाल सरकार*

प्रतिवादी रामबाबु चौधरीले उजुरवाला दीपककुमार सिंहबाट प्रत्यक्ष आफूले रकम लिएको नदेखिए पनि उजुरवालाले विद्युत् लाइन जडानको लागि दिएको दर्खास्तमा लाइन जडान गर्न आलटाल गरी झुलाई राखी रू. १५,०००।- माग गरेको र जडान गरिसकेपछि पुनः सो लाइन जडान गर्न रू. ३०००।– दिनुपर्ने सर्त राखी विद्युत् जडान गर्नुपूर्व लिनुपर्ने रू.१५,०००।– आफू मातहतका कर्मचारी प्रतिवादी सुधिरकुमार कर्णलाई लिन पठाएको भन्ने तथ्य प्रतिवादी सुधिरकुमार कर्ण, प्रतिवादी वीरेन्द्रप्रसाद कुर्मीको बयान, उजुरवाला दीपककुमार सिंहको उजुरी निवेदन, अदालतसमक्ष उजुरकर्ताले गरेको बयान तथा बरामदी रकमसमेतबाट पुष्टि भइरहेको देखिन आएकोले

उल्लिखित आधार प्रमाणहरूको विवेचनाबाट यी प्रतिवादी रामबाबु चौधरीले उजुरवाला दीपककुमार सिंहबाट रू.१५,०००।– रिसवत् घुस लिन मन्जुर गरी सो रिसवत् घुस लिन प्रतिवादी सुधिरकुमार कर्णलाई पठाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुर गरेको ठहर्‍याई निज रामबाबु चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिम कैद महिना १(एक) र बिगो बमोजिम रू. १५,०००।– (पन्ध्र हजार) जरिवाना हुने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको फैसला निज प्रतिवादीको हकमा अन्यथा परिवर्तन गर्नुपर्ने नदेखिने।

प्रतिवादी सुधिरकुमार कर्णले घुस रिसवत्को रकम हो भन्ने जानी जानी लिएको भन्ने शङ्कारहित तवरबाट पुष्टि हुन नआएको र अभियोग लगाउने पक्षले लगाएको अभियोग शङ्कारहित तवरले पुष्टि गर्नुपर्दछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तबमोजिम वादी पक्षले आफ्नो अभियोग शङ्कारहित तवरले पुष्टि हुन नसकेको अवस्थामा शङ्काको सुविधा प्रतिवादीले पाउने नै देखिएकोले निज प्रतिवादी सुधिरकुमार कर्णलाई आरोपपत्र माग दाबीबाट सफाइ दिने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको फैसला मिलेकै देखिँदा अन्यथा परिवर्तन गर्नुपर्ने नदेखिने।

आफ्नो माथिल्लो तहको पदाधिकारीलाई आफ्नै कार्यालयको कर्मचारीले रकम दिनु भनी पठाएको अवस्थामा इन्कार गर्नैपर्ने अवस्था पनि देखिँदैन । त्यसैगरी उजुरवाला दिपककुमार सिंहले सुधिरकुमार कर्णलाई दिँदादिँदैको अवस्थामा यी प्रतिवादीसमेत फिल्डको काम सकी विद्युत् प्राधिकरण कार्यालय जाने क्रममा वारदातस्थलमा पुगेको र सोही समयमा सुधिरकुमारले उजुरवालाले दिएको रकम लिन पठाउने रामबाबुलाई दिनु भनी यी प्रतिवादी वीरेन्द्रप्रसादलाई दिएको र सो प्रयोजनको लागि निजले उक्त बरामदित रकम लिएकोसम्म देखिएकोले मनसायविहीन अपराधमा निजलाई दोषी करार गर्न नमिल्ने।

तसर्थ माथि विश्लेषण गरिएका आधार, कारण र प्रमाणहरूबाट प्रतिवादी रामबाबु चौधरीले आफू मातहतका कर्मचारी प्रतिवादी सुधिरकुमार कर्णलाई घुस रिसवत्बापतको रकम लिन पठाई भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुर गरेको ठहर्‍याएको तथा प्रतिवादी सुधिरकुमार कर्ण र प्रतिवादी विरेन्द्रप्रसाद कुर्मीले आरोपपत्रमा लिएको दाबीबाट सफाइ पाउने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०७०।८।१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल माघ १८ गते रोज २ शुभम्।

१७

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-१६४४, भ्रष्टाचार (घुस रिसवत्), *नागेन्द्रप्रसाद यादव वि. नेपाल सरकार*

प्रतिवादी नागेन्द्र प्रसाद यादवबाट बरामद भएको भनिएको रकम प्रतिवादीले उजुरवाला खड्गबहादुर शाहीलाई सापटी दिएको र सोही रकम निजबाट बरामद भएको हो भनी बयान गरेको देखिएपनि प्रतिवादी नागेन्द्रप्रसाद यादवको साथबाट रू. ५०,०००।– अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्रमाणित भएको नोटहरू बरामद भएको कुरामा विवाद देखिँदैन । प्रतिवादी नागेन्द्रप्रसाद यादवलाई उजुरकर्ता खड्गबहादुर शाहीले पहिलेदेखि नचिनेको, रारा राष्ट्रिय निकुञ्जमा जग्गा अधिग्रहणमा परेका व्यक्तिहरूको क्षतिपूर्ति निकासा गराउने क्रममा भूसंरक्षण मन्त्री लक्ष्मण महतोसँग क्षतिपूर्तिका फाइल

टुङ्गाई दिन भन्दा मन्त्रीले यी प्रतिवादी नागेन्द्रप्रसाद यादवलाई भेट्नु भनेपछि प्रतिवादीसँग भेटी चिनजान भएको भन्ने देखिन्छ । प्रमाणस्वरूप पेस भएको सिडीमा भएको संवादको व्यहोरालाई प्रतिवादीले अन्यथा भन्न सकेको देखिँदैन । यस अर्थमा पनि प्रतिवादीले उजुरकर्तालाई सापटी रकम दिएको र सोही रकम उजुरवालाले फिर्ता दिएको भन्ने प्रतिवादीको भनाइ विश्वसनीय देखिँदैन । यदि यी प्रतिवादी नागेन्द्रप्रसाद यादवले सापटी रूपैयाँ नै लिएको भए उजुरकर्ता खड्गबहादुरले अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष गई रूपैयाँ प्रमाणित गराई लिई प्रतिवादीलाई फसाउने नियतले दिनुपर्ने अवस्था नदेखिने।

उजुरवाला खड्गबहादुर शाहीले प्रतिवादीले मागेको घुस रकम दिन अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्रमाणित गराई रू. ५०,०००।– प्रतिवादीलाई दिएको र सोही व्यहोरालाई समर्थन हुने गरी अनुसन्धानका क्रममा कागज गरी अदालतमा बकपत्र गरिदिएको देखिन्छ । त्यसैगरी प्रतिवादीको साथबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्रमाणित गरिदिएको उक्त रू. ५०,०००।- रकम बरामद भएको तथ्यलाई प्रतिवादीले पनि स्वीकार गरेको र सो रकम सापटी फिर्ता लिएको भन्ने कुराको तथ्ययुक्त ठोस सबुद प्रमाण प्रतिवादीले गुजार्न सकेको नदेखिँदा यी प्रतिवादी नरेन्द्रप्रसाद यादवले घुस रिसवत् लिएको भन्ने कुरा पुष्टि हुने।

माथि विश्लेषण गरिएका आधार, कारण र प्रमाणहरूबाट प्रतिवादी नागेन्द्रप्रसाद यादवले उजुरवाला खड्गबहादुर शाहीबाट रू. ५०,०००।- घुस रिसवत् लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ को कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी नागेन्द्रप्रसाद यादवलाई सोही ऐनको दफा ३(१) को खण्ड (ख) बमोजिम ३ महिना कैद र बिगोबमोजिम रू. ५०,००० जरिवाना हुने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०७०/३/३१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल माघ १८ गते रोज २ शुभम्।

१८

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CR-०३७३, भ्रष्टाचार, *नेपाल सरकार वि. विनोदकुमार ठाकुरसमेत*

वस्तुतः वादी पक्षले लिएको अभियोग दाबीबमोजिम उपभोक्ता समितिसँग भएको सम्झौताबमोजिम कुनै कामको सुरूवात भएको देखिएको छैन । त्यसका अतिरिक्त उपभोक्ता समिति विगठन भई सम्झौताको अस्तित्व समाप्त भइसकेको देखिएको छ । उक्त उपभोक्ता समितिबाट जिल्ला विकास समितिको कुनै पनि बजेट वा अनुदान रकम खर्च भएको वा प्राप्त गरिएको भन्ने देखिँदैन । वादी पक्षबाट उपभोक्ता समिति गठन गर्दा प्रक्रिया नपुर्‍याएको भनिएकोमा उक्त प्रक्रिया पूरा नभएकै कारण आरोपित कसुर गरेको मान्न मिल्ने अवस्था छैन । यी प्रतिवादीहरूबाट अभियोग दाबीबमोजिम कसुर गरेको भन्ने मिसिल संलग्न कागजबाट पुष्टि भएको नदेखिएकोले आरोपित कसुरबाट प्रतिवादीहरूलाई सफाइ दिने ठहर्‍याएको विशेष अदालतको फैसला मनासिब देखिन आउने।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने ठहर्‍याएको विशेष अदालतको मिति २०७१।२।१२

को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल मङ्सिर १४ गते रोज २ शुभम् ।

१९

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WO-०१०८, उत्प्रेषण / परमादेश, *धिरेन्द्रकुमार शाहसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

अयोग्य व्यक्तिहरू नियुक्त भएको भनी निवेदकले दाबी लिए तापनि चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन वा सोअन्तर्गत बनेको नियमको के कुन कानूनी व्यवस्था प्रतिकूल विपक्षीबाट निर्णय भएको हो, निवेदनमा स्पष्ट उल्लेख गर्न सकेको देखिँदैन । वरिष्ठ चिकित्सक हुँदाहुँदै कनिष्ठलाई नियुक्ति गरिएको भनी निवेदकले जिकिर लिए तापनि वरिष्ठताको आधारमा मात्र नियुक्ति गर्नुपर्ने बाध्यता सम्बन्धित ऐनले तोकेको देखिँदैन । निर्देशकको योग्यता प्रोफेसर हुनुपर्ने भन्दै उपकुलपति, शिक्षाध्यक्ष, रजिस्ट्रार र डिनको योग्यता ऐनले निर्धारण नगरेको भन्ने स्वयम् निवेदकले स्वीकार गरेको छ । यसरी सम्बन्धित ऐन नियममा नियुक्त हुने पदाधिकारीको खास योग्यता नतोकिएको कुरा आफैँले स्वीकार गर्दै अयोग्य व्यक्तिको नियुक्ति भएको भनी दाबी लिएको देखिँदा निवेदकको माग दाबी विरोधाभाषपूर्ण देखिने ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को दफा १८(२) बमोजिम गठित समितिको सिफारिसमा कुलपतिले उपकुलपतिको नियुक्ति गर्ने एवम् उपकुलपतिको सिफारिसमा सहकुलपतिले शिक्षाध्यक्ष, रजिष्ट्रार तथा डिनको नियुक्ति गर्ने भन्ने ऐ. ऐनको दफा १९(१) मा व्यवस्था भएको पाइन्छ । ऐनको उक्त प्रावधानविपरीत नियुक्ति भएको भन्ने निवेदकले पुष्टि गर्न सकेको देखिँदैन । सेवासँग सम्बन्धित ऐन नियमले तोकेको प्रक्रिया पूरा गरी नियुक्ति भएको र सम्बन्धित ऐनले नियुक्त हुने पदाधिकारीको योग्यता निर्धारण नगरेकोमा निवेदकले त्ससम्बन्धी प्रश्न उठाउन सक्ने कानूनी आधार नदेखिने ।

नियममा भएको प्रस्ट व्यवस्थाविपरीत निर्देशकको योग्यता प्राध्यापक हुनुपर्ने भनी निवेदकले लिएको जिकिर कानूनसम्मत देखिएन । प्रतिष्ठानको उपकुलपतिलगायतका पदाधिकारीहरूको नियुक्तिको लागि योग्यता निर्धारण गर्नु भनी विपक्षीका नाउँमा निर्देशात्मक आदेशसमेत जारी गरिपाउँ भन्ने पनि निवेदकले माग गरेको देखिन्छ । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका पदाधिकारी शिक्षक तथा कर्मचारीको नियुक्ति सम्बन्धमा के कस्तो सर्त र योग्यता निर्धारण गर्ने भन्ने विषय सम्बन्धित कानून निर्माण गर्दा हेरिने विषय हुन् । विधायिकी अधिकारक्षेत्रभित्र पर्ने यसप्रकारका प्रश्नमा योग्यताका सर्तहरू थप गर्नु भनी अदालतले निर्देशन दिनुपर्ने कुनै कारण र औचित्यसमेत नदेखिने ।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल माघ ५ गते रोज ३ शुभम् ।

२०

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WO-०२०४, उत्प्रेषण / परमादेश, *धिरेन्द्रकुमार शाहसमेत वि. स्वास्थ्य तथा जनसख्या मन्त्रालय, रामशाह पथ, काठमाडौंसमेत*

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन २०६३ को दफा ४ अनुसार प्रतिष्ठान एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्थाको रूपमा रहेको देखिन्छ । यसैगरी ऐ. ऐनको दफा ७

बमोजिम प्रतिष्ठानको नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने, बजेट पारित गर्नेलगायतका काम कर्तव्य र अधिकारसहितको सर्वोच्च निकायको रूपमा सभाको गठन हुने व्यवस्था रहेको पाइन्छ । यसरी गठित सभालाई प्रतिष्ठान सञ्चालन एवम् व्यवस्थापन सम्बन्धमा आवश्यक निर्णय लिन सक्ने अधिकार कानूनले नै प्रदान गरेको देखिन्छ । नेपाल सरकारले विकास समिति ऐनबमोजिम गठन आदेश जारी गरी ट्रमा सेन्टरलाई छुट्टै सञ्चालन गरिरहेकोमा सरकार आफैँले सञ्चालन गर्न कठिनाई र समस्या देखी पुनः चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान मातहत नै सञ्चालन गर्ने उद्देश्यबाट निवेदकले प्रतिष्ठानको सभाले निर्णय गरेको भनेको मिति २०७१।५।१५ पश्चात् मन्त्रिपरिषद्को मिति २०७१।९।११ को निर्णयानुसार राष्ट्रिय ट्रमा सेन्टर विकास समिति (गठन) आदेश खारेज भई ट्रमा सेन्टरबाट सञ्चालित सम्पूर्ण क्रियाकलाप चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालबाट सञ्चालन गर्ने व्यवस्था भइसकेको देखिन्छ । यसरी मन्त्रिपरिषद्को पछिल्लो निर्णयबाट ट्रमा सेन्टर चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालअन्तर्गत नै आवद्ध भइसकेको देखिँदा ट्रमा सेन्टर र वीर अस्पताललाई एकै ठाउँमा राखिपाउँ भन्ने निवेदकको माग सम्बन्धमा थप विचार गरिरहन नपर्ने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७२ साल माघ ५ गते रोज ३ शुभम्।

२१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-००५६, उत्प्रेषण, *शोभा चन्द्र मिश्र वि. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल सेवा आयोग, काठमाडौं*

निवेदकले विज्ञापन समावेशी सिद्धान्तविपरीत भएको भनी दाबी लिएको सन्दर्भमा हेर्दा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान सेवा आयोगको मिति २०६८।७।१८ को बैठक नं.७७ ले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको भर्ना प्रणालीमा समावेशी सिद्धान्त अवलम्बन गर्ने निर्णय गरिसकेको भन्ने लिखित जवाफबाट देखिन आएको छ। निवेदकले प्रश्न उठाएको विज्ञापन खुला तथा समावेशी आधारमा पद पूर्ति गर्ने भनी विज्ञापनमा नै खुलाएको देखिन्छ । पदपूर्ति गर्न बाँकी पदहरूमा पनि कानूनबमोजिम विज्ञापन गर्नुपर्ने नै हुन्छ । यसबाट निवेदकले दाबी गरेझै समावेशी सिद्धान्तविपरीत विज्ञापन भएको भन्ने जिकिरसँग सहमत हुन नसकिने।

निजामती सेवा ऐन नेपाल सरकारको निजामती सेवामा कार्यरत कर्मचारीहरूको लागि मात्र लागू हुने कानून भएको हुँदा स्वायत्त निकायको रूपमा रहेको प्रतिष्ठानमा समेत सर्वसामान्यरूपमा निजामती सेवा ऐनको व्यवस्था लागू हुनुपर्छ भन्न मिल्दैन। प्रस्तुत विज्ञापन निजामती सेवा ऐनअन्तर्गतको नभएकोले सोको सान्दर्भिकता नै देखिँदैन। यसरी निजामती सेवा ऐन, २०४९ को दफा ७(७) अनुरूप विज्ञापन हुनुपर्ने भन्ने निवेदकको जिकिर कानूनसम्मत नदेखिने।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान सेवा आयोगबाट मिति २०७०।३।३१ मा भएको ट्युटरसम्बन्धी विज्ञापन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३, धारा २१, धारा ३३(घ) विपरीत भएको भन्ने देखिन नआएको हुँदा उक्त विज्ञापन बदर गरिपाउँ भन्ने निवेदकको दाबीसँग सहमत हुन नसकिँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल माघ ५ गते रोज ३ शुभम्।

२२

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-०३५०, जबरजस्ती करणी, *देउबहादुर उपरकोटी वि. नेपाल सरकार*

फौजदारी कसुरमा अदालतसमक्ष इन्कारी बयान दिएकै आधारमा कसुरदारले सजायबाट उन्मुक्ति पाउने हुँदैन । त्यस्तो इन्कारी बयानलाई पुष्टि गर्ने तथ्ययुक्त र ठोस प्रमाण पेस गर्ने दायित्व निज प्रतिवादीमा नै रहेको हुन्छ । स्वतन्त्र र भरपर्दो प्रमाणबाट पुष्टि नै हुन नसकेको अदालतसमक्षको इन्कारी बयानलाई नै आधार मानी कसुरबाट सफाइ दिन नमिल्ने ।

प्रतिवादीले अदालतसमक्ष गरेको इन्कारी बयानलाई पुष्टि गर्ने प्रमाण पेस गर्न सकेको देखिएन । निज प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयानलाई जाहेरवालाको जाहेरी दरखास्त, पीडितको घटना विवरण कागज तथा जाहेरवाला एवम् पीडितले अदालतसमक्ष गरेको बकपत्रबाट समर्थन गरिरहेको देखिन्छ । यस्तो अवस्थामा अदालतसमक्ष इन्कार रहेको भन्ने आधारमा अभियोगदाबीबाट सफाइ पाउनु पर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने ।

प्रस्तुत मुद्दामा पीडित बालिका १४ वर्षकी भन्ने देखिँदा उल्लिखित जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम प्रतिवादी देउबहादुर उपरकोटीलाई ८ (आठ) वर्ष कैद सजाय हुन मनासिब देखिन आयो । त्यस्तै पीडित पुनरावेदक प्रतिवादीकी आफ्नै छोरी भएको भन्नेमा विवाद देखिएन । मुलुकी ऐन, हाडनाता करणीको महलको १ नं. अनुसार आफूले जन्माएका छोरीलाई करणी गरेको अवस्थामा त्यस्तो कसुरदारलाई ऐ. महलको १ नं. बमोजिम थप १० (दश) वर्ष सजाय हुने नै देखियो । तसर्थ पुनरावेदन अदालत, इलामको फैसलालाई अन्यथा भन्न नपर्ने ।

अतः माथि विवेचित तथ्य, कानूनी व्यवस्था तथा आधार प्रमाणबाट प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम ८ (आठ) वर्ष कैद, ऐ हाडनाता करणीको महलको १ नं. बमोजिम थप १० (दश) वर्ष कैद गरी जबरजस्ती करणीको महलको १०(ग) नं. बमोजिम प्रतिवादीबाट पीडितले रू.५०,०००।– (पचास हजार रूपैयाँ) क्षतिपूर्ति भराई लिन पाउने ठहर गरी भएको सुरू झापा जिल्ला अदालतको फैसलालाई सदर ठहर गरी पुनरावेदन अदालत, इलामबाट मिति २०६७।२।२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल जेठ ४ गते रोज ३ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CR-०६९३, भ्रष्टाचार, *लालबहादुर रजवार वि. नेपाल सरकार*

प्रतिवादी लालबहादुर रजवारले विशेष अदालतमा निवेदनसाथ पेस गरेको दिनाङ्क १८।२।१० को प्राप्ताङ्कपत्र र हाइस्कुल परीक्षा उत्तीर्णको प्रमाणपत्रको प्रतिलिपिमा प्रतिवादीले तृतीय श्रेणीमा उत्तीर्ण भएको व्यहोरा उल्लेख भएको हुँदा विशेष अदालतको आदेशानुसार पुनः प्रमाणिकरणको लागि उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमीको टोली पठाउँदा उक्त मा.शि.प.उ.प.क्षे.का. वाराणसीको

पत्राङ्क ९१५३ दिनाङ्क ९।२।२०११ मा High School-१९८९-१५६१६- Yaswant Singh न कि Lal Bahadur Rajwar-Uma Shankar Singh- १२/८/७४-२५८/६ नकि २३१/६००- with Grace Third Div Pass नकि Third Div Pass उल्लेख भएको भनी उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमीको मिति २०६७।१२।१ को पत्रबाट देखिन्छ । यसरी पुनरावेदकले स्थायी नियुक्ति पाउन पेस गरेको शैक्षिक प्रमाणपत्र नै नक्कली रहेको पुष्टि हुन आएको पाइने।

पुनरावेदकले हद म्यादको प्रश्न उठाई निजको शैक्षिक योग्यताको प्रमाणपत्र माग गरी मिति २०५९।७।११ मा शिक्षा मन्त्रालयबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा शैक्षिक योग्यताको प्रमाणपत्रसमेत पठाइसकेकोले निजउपर मुद्दा दायर गर्नुपर्ने भएमा सोही समयमा मुद्दा दायर गरिसक्नु पर्ने।

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क मा हदम्यादसम्बन्धी कानूनी प्रावधान रहेको पाइन्छ । जसअनुसार "यस ऐनबमोजिम मुद्दा दायर गर्ने हदम्याद कायम गर्दा सरकारी वा सार्वजनिक सम्पत्ति वा सरकारको स्वामित्व भएको संस्थाको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेकोमा कुनै हदम्याद लाग्ने छैन । सोबाहेक अरू भ्रष्टाचारको कसुरमा विभागीय कारवाही समाप्त भएको मितिले ६ महिनाको र विभागीय कारवाही नभएकोमा अनुसन्धानको कारवाही सुरू भएको मितिले २ वर्षको हदम्याद हुनेछ ।" निजउपर विभागीय कारवाही भएको देखिएको छैन। साथै उल्लिखित अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्रबाट शिक्षा मन्त्रालयले पठाएको पत्रसहितको सूचीमा शिक्षकहरूको नामावली तथा प्रमाणपत्रहरू समेत नभएकोले निजउपर त्यसबेला छानबिन अनुसन्धान कार्य भएको मान्न मिलेन। निज विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सचिवालयमा मिति २०६५।८।३ मा दर्ता भएको उजुरीको आधारमा मिति २०६६।७।८ मा अनुसन्धान अधिकृत तोकी अनुसन्धान कार्य प्रारम्भ भएको देखिएकोले निजको हकमा मुद्दा दायर गर्ने हदम्याद सोही अनुसन्धान अधिकृत तोकिएको मितिदेखि सुरू हुने देखिँदा प्रस्तुत मुद्दाको आरोपपत्र हदम्यादविहीन भएको मान्न नमिल्ने।

पुनरावेदक प्रतिवादी लालबहादुर रजवार विरूद्ध प्रस्तुत मुद्दाको अनुसन्धान कार्य सुरू हुनुभन्दा पहिले कुनै कारवाही वा अनुसन्धानसमेत नभएको देखिएकोले कानूनले तोकेको हदम्यादभित्र नै आरोपपत्र दायर भएको देखिएको छ। निजले स्थायी शिक्षकको नियुक्ति पाउन पेस गरेको माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, क्षे.का. वाराणसीबाट सन् १९८९ मा हाईस्कूल परीक्षा उत्तीर्ण गरी प्राप्त गरेका शैक्षिक प्रमाणपत्रहरू नक्कली देखिएकोले निज प्रतिवादीलाई आरोपित कसुरमा सजाय गर्ने गरी भएको विशेष अदालतको फैसलालाई अन्यथा मान्न नमिल्ने।

तसर्थ, माथि विवेचित आधार, प्रमाण र प्रतिपादित सिद्धान्तको आधारमा प्रतिवादी लालबहादुर रजवारले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेकोले निजलाई सोही दफा १२ र दफा २९(२) बमोजिम रू. ५००/- जरिवाना हुने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०६९।३।७ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: रामु शर्मा

इति संवत् २०७२ साल चैत १ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-०७४४, सम्पत्ति शुद्धीकरण, *नेपाल*

*सरकार वि. ओमप्रकाश कुशवाहसमेत*

प्रतिवादीमध्ये जितेन्द्रकुमार भारतीय नागरिक भएको र १७ जना नेपाली नागरिक भएको मिसिल संलग्न कागजातबाट देखिएको छ। प्रतिवादी जितेन्द्रकुमारले बयानको क्रममा आफू खुद्रा सामानको व्यापारी भएको र कुन नेपाली व्यापारीलाई के कति सामान अडर माग गरी रकमसमेत अग्रिमरूपमा बैङ्कमार्फत मगाई आवश्यक सामान खरिद गरी ती व्यापारीहरूलाई बिक्री गर्ने गरेको र सोही क्रममा रकम बैङ्कमा दाखिला गर्ने तथा बैङ्कबाट निकाल्ने गरेको भनी बयान गरे तापनि निजसँग सामान आयात निर्यात गर्ने तथा व्यापार व्यवसाय गर्ने कुनै पनि वैधानिक आधार भएको पाइएन । अन्य व्यक्तिहरूका नामका ATM कार्डहरूसमेत बोकी ने.रू.४,००,१६,२३३।४५ को बैङ्क कारोबार गरेको देखिएको अन्य व्यक्तिका खाताहरू निज प्रतिवादी जितेन्द्रकुमारले आफैँले प्रयोग गरेको तथ्य उल्लिखित आधार प्रमाणबाट पुष्टि भएको र निजले कारोबार गरेको दाबीको रकम तथा निजबाट बरामद भएको रूपैयाँको कुनै आधिकारिक स्रोत पुष्टि गर्न सकेको अवस्था नदेखिएकाले यी प्रतिवादी जितेन्द्रकुमारले आरोपित कसुरजन्य कार्य गरेको कुरा पुष्टि हुन आउने।

प्रतिवादीहरूको बैङ्क खाताको ATM कार्डहरू आफूसँग रहनु पर्ने स्वाभाविक र सन्तोषजनक कारण प्रतिवादी जितेन्द्रकुमारले दिन सकेको पनि देखिँदैन । यी प्रतिवादीहरूको खातामा जम्मा भएको रकम भारतबाट ATM प्रयोग गरी निकाल्ने गरेको देखिएको र १७ जना प्रतिवादीहरूका नाउँमा खोलिएको बैङ्क खाताहरूका ATM कार्डहरू प्रतिवादी जितेन्द्रकुमारको साथबाट बरामद भएको देखिएकोले आफ्नो बचाउको लागि विभिन्न ATM कार्डबाट प्रतिवादीहरूको नाउँको बैङ्क खातामा रकम राख्ने र झिक्ने कार्य यीनै प्रतिवादीमध्येका भारतीय नागरिक जितेन्द्रकुमारले गरेको देखिएबाट वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अदालतको म्यादमा उपस्थित भएका प्रतिवादी राजपति देवी कलवार र बविताकुमारी बाहेकका अन्य प्रत्यर्थी म्यादमा अनुपस्थित रहे पनि निजहरूको नाममा खोलिएको बैङ्क खाताहरूमा रकम जम्मा गर्ने र झिक्ने कार्य निजहरूले नै गरेको भन्ने तथ्य अनुसन्धानबाट निर्विवादरूपमा पुष्टि भएको नदेखिएको साथै यी प्रतिवादीहरूको नाउँको ATM कार्डहरू समेत प्रतिवादी जितेन्द्रकुमारबाट बरामद भएको देखिएको र निज जितेन्द्रकुमार पुनरावेदनसमेत नगरी चित्त बुझाई बसेको अवस्थासमेतबाट यी प्रतिवादीहरूले आरोपित कसुर गरेको भन्ने नदेखिएकोले विशेष अदालत, काठमाडौंबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः माथि विवेचना गरिएका आधार प्रमाणबाट प्रतिवादी जितेन्द्रकुमारले बैङ्क कारोबार गरेको ने.रू.४,००,१६,२३३।४५, निजबाट बरामद भएको ने.रू.३,४३,७५०।- र निजका नाउँमा बैङ्क खाताहरूमा मौजदात रहेको जम्मा रू.१८,३३०।७२ समेत गरी जम्मा रू.४,०३,७८,३१४।१७ (चार करोड तीन लाख अठहत्तर हजार तीन सय चौध रूपैयाँ पैसा सत्र) को वैधानिक स्रोत पुष्टि गर्न नसकेकोले निजले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ ले निषेधित दफा ४(ढ) अन्तर्गतको कसुर गरेको देखिएकोले निजलाई सोही ऐनको दफा ३०(२) बमोजिम कैद वर्ष १(एक) र बिगो बमोजिम रू.४,०३,७८,३१४।१७ जरिवाना भई सोही ऐनको दफा ३४(१) बमोजिम निजको साथबाट बरामद रू.३,४३,७५०।- र निजको नामको बैङ्क

खातामा रहेको मौज्दात रकम रू.१८,३३०।७२ समेत जफत हुने र अन्य प्रतिवादीहरू ओमप्रकाश कुशवाह, सरोजदेवी कलवार, कान्तीदेवी कलवार, रूपा कुमारी शाह, अनिता कुमारी, गोविन्द शाह कानू, मनिष शाह, मनिषा शाह, राजपति देवी कलवार, बविता कुमारी, राजकिशोर प्रसाद कलवार, अरूणप्रसाद गुप्ता, मुकेश कुमार शाह, मेघा कुमारी कलवार, ममताकुमारी शाह, प्रभातकुमार चौरसिया र धनन्जय गुप्तासमेतका नाममा विभिन्न बैङ्कमा खाता खोलिएको देखिए तापनि ती खाताहरूमा निज प्रतिवादीहरूले नै रकम प्रत्यक्षरूपमा सञ्चालन तथा कारोबार गरेको मिसिल संलग्न प्रमाण कागजातबाट नदेखिएकोले निज प्रतिवादीहरू उपरको अभियोग माग दाबी पुग्न नसकी आरोपित कसुरबाट सफाइ पाउने र प्रतिवादी जितेन्द्रकुमार बाहेकका उल्लिखित प्रतिवादीहरूका नाउँमा खोलिएका बैङ्क खाताहरूको सञ्चालन निजै प्रतिवादी जितेन्द्रकुमारले गरेको देखिएको र ती खाताहरूमा भएको मौज्दात रकमको वैधानिक स्रोतसमेत खुल्न नआएकोले प्रस्तुत मुद्दामा बरामद भई आएका ATM कार्डसँग सम्बन्धित बैङ्क खातामा रहेका रकम ऐ. ऐनको दफा ३४(१) अनुसार जफत हुने ठहर्‍याई विशेष अदालत, काठमाडौंबाट मिति २०७०।३।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः अर्जुनप्रसाद कोइराला

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल मङ्सिर ७ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-०३९६, ०७९१, मिलापत्र बदर अबन्डा हक कायम, *फेकनी देवी यादवनी वि. झवर यादव र झवर यादव वि. मायानन्द यादवसमेत*

जग्गा खिचोला मुद्दामा भएको नक्सा मुचुल्कालाई यी वादी प्रतिवादीहरूले स्वीकार गरेको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा ३४ बमोजिम सो नक्सा मुचुल्का निजहरू मान्न विवन्धित भएकाले प्रस्तुत मुद्दामा सो नक्सा मुचुल्कालाई अन्यथा भन्न सक्ने अवस्था रहँदैन। उक्त नक्सा मुचुल्कामा साबिक मिन्ही नं. १३ हाल गाउँ ब्लक नं. २५१ को जग्गामध्ये नक्सा नं. ७ मा उल्लिखित ०-०-१६.२४ जग्गा प्रस्तुत मुद्दाका प्रतिवादीहरू मायानन्द यादव र दयाराम यादवले भोग गरेको र नक्सा नं. ८ मा उल्लिखित ०-०-१०.१३ जग्गा वादी झवर यादवले भोग गरेको वादी प्रतिवादीहरूले स्वीकार गरेको अवस्थामा अब आएर आफूले बढी जग्गा पाउनु पर्ने भनी निजहरूले दाबी गर्न नमिल्ने।

जग्गा कसैको नाममा नापी नभई गाउँ ब्लक जनिएकोले अन्यथा प्रमाणित नभएसम्म सोमा रहेको भोगलाई अन्यथा भन्न मिल्दैन। सो जग्गा यी वादी प्रतिवादीहरूको हकवालाको नाममा नापी भई दर्ता भएको नदेखिएकोले सप्तरी जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी नक्सा नं. ८ को क्षेत्रफल ०-०-१०.१३ मा वादीले छुट्याई लिन पाउने ठहर्‍याई भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न नमिल्ने।

अतः उल्लिखित आधार, कारण र प्रमाणहरूबाट सप्तरी जिल्ला अदालतबाट भएको फैसलालाई केही उल्टी गरी नक्सा नं. ८ को क्षेत्रफल ०-०-१०.१३ जग्गा मात्र वादीले छुट्याई लिन पाउने ठहरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६७।१२।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

शाखा अधिकृत: रामु शर्मा

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल चैत २८ गते रोज ३ शुभम्।

इजलास नं. २

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी,** ०७२-RC-०१९१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विनोद कामत*

प्रतिवादी विनोद कामतले आरोपित कासुरमा अनुसन्धानको सिलसिलामा साबित रही कागज गरेको देखिन्छ । निजले अदालतमा बयान गर्दा पनि आरोपित कसुरमा साबित नै रहेको देखिन्छ । पिर्काले तेजु कामतलाई प्रहार गरेको भनी साबित रहेका र रगत लागेको पिर्का बरामद भएको मुचुल्काबाट निजको साबिति बयान पुष्टि भएको नै देखिन आउने ।

तसर्थ प्रतिवादी विनोद कामतलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) को कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी भएको सुरूको फैसलालाई सदर हुने गरी भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०७२।३।२३ को फैसला मिलेकै देखिँदा अन्यथा देखिन नआउने ।

प्रतिवादीको उमेर पनि केबल १७ वर्ष भनिएको छ । उमेर केही तल माथि परेको कारणले पनि निजलाई नाबालक भनी कम गर्न सकिने अवस्था भएन । तथापि अ.बं. १८८ नं. को प्रयोग गरी कैद वर्ष कम गर्नु पर्दा के कति कम गर्ने भनी एउटा मापक आधार बनाउनु पर्ने हुन्छ । यीनै परिस्थिति, उमेर र हतियारको प्रकृतिसमेतलाई समुचित तवरबाट विचार गर्दा प्रतिवादी विनोद कामतलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा अ.बं.१८८ नं. बमोजिम ५ वर्ष मात्र सजाय हुन सुरू जिल्ला अदालत तथा पुनरावेदन अदालत, विराटनगरबाट व्यक्त रायसमेत मनासिब देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः शिवहरि पौड्याल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल मङ्सिर १४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CI-०१६१, परमादेश, *गौबहादुर आले मगर वि. रोशन पण्डीतसमेत*

कानूनद्वारा स्थापित संस्थाले सदैव कानूनले तोकेको अधिकार र सीमाभित्र रहेर आफ्नो दायित्व निर्वाह गर्नुपर्छ । यस्ता सार्वजनिक संस्थाबाट सम्पादित हुनुपर्ने काम गरिपाउँ भनी कसैले निवेदन गरेमा आधार र कारण खोली हुने नहुने सम्बन्धमा निर्णय दिनुपर्ने दायित्व र कर्तव्य सम्बन्धित सार्वजनिक संस्थाको हुन्छ । आफ्नो कानूनबमोजिमको दायित्व र कर्तव्यबाट कुनै पनि कानूनद्वारा संगठित संस्था पन्छिन पाउँदैन । आफ्नो कार्य क्षेत्रभित्र पर्ने विषयमा निर्णय नगरेमा वा निर्णय गर्न इन्कार गरेमा वा निर्णय गर्न ढिलाई गरेमा वा आलटाल गरी पन्छाउन खोजेको अवस्थामा मार्का पर्ने पक्ष अदालतमा न्याय माग्न आउँछ । यस्ता अवस्थामा अदालतले निवेदनको स्वरूप हेरी कानूनबमोजिम निर्णय गराउन सार्वजनिक संस्था वा अधिकारप्राप्त अधिकारीको नाममा आदेश गर्न सक्छ । सार्वजनिक सरोकार वहन गर्नुपर्ने निकायलाई कानूनबमोजिमको दायित्व र कर्तव्यको पालना गराउन स्पष्टरूपबाट अदालतले परमादेशको आदेश जारी गर्नु पर्ने हुन जाने ।

निवेदकहरूले आदिवासी / जनजातिको सूचीकृत वर्गका लागि सिफारिस माग गरी पुनरावेदक संस्थासमक्ष निवेदन गर्न गएको देखिन्छ । यसरी निवेदन गरेपछि कानून र प्रमाणबाट विपक्षी निवेदकहरू ऐनले संरक्षित आदिवासी जनजाति वर्गभित्र पर्ने नपर्ने के हो सोको निर्णय गरी निवेदकहरूलाई जानकारी

गराउनु पुनरावेदक संस्थाको कानूनी कर्तव्य र दायित्व हो । कानूनी कर्तव्य र दायित्व भएको पुनरावेदकले निवेदकहरूको निवेदनमा सुनुवाइ नगरी दिएको कारण नै निवेदकहरूले परमादेशको निवेदन लिई पुनरावेदन अदालत, प्रवेश गरेको अवस्था छ । पुनरावेदक संस्थालाई आफ्नो अधिकारक्षेत्रभित्रको विषयमा निर्णय गर्नु भनी परमादेशको आदेश जारी गरिपाउँ भनी अदालतमा निवेदन परेपछि प्रतिरक्षा गर्ने क्रममा मात्र पुनरावेदक संस्थाले निवेदकहरू सूचीकृत जातिभित्र नपर्ने भनी विभिन्न कानूनी आधार र कारण उल्लेख गरेको देखिन्छ । कानूनले अधिकार दिएको पुनरावेदक संस्थाले निर्णय नगरेको विषयमा लिखित जवाफ र पुनरावेदन जिकिरमा लिएका कानूनी आधार र कारणहरू ठीक बेठीक के रहेछन् भन्ने सम्बन्धमा प्रस्तुत परमादेशको निवेदनबाट बोल्न नमिल्ने ।

कुनै निकायले गर्न पाउने निर्णय विषयमा उसले निर्णय गर्नुपूर्व नै अदालतबाट यसो वा उसो भनी उसको निर्णय गर्न पाउने अख्तियारमा अतिक्रमण गर्नु हुँदैन । त्यस्ता अधिकारप्राप्त अधिकारी वा निकायले निर्णय गरिसकेपछिमा सो निर्णय ठीक वा बेठीक भन्न सकिने हुन्छ । निर्णय गर्न कानूनले अख्तियारी दिएको निकायले निर्णय नगर्दै अदालतबाट बोलिएमा कानूनले अधिकार प्रदान गरेको निकायको अधिकारको अतिक्रमण हुन्छ । तल्लो निकाय वा अधिकारीको निर्णय माथिल्लो न्यायिक निकायबाट जाँच गराउन पाउने नागरिकको अधिकार पनि हनन् हुन जान्छ । यसबाट निवेदकहरूको निवेदनअनुसारको सिफारिस निजहरूलाई दिन मिल्ने नमिल्ने के हो सो सम्बन्धमा निर्णय गर्नु पुनरावेदक संस्थाको पहिलो कानूनी अधिकार र कर्तव्य रहेको देखिन आउने ।

तसर्थ, उल्लिखित आधार र कारणबाट निवेदकहरू आदिवासी जनजाति समूहभित्र पर्छन्, पर्दैनन्, छानबिन गरी आवश्यक निर्णय गरी दिनु भनी पुनरावेदक आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका नाउँमा परमादेशको आदेश जारी हुने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।१२।८ मा भएको आदेश मिलेकै हुँदा सदर हुने ।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल भदौ १४ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-०३४१, अदालतको अवहेलना, *देवनन्दन राउत अहिर वि. रामकुमार साहसमेत*

अन्तरिम आदेश जारी भएपश्चात् भएको गरेको कामबाट अदालतको अपहेलना भयो वा भएन भनी विचार गरिने हुन्छ । अन्तरिम आदेश जारी हुनुपूर्वको कार्यलाई होइन । निवेदकको दाबीबमोजिम अदालतको आदेशको अवज्ञा गरेका छैनौं भनी इन्कारी लिखित जवाफ रहेको र निषेधाज्ञा मुद्दामा मिति २०६८।४।२ मा भएको अन्तरिम आदेशसमेत निष्क्रिय भई निषेधाज्ञा मुद्दा खारेज हुने गरी मिति २०६९।३।२७ मा फैसलासमेत भएको देखियो । निवेदकको जग्गासम्म आवतजावत गर्न बाटो प्रयोजनको लागि निकास रहेको निषेधाज्ञा मुद्दामा अदालतबाट भएको नक्साबाट देखिएको हुँदा अदालतको आदेश पालना भएन भन्ने पुनरावेदकको जिकिरसँग सहमत हुन सकिएन । अतः पुनरावेदन अदालत, हेटौंडाबाट अवहेलनातर्फ निवेदन दाबी पुग्न नसक्ने गरी भएको अन्तिम आदेश अन्यथा नभई मनासिब देखिन आउने ।

तसर्थ, माथि विवेचित आधार प्रमाणबाट ०६८-WO-०००२ को निषेधाज्ञा मुद्दामा पुनरावेदन अदालत, हेटौंडाबाट मिति ०६८।४।२ मा जारी

भएको अन्तरिम आदेशको विपक्षीहरूले उल्लङ्घन गरी अवहेलना भएको अवस्था विद्यमान नदेखिँदा अवहेलनातर्फ निवेदन दाबी पुग्न नसक्ने ठहर गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६९।३।२७ मा भएको अन्तिम आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः शिवहरि पौड्याल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल भदौ २६ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CI-१२४८, उत्प्रेषण / परमादेश / निषेधाज्ञा, *रविलाल न्यूरे वि. चितवन जिल्ला अदालतसमेत*

जिल्ला अदालतले आफूसमक्ष परेको मुद्दाको रोहमा मुलतबी राख्ने नराख्ने विषयमा आदेश गर्न सक्ने नै हुन्छ। कानूनविपरीत त्यस्तो आदेश भएमा अ.बं. १७ नं. अनुरूप पुनरावेदन अदालत, जान पाउने कानूनी प्रावधान रहेकै छ। तर पुनरावेदक रिट निवेदन लिई प्रवेश गरेका छन्। वैकल्पिक कानूनी उपचारको बाटो प्रयोग गरी कानूनबमोजिम न्यायिक र अर्धन्यायिक निकायमा कारवाही भइरहेको अवस्थामा रिट क्षेत्रबाट भइरहेको कानूनी उपचारलाई प्रभाव पार्ने गरी हस्तक्षेप गर्न मिल्ने देखिएन। यसैगरी रिट निवेदक रविलाल न्यूरे र विपक्षी षडानन्द न्यूरे दुई दाजुभाइ भएको सम्बन्धमा पदमपुर गा.वि.स. ले मिति २०५८।५।२४ मा गरेको नाता प्रमाणित कागज प्रमाणमा लिनु वा नलिनु भनी तल्लो अदालतको काम कारवाहीमा प्रत्यक्ष असर पर्ने गरी न्यायिक प्रक्रियामा रिट निवेदनको क्षेत्रबाट हस्तक्षेप गर्न मिल्ने देखिन नआउने।

अंश मुद्दामा फैसला हुँदाका अवस्थामा को को अंशियार हुने र क-कसका बीच कति भाग लगाई बन्डा गर्नु पर्ने भन्ने निर्णय भएपश्चात् तायदातीका सम्पत्ति बन्डा लाग्ने नलाग्ने वा लाग्ने भए कुन सम्पत्ति बन्डा लाग्ने हो आदि विषयको निराकण सबुत प्रमाणबाट विचार गरिने विषयवस्तु हो। तसर्थ तायदाती माग्ने आदेशबाट पुनरावेदकको सम्पत्तिसम्बन्धी हकमा गैरकानूनीरूपले अतिक्रमण हुने अवस्था रहेको देखिँदैन । तथापी चितवन जिल्ला अदालतको तायदाती माग गर्ने आदेशउपर रिट निवेदकले नै पुनरावेदन अदालतमा मुलुकी ऐन, अ.बं.१७ नं. बमोजिम निवेदन गरेको कुरा स्पष्ट उल्लेख गरेका छन् । यसरी वैकल्पिक कानूनी उपचारको बाटो पुनरावेदक स्वयम्बाट अवलम्बन भइरहेकोमा सोही मुद्दाको रोहबाट निराकरण हुने नै हुँदा तायदाती माग गरेतर्फ निषेधाज्ञाको आदेश जारी हुन सक्ने नदेखिने।

नागरिकता रद्द गर्न परमादेशको माग गर्नुपूर्व नागरिकता रद्द गर्न सक्षम निकायमा निवेदन माग लिई जानु पर्ने नै हुन्छ। निवेदकले जिल्ला प्रशासन कार्यालयमा नागरिकता रद्दतर्फ कुनै निवेदन नै नगरेको अवस्था जिल्ला प्रशासन कार्यालयलाई परमादेश हुने अवस्था नै देखिन आएन। पुनश्च: निवेदक नागरिकता रद्द गरिपाउँ भनी जिल्ला प्रशासन कार्यालय गएकै अवस्थामा पनि सबुत प्रमाण बुझी निर्णय गर्ने अधिकारी त जिल्ला प्रशासन कार्यालय नै हो । नागरिकताको विवादमा यो वा उ नागरिक हो भनी यसको वा उसको नागरिकता रद्द गर्नु भनी परमादेश जारी गर्न नमिल्ने।

अतः जिल्ला अदालतमा विचाराधीन मुद्दा तथा प्रहरी कार्यालयबाट अनुसन्धान भइरहेको विषयमा प्रतिकूलरूपले हस्तक्षेप हुने गरी आदेश जारी गर्न नमिल्ने हुँदा निवेदन माग दाबीअनुसार उत्प्रेषण, परमादेश तथा निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था नभएकोले रिट निवेदन खारेज हुने ठहर गरी

पुनरावेदन अदालत, हेटौंडाबाट भएको अन्तिम आदेश अन्यथा नभई मनासिब देखिन आउने।

इजलास अधिकृतः शिवहरि पौड्याल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल भदौ २६ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०९९९, उत्प्रेषण, *विश्वनाथ साह वि. गाउँ विकास समितिको कार्यालय, गरूडा बैरिया, रौतहटसमेत*

निवेदक विश्वनाथ साहलाई गाउँ विकास समितिको कार्यालय गरूडा, बैरियाको च.नं.५७७ को रकम दाखिला गरी सम्झौता गर्न आउने विषयको पत्र मिति २०७०।३।१९ मा निजको घरको ढोकामा रीतपूर्वक टाँस गरेको कार्यालय सहयोगीको प्रतिवेदन मिसिल संलग्न रहेको देखिन्छ। सो पत्रमा उल्लिखित म्याद ३ दिनभित्र आफूले सकार गरेको रकम एकमुष्ठरूपमा गा.वि.स. खातामा जम्मा गरेको भौचर निवेदकले पेस गर्न सकेको पाइँदैन । आफ्नो घर ठेगानामा साक्षीहरूको रोहबरमा रीतपूर्वक सूचना टाँस भएको देखिँदा निवेदकले रकम दाखिला गर्न जानकारी नपाएको भन्ने जिकिरसँग सहमत हुन नसकिने।

कानूनले तोकेको मार्ग अवलम्बन नगरी कानूनले तोकेको म्यादभित्र रकम दाखिला गर्न नसकेपछि पुनरावेदकले राखेको धरौटीको १० प्रतिशत जफत गर्ने गरी गा.वि.स. ले गरेको निर्णय कानूनसम्मत नै देखिँदा उक्त निर्णय बदर हुनुपर्ने भन्ने निजको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, निवेदक विश्वनाथ साहलाई निजको ठेक्का स्वीकृत गरी सकार रकम दाखिला गरी चलन पुर्जी लिन जानकारी गराएकोमा तोकिएको अवधिभित्र दाखिला गर्नुपर्ने रकम दाखिला गर्न र चलन पुर्जी लिन सकेको नदेखिएको तथा कानूनबमोजिम पुनरावलोकन समितिसमक्ष निवेदन नगरेको अवस्थामा निजले राखेको धरौटी रकमको १० प्रतिशत जफत गरी दोस्रो स्थानमा रहेका सुरेश राउत कुर्मीलाई ठेक्का दिने गरी गा.वि.स. को कार्यालयबाट मिति २०७०।३।२४ र २०७०।३।३१ को निर्णय कानूनविपरीत नदेखिँदा पुनरावेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने भनी पुनरावेदन अदालत, हेटौंडाले गरेको आदेशलाई अन्यथा भन्न नमिल्ने।

इजलास अधिकृतः शिवहरि पौड्याल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल भदौ २६ गते रोज १ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-१२०८, मोही नामसारी, *कमला महत वि. कान्छी महत*

फिल्ड बुकबाट मोही सानु कृष्णबहादुर भएको देखिएको छ। सानु कृष्णबहादुर महत र कृष्णबहादुर महत एकै व्यक्ति हुन् भनी फुटुङ्ग गा.वि.स. ले प्रमाणित गरेको र पेस भएको मृत्यु दर्ता र नाता प्रमाणितबाट कान्छी महतको पति कृष्णबहादुर महत देखिएको छ। कमला महतको ससुरा ठूलो कृष्णबहादुर महत भएको निजले नै पेस गरेको नाता प्रमाणितबाट देखिनुका साथै यीनै प्रतिवादी वादी भई चलेको यसै लगाउको अंशचलन मुद्दाको फिरादसमेतबाट कमला महतको ससुरा ठूलो कृष्णबहादुर महत देखिने र कान्छी महतको पति सानु कृष्णबहादुर महत भएको देखिनुका साथै सो तथ्यमा यी प्रतिवादीको अन्यथा कथन देखिँदैन। ज.ध. का छोरासमेतले आफ्नो व्यहोरामा जग्गाको मोही सानु

कृष्णबहादुर भएको स्वीकार नै गरेको देखिन्छ। तथापी जग्गा निज मोहीले नकमाई निजको भाइ हरिबहादुरले कमाई आएको भन्ने व्यहोरा जग्गाधनीले उल्लेख गरे पनि मोही सानो कृष्णबहादुरको मोही लगत कट्टा गरेको नदेखिँदा निज मोही हक निरन्तर नै कायम रहेको देखिन आयो । कानूनबमोजिमको मोहीले जग्गा नकमाई आयस्ता नदिएको भए मोहीबाट निष्काशन तर्फ दाबी लिई मोहीलाई कानूनी प्रक्रिया पूरा गरी नहटाएको अवस्थामा प्रतिवादीको पति हरिबहादुरले सो जग्गा कमाएको भन्ने व्यहोरा नै सन्देहपूर्ण देखिन आउने।

जग्गाको मोही हक निरूपण गर्दा साबिक नापीमा खडा भएको फिल्डबुकमा लेखिएका व्यहोराहरू महत्त्वपूर्ण प्रमाण हुन्छ । उस बखतको नापीमा खडा भएको फिल्डबुकमा लेखिने व्यहोराहरूमा सो जग्गाको मोहीको सम्बन्धमा कालान्तरमा विवाद उठ्ला भनी अनुमान गरी लेखिएका काल्पनिक कुराहरू नहुने हुँदा सो फिल्डबुकलाई सो जग्गाको मोहीको निर्धारक प्रमाणको रूपमा उच्च महत्त्व दिनुपर्ने हुन्छ । त्यस्तो अड्डामा रहने प्रमाणित महत्त्वको लिखत भएको अवस्थामा सो फिल्डबुकमा लेखिएको कुरा त्रुटिपूर्ण भएको भए तत्कालीन समयमा नै सुधार गर्नुपर्नेमा समयको लामो अन्तरालमा फिल्डबुकमा भूलवश सानु कृष्णबहादुर महत लेखिएको भन्नेसम्मको व्यहोरा प्रतिवादी कमला महतको देखिए तापनि त्रुटि प्रमाणित हुने वस्तुगत ठोस आधार प्रमाण भने वादीले पेस गर्न नसकेको अवस्था र जग्गाधनीको व्यहोरामा फिल्डबुकको मोही सानु कृष्णबहादुर महत त्रुटिवश लेखिएको भन्ने नभई फिल्डबुकको मोहीले जग्गा नकमाएको भन्नेसम्मको व्यहोराले पनि प्रतिवादी कमला महतको ससुरा ठूलो कृष्णबहादुर महत वा निज कमला महतको लोग्ने हरिबहादुर महत तत्कालीन मोही रहेको स्थापित हुन आउँदैन । साथै तत्कालीन कायम रहेको मोहीलाई प्रभावित पार्ने किसिमले २०६५ सालको विवादित जग्गाको वाली कमला महतबाट जग्गाधनीले बुझेको भरपाई लिएको आधारमा पनि निज प्रतिवादी कमला महत मोही कायम हुनेसमेत नदेखिने।

भूमिसम्बन्धी (चौथो संशोधन) ऐन २०५३ आएपश्चात भूमिमा रहेको मोही र जग्गाधनीको दोहोरो स्वामित्व अन्त्य गरी मोहीलाई समेत जग्गामा ५० प्रतिशत स्वामित्व हुने र त्यस्तो स्वामित्व जग्गाधनीबाट बाँडफाँड गरी लिन पाउने गरी भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ को कानूनी व्यवस्था गरेकोमा सो तत्पश्चात् मात्र तत्कालीन समयमा मोही स्थापित नभएको वा नदेखिएको अवस्थाका प्रतिवादी कमला महतको ससुरा वा लोग्नेको नाउँबाट मोही नामसारी गरिपाउँ भन्ने दाबी सो कानून र न्यायसम्मत नदेखिने।

तसर्थ, विवादित जग्गाको कानूनबमोजिमको मोही कमलाको पति ठूलो कृष्णबहादुर नदेखिई कान्छी महतको पति कृष्णबहादुर रहेको देखिन आएबाट कमला महतको मागदाबी नपुग्ने हुँदा कान्छी महतको माग दाबीबमोजिम ज.ध. लालमाया खत्रीको नाउँमा दर्ता रहेको का.जि. साङ्ला गा.वि.स. वडा नं. ५क कि.नं. १९५ को क्षेत्रफल २-२-२-० जग्गाको मोही हक भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम मृतक मोही सानो कृष्णबहादुर महतका नामबाट निजको पत्नी कान्छी महतका नाममा मोही नामसारी हुने ठहर गरेको सुरू भूमिसुधार कार्यालय, काठमाडौंको मिति २०६६।३।४ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।१२।७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल फागुन १२ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CI-०८४६, छुट जग्गा दर्ता, *महेश्वरकुमार राय यादव वि. ननु राय यादव*

पुनरावेदक वादीले मूलतः विवादित कित्ता १४८ को जग्गा साबिक रैती नं. ३२७ को हो । पोत तिरेको २ नं. रसिद छ । सो छुट जग्गा दर्ता गरिपाउँ भनी मिति २०६७।५।२४ मा निवेदन दाबी लिएको देखिन्छ भने प्रत्यर्थी प्रतिवादीले कि.नं. ४८ को जग्गा साबिक मौजे बसन्तपुरको कि.नं. ४८३, ६६, ३९, ४०,४१ को जग्गा हो । ७ नं. फाँटवारी, २ नं. रसिद र क्षेत्रीय पुस्तिकासमेतको आधारमा आफ्नो नाममा छुट जग्गा दर्ता गरिपाउँ भनी मिति २०६७।९।५ मा निवेदन दिएको देखिन्छ । यसरी दुई पक्षका बीच एकै कित्ता जग्गाको सम्बन्धमा स्वामित्वको प्रश्नमा नै विवाद रहेको र दुवैले छुट जग्गा दर्ता गरी पाउन निवेदन गरेको भई त्यस्तोमा सबुद प्रमाणको मूल्याङ्कन गरी जग्गाको स्वामित्वको टुङ्गो लगाउनु पर्ने ।

मुद्दाको पक्षहरूबीच स्वामित्वलाई लिएर तेरोमेरोको विवादको सिर्जना भएपछि त्यस्तो हकको निरूपण गर्न हक बेहकमा अदालत जानु भनी सुनाउनु बाहेक सोको निरूपण गर्ने अधिकारक्षेत्र मालपोत कार्यालयलाई प्रचलित कानूनले प्रदान गरेको देखिन नआउने ।

तसर्थ उपरोक्तबमोजिम स्वामित्वको विषयलाई लिएर मुद्दाका पक्षहरूबीच तेरोमेरोको विवाद रहेको विषयमा वादी दाबी पुग्न नसक्ने भनी वादी दाबी खारेज हुने ठहऱ्याएको सुरू मालपोत कार्यालय, सर्लाहीको मिति २०६८।१।१५ मा भएको निर्णय बदर हुने ठहर्याई हक कायम गरी ल्याउन सम्बन्धित अदालतमा जानु भनी रूजु रहेका दुवै पक्षलाई सुनाउने ठहर्याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।३।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल चैत २२ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-RC-००९३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हठन महतो*

मिसिल संलग्न प्रमाणहरूबाट अन्य सबै सहप्रतिवादीहरूले अनाहकमा यी प्रतिवादीउपर पोल गर्नुपर्ने कुनै कारण देखिँदैन । वादीका साक्षी विक्षमिया महतोसमेतले अदालतमा गरेको बकपत्रमा मृतक र प्रतिवादीहरूबीच वनको काठको विषयमा रिसइवी थियो भनी लेखाएको र प्रतिवादी भगन चौधरीले अदालतमा गरेको बयानमा वारदातको दिन अजित र हठनाको बीच के रिसइवी थियो थाहा भएन । वारदातको दिन भेट भएकोमा बाटोमा एकैचोटी कुटपिट गर्न थाले भनी घटनाक्रम खुलाएको पाइन्छ । बाटोमा भेट हुँदासाथ एक्कासी कुटपिट झगडा हुने अवस्थाले समेत मृतक र प्रतिवादी हठन महतोबीच पूर्ववत् सम्बन्ध सुमधुर देखिन आउँदैन । साथै वादीका साक्षी एवम् घटनाका प्रत्यक्षदर्शी अविनास चौधरीले गरेको बकपत्रमा हठनाले आराको डाठले हानेकोमा त्यो डाँठ दुई टुक्रा भयो भन्ने कथन रहेकोमा सो दुई टुक्रा काठ बरामद भइरहेको अवस्थासमेत देखिएकोले काठको फ्रेम दुई टुक्रा हुने गरी प्रहार गर्ने र मार्ने कार्यसमेत भएको देखिँदा यी प्रतिवादी हठन महतोको सो कार्य मनसायपूर्ण नै देखिन आउने ।

लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, प्रतिवादी हठना चौधरीसमेत उपर परेको किटानी जाहेरी एवम् जाहेरवालाको बकपत्र, घटना प्रत्यक्ष

देख्ने अनिल महतो र अविनाश चौधरीको कागज एवम् बकपत्र तथा सहप्रतिवादीहरूको बयानसमेतबाट प्रतिवादी हठना चौधरी भन्ने हठन महतोले मृतक अजित चौधरीलाई मार्ने नियतले आराको फ्रेमले टाउको जस्तो संवेदनशील अङ्गमा कुटपिट गरी कर्तव्य गरी मारेको देखिएको अवस्थामा प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको ठहर्‍याई निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्ने गरी सुरू चितवन जिल्ला अदालत तथा पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिन आउँदा सदर हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल फागुन ९ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०८६८, मानव बेचबिखन तथा ओसारपसार, *मन्जु तामाङ वि. नेपाल सरकार*

अभियोग पत्रमा यी प्रतिवादी मञ्जु तामाङउपर मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ विपरीतको कसुरमा सजाय हुन मागदाबी लिइएको देखियो । अधिकारक्षेत्रको अभावमा उक्त ऐनबमोजिम अनुसन्धानसमेत गरी आरोपित गरिएको कार्य बदरभागी भएको भन्ने प्रतिवादीको पुनरावेदन जिकिर रहेतर्फ हेर्दा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को प्रमाणिकरण तथा प्रकाशन मिति २०६४/४/८ रहेको देखिएको छ । प्रस्तुत मुद्दाको वारदात दाबीको ऐन अर्थात् मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ जारी हुनुपूर्व अर्थात् २०६१ सालको भएको (जाहेरवालीको भनाईसमेतबाट) देखिएको छ । वारदातको समयमा जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लागू रहेको अवस्था देखिएको छ। तथापी मानिस बेचबिखन गर्ने कार्य, बेचबिखन गर्ने उद्देश्यले कुनै मानिसलाई विदेशमा लैजाने, डर त्रासमा पारी वेश्यावृतिमा लगाउनेसमेतका कार्यलाई उक्त ऐनको दफा ४ ले जीउ मास्ने बेच्ने कार्य मानेको र सोही ऐनको दफा ८ ले दण्ड सजायसमेत तोकी तत्कालीन समयमा पनि यस किसिमका कसुरलाई फौजदारी कसुर मानिने र सजाय हुने व्यवस्था रहेकोमा विवाद नदेखिने।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३०(२) मा जीउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐनअन्तर्गतको भए गरेका काम कारवाहीहरू यसै ऐनबमोजिम भए गरेको मानिने छन् भन्ने देखिँदा उक्त कसुर पनि पछि जारी भएको ऐनअन्तर्गत मानी कारवाही र किनारा हुन सक्ने नै देखिन आउँछ । तत्कालीन समयमा प्रचलित उल्लिखित कानूनले पनि बेचबिखनसमेतका कार्यलाई फौजदारी कसुर मानेको अवस्था एकातर्फ देखिएको छ भने अर्कोतर्फ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले सो ऐन आउनु अगाडि लागू रहेको जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लाई पछि जारी भएको ऐनले खारेज गरे पनि भए गरेका काम कारवाहीलाई बचाउ नै गरेको पाइन्छ। अघिको ऐन लागू रहेको अवस्थामा भए गरेको वारदातको बारेमा सो समयमा कसुर नमानिने कार्यमा पश्चात्दर्शी असर पर्ने गरी पछि जारी भएको ऐनको आधारमा कसुर कायम गरेको भन्ने पनि प्रतिवादीको जिकिर देखिँदैन। अर्थात् पश्चात्दर्शी असर भएको कुनै कारण देखाई प्रतिवादीको जिकिरसमेत नदेखिएको र त्यसरी कसुर कायम भएको पुनरावेदन अदालतको फैसलाबाट नदेखिँदा पछिल्लो ऐनबमोजिम अनुसन्धान कार्य भएको भन्ने आधारमा मात्र प्रतिवादीले कसुरबाट

उन्मुक्ति पाउने देखिन नआउने ।

मिसिल संलग्न पीडित जाहेरवालीको कागज र निज जाहेरवालीले यी प्रतिवादीलाई चिनी सनाखत दिएको कागजसमेतका प्रमाण कागजातबाट यी जाहेरवाली पीडितलाई प्रतिवादी मन्जु तामाङले बिक्री गर्न ललाई फकाई गरी भारत लगी बिक्री गरेको र त्यहाँबाट केही वर्षपछि पीडित भागी नेपाल आएको देखिन आएकोले निज प्रतिवादी कान्छी मैया भन्ने सिर्ने ठकुरी भन्ने मन्जु तामाङले जाहेरवालीलाई भारतको वेश्यालयमा लगी बिक्री गरी जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(क) बर्खिलाप कसुर देखिई सोही ऐनको दफा ८(१) बमोजिम १० वर्ष कैद हुने देखिन आएकोले सोहीबमोजिम कसुर ठहर गरी सजाय गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६५।१०।७ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।१०।५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल पुस २९ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०८४६, जबरजस्ती करणी, *रामदास खत्वे मण्डल वि. नेपाल सरकार*

वयस्क मानिसको उत्तेजित लिङ्ग नाबालिका बच्चीको योनिमा पटकपटक प्रवेश गराउन कोशिस गरी घोची घाउ चोटसमेत पुर्‍याएको अवस्था देखिएकोमा सानो बच्चाको अविकसित योनिमा वयस्क पुरूषको उत्तेजित लिङ्ग पूरा प्रवेश हुन नसकेको कारणले मात्रै उद्योग ठहर गर्न मिल्ने नदेखिने ।

वयस्क मानिसको उत्तेजित लिङ्ग नाबालिका बच्चीको योनिमा पटकपटक प्रवेश गराउन कोशिस गरी घोची घाउचोटसमेत पुर्‍याएको अवस्था देखिएकोमा सानो बच्चाको अविकसित योनिमा वयस्क पुरूषको उत्तेजित लिङ्ग पूरा प्रवेश हुन नसकेको कारणले मात्रै जबरजस्ती करणीको उद्योग ठहर गर्न मिल्ने देखिन आएन । प्रहरीमा बयान गर्दा यी प्रतिवादी कसुर गरेको साबित भई बयान गरेको र पीडितले अदालतसमक्ष आई बकपत्र गर्दा यी प्रतिवादीले करणी गरेको भन्ने व्यहोरा उल्लेख गरी बकपत्र गरेकोसमेतका मिसिल संलग्न प्रमाणहरूबाट अभियोग दाबीको कसुर पुष्टि हुन आएकोले Hymen नच्यातिएको वा शुक्रकिट नदेखिएको वा लिङ्गको पूर्ण प्रवेश नभएको भन्नेसमेतका प्रतिवादीको पुनरावेदन जिकिरका आधारमा मात्र प्रस्तुत घटनालाई उद्योग ठहर गर्न नमिल्ने भई जबरजस्ती करणीकै अपराध भएको देखिन आउने ।

तसर्थ पुनरावेदक / प्रतिवादी रामदास खत्वे मण्डललाई अभियोग दाबीबमोजिम जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १० (दश) वर्ष कैद गरी जबरजस्ती करणीको १० नं. बमोजिम पीडितले प्रतिवादी रामदास खत्वे मण्डलबाट क्षतिपूर्ति रू.१०,०००।- (दश हजार) भराई लिन पाउने ठहर्‍याएको सुरू धनुषा जिल्ला अदालतको मिति २०६७।३।२३ को फैसला सदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।३।१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल पुस २९ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-०८०४, लागु औषध (खैरो हेरोइन), *सुनिल तण्डुकार वि. नेपाल सरकार*

३० ग्राम लागु औषध यी प्रतिवादीबाट बरामद भएकोमा सो परिमाणको लागु औषध एकैपटक खरिद गरी झिकाउने तथा लागु औषध सेवनकर्तालाई बेच्ने गरेकोमा वारदातका दिनसमेत लिई हिँडेको अवस्थामा पक्राउ परेबाट निज प्रतिवादीहरूको व्यवहारबाट नै लागु औषध खरिद गर्ने, बिक्री गर्ने, राख्ने वा ओसारपसार गर्ने गरेको देखिएको छ । सेवनसम्म गर्ने गरेको र बिक्री वितरणको कारोबार नगरेको भन्ने प्रतिवादीहरूको अदालतको बयान रहे पनि वस्तुनिष्ठ प्रमाणको अभावमा सेवनका लागि मात्र त्यति ठूलो परिमाणको लागु औषध लिई हिँडेको भन्ने निज प्रतिवादीहरूको कथन पुष्टि नभएकोले बेचबिखनका लागि लागु औषध खरिद गरेको, राख्ने वा ओसारपसार गरेको र बेच्नका लागि लिई हिँडेको देखिई अभियोग दाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ)(ङ) र (च) को निषेधित कार्यहरू गरेको देखिँदा सोही ऐनको दफा १४(१)(छ)(२) बमोजिम निज प्रतिवादी सुनिल तण्डुकारलाई १० (दश) वर्ष कैद र रू.७५०००।- (पचहत्तर हजार) जरिवानासमेत हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालत तथा पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेकै देखिन आउने ।

तसर्थ पुनरावेदक / प्रतिवादी सुनिल तण्डुकारलाई आरोपित कसुरमा १०(दश) वर्ष कैद र रू. ७५,०००।- जरिवाना गर्ने गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६९।३।११ को फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।३।४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक / प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल फागुन १३ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CI-०४२५, अंश, *त्रिभुवन बरईसमेत वि. तिरथप्रसाद बरई*

परीक्षण प्रतिवेदनमा तिरथप्रसाद बरईको मोहन बरई जैविक बुवा हुने सम्भावना ९९.९९९ प्रतिशत रहेको देखिएकोमा उक्त प्रयोगशाला परीक्षण गरी प्रतिवेदन तयार गर्ने वरिष्ठ वैज्ञानिक अधिकृत दिनेशकुमार झाले यस अदालतमा उक्त परीक्षण व्यहोरा ठीक हो भनी बकपत्र गरी सो तथ्यलाई पुष्टि गरेको देखिन्छ । DNA लाई अर्को वैज्ञानिक आधारबाट खण्डन नहुँदासम्म प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ । त्यसै गरी अदालतमा साक्षीसरह उपस्थित भई विशेषज्ञले गरेको बकपत्र प्रमाण ऐन, २०३१ को दफा २३(७) बमोजिम पनि प्रमाणमा लिन मिल्छ । सुरू र पुनरावेदन अदालत, बुटवलले यशोधरा माध्यमिक विद्यालयले जो जससँग सम्बन्धित छ भनी लेखेको पत्र, मतदाता नामावली र गा.वि.स.बाट वादीले पाएको परिचयपत्रलाई प्रमाणिकता प्रदान गरेको प्रस्ट भएको देखिँदा प्रतिवादी मोहन बरईको छोरा वादीले मोहन बरईसमेतको सगोलको सम्पत्तिबाट अंश नपाउने अवस्था देखिएन । यसरी वादी दाबी पुष्टि भएबाट निज वादीले मुलुकी ऐन, अंशबन्डाको महलको १ नं. समेतका कानूनी व्यवस्थाको आधारमा प्रतिवादी / पुनरावेदकहरूले तायदाती फाँटवारीमा देखाएको चल अचल सम्पत्तिबाट ७ भागको १ भाग अंश पाउने अवस्थाको विद्यमानता देखिने ।

अतः वादी प्रतिवादी मोहन बरईको छोरा हुन्

भन्ने कुरा यशोधरा माध्यामिक विद्यालय तौलिहवाले जो जससँग सम्बन्धित छ भनी लेखेको पत्र, गोटिहवा गा.वि.स. ले वादीलाई दिएको परिचयपत्र र २०६२ साल चैत मसान्तसम्मको गोटिहवा गा.वि.स. मा कायम रहेको मतदाता नामावलीबाट देखिएकोमा उक्त कुरा DNA प्रयोगशाला परीक्षण प्रतिवेदनबाट पनि स्पष्टरूपमा पुष्टि हुन आएबाट वादीले प्रतिवादीहरूले तायदाती फाँटवारीमा देखाएको सगोलको सम्पत्तिबाट ७ भागको १ भाग अंशबन्डा गरी लिन पाउने नै देखिँदा पुनरावेदन अदालत, बुटवलले मिति २०६६।९।१ मा वादी दाबी पुग्ने गरी गरेको फैसला मनासिब भई सदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल फागुण ५ गते रोज ४ शुभम्।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CI-०५०९, रैकर परिणत दर्ता नामसारी, *ऋद्धीराणासमेत वि. रामकृष्ण थापा*

मालपोत कार्यालयले सो निवेदनसहितको मिसिल फेला नपरेको भन्ने आधार र कारणबाट पहिलो पटक निर्णय गरेकोमा पुनरावेदकहरूले पुनरावेदन अदालत र यस अदालतमासमेत पद्म नरसिंह राणाले मिति २०२८।८।१२ मा दिएको निवेदन जगाई कारवाही नभएको भन्ने आधारमा पुनरावेदन गरेको देखिन्छ । त्यस पुनरावेदनमा पनि यस अदालतबाट मिति २०६१।८।२८ मा सोही निवेदनको सम्बन्धमा मालपोत कार्यालय र पुनरावेदन अदालतले निर्णय नगरेको भन्ने आधारमा पुनः निर्णयार्थ सुरू निकायमा पठाउने फैसला गरेको देखिन्छ। सुरू निकाय मालपोत कार्यालयले दोस्रो पटक गरेको निर्णयमा पनि उक्त निवेदनमा निर्णय भएको देखिँदैन । अहिले प्रस्तुत पुनरावेदनको रोहमा पनि सोही मिति २०२८।८।१२ को निवेदनमा निर्णय नभएको भन्ने नै केन्द्रविन्दुमा रहेको देखिन्छ। यस अदालतबाट भएको निस्साको आदेशमा पुनरावेदकहरूले मिति २०२८।८।१२ को निवेदनको प्रतिलिपि पेस गरेको भन्ने देखिएकोमा मिसिल संलग्न निवेदनको प्रतिलिपि हेर्दा २०६८ साउनमा भूमिसुधार कार्यालयबाट मिति २०२८।८।१२ को निवेदनको प्रतिलिपि लिएको भन्ने देखिँदा प्रस्तुत मुद्दामा सो निवेदनको सम्बन्धमा बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ७ र १२ (क) र (ख) को रोहमा समेत हेरिनु पर्ने।

यसरी उक्त निवेदनसमेतलाई मध्यनजर राखी निर्णय गर्नुपर्ने देखिएको र सोही निवेदनकै विवाद समावेश भएका तारा श्रेष्ठ (०६८-CI-१४९१), (०६८-CI-१४८७) रामकाजी थापासमेत (०६८-CI-१४८६), साहिली थापा (०६८-CI-१४९२), सुमित्रा कार्की (०६८-CI-१५१२), साबित्री बस्नेत (०६८-CI-१५११), सानुबाबु कोइराला (०६८-CI-१५१३), चित्रकुमारी खनाल (श्रेष्ठ) (०६९-CI-०००५), रामबहादुर श्रेष्ठसमेत (०६९-CI-००१४), चन्द्रकुमारी विष्ट (०६८-CI-१४९४), नारायणबहादुर श्रेष्ठ (०६९-CI-००१५), इन्द्रबहादुर तामाङ (०६८-CI-१४८९), विष्णुबहादुर श्रेष्ठ (०६८-CI-१४९३), गोमा श्रेष्ठसमेत (०६८-CI-१४९०), धनकुमारी थापासमेत (०६८-CI-१४९५), बच्चु श्रेष्ठ (०६८-CI-१४८८) र मथुरा श्रेष्ठ (०६९-CI-०००४) समेत पुनरावेदक र यिनै पुनरावेदकहरू विपक्षी भएको मुद्दामा पुनरावेदन अदालत, पाटनले मिति २०६९।१।२८ मा हक कायम गरी ल्याउन जिल्ला अदालत जानु भनी मालपोत कार्यालयको निर्णय बदर गरी मुद्दाका दुवै पक्षलाई तेरो मेरोमा सुनाइदिने प्रयोजनसमेतको लागि मालपोत कार्यालय, कलंकी पठाउने गरी फैसला भई सो फैसला विरूद्ध केही प्रत्यर्थी वादीहरू

जिल्ला अदालतमा गई जिल्ला अदालतबाट भएको फैसलाउपर परेको पुनरावेदन पुनरावेदन अदालत, पाटनमा दर्ता भई विचाराधीन रहेको देखिएकोले ती विचाराधीन मुद्दा र यो मुद्दासमेत सबै मुद्दा एकैसाथ राखी फैसला हुन उपयुक्त हुँदा पुनरावेदन अदालत, पाटनको मिति २०६८।३।२७ को फैसला बदर गरी दिएको छ । अब प्रस्तुत मुद्दामा बिर्ता उन्मूलन ऐन, २०१६, ऐ. नियमावली, २०१७ का विभिन्न कानूनी व्यवस्था र विपक्षीहरूका बुबा तथा ससुरा पद्म नरसिंह राणाले मिति २०२८।८।१२ मा रैकर परिणत गर्न दिएको निवेदनसमेतको मध्यनजर राखी सबै मुद्दा एउटै इजलासमा राखी कानूनबमोजिम फैसला गर्नु भनी तारेखमा रहेका दुवै पक्षलाई पुनरावेदन अदालत, पाटनको तारेख तोकी मिसिलसमेत पुनरावेदन अदालत, पाटनमा पठाउने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७२ साल फागुन ५ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CI-१४९३, रैकर परिणत दर्ता नामसारी, *विष्णुबहादुर श्रेष्ठ वि. ऋद्धीराणासमेत*

पुनरावेदन अदालत, पाटनले जिल्ला अदालतबाट हक कायम गराई ल्याउन जिल्ला अदालतमा जानको लागि सुनाउने गरी मिति २०६९।१।२८ मा गरेको फैसलाबमोजिम केही पक्षहरू हक कायमको लागि अदालतमा गई अदालतबाट भएको फैसलाउपर पुनरावेदन परी सो पुनरावेदन पुनरावेदन अदालत, पाटनमा मुलतबी रही विचाराधीन रहेको भन्ने देखिएको र प्रस्तुत मुद्दाका यी पुनरावेदक सो फैसलाउपर प्रस्तुत पुनरावेदनसहित यस अदालतमा आएको कुरासमेतलाई दृष्टिगत गर्दा यो विवाद पनि पुनरावेदन अदालत, पाटनमा विचाराधीन मुद्दासँगै राखी निरूपण हुन उपयुक्त देखिँदा पुनरावेदन अदालत, पाटनको मिति २०६९।१।२८ को फैसला सो हदसम्म बदर गरिदिएको छ । अब प्रस्तुत मुद्दाको तारेखमा रहेका दुवै पक्षलाई पुनरावेदन अदालत, पाटनको तारेख तोकी पुनरावेदन अदालत, पाटनमा मुलतबी रहेका मुद्दा मुलतबीबाट जगाई ऋद्धि राणा, सानुमैया राणा, पुनम राणा र साबित्री राणा पुनरावेदक भएका ०६९-CI-०५०९, ०५१०, ०५११, ०५१२, ०५१३, ०५१४, ०५१५, ०५१६, ०५१७ र ०५१८ मुद्दामा उल्लेख भएबमोजिम गर्ने गरी पुन: निर्णयार्थ मिसिलसमेत पुनरावेदन अदालत, पाटनमा पठाउने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७२ साल फागुन ५ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-WO-०८८३, उत्प्रेषण / परमादेश, *मधुसुदन पुरी वि. पुनरावेदन अदालत, पाटनसमेत*

प्रस्तुत रिट निवेदनका सम्बन्धमा विचार गर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (२) ले संविधान प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हक प्रचलनका लागि यस अदालतबाट उत्प्रेषणको आदेश जारी गर्न मिल्ने देखिन्छ । यो व्यवस्था हाल जारी भएको संविधानमा पनि समान रूपमा उल्लेख भएको देखिन्छ । उक्त संवैधानिक व्यवस्था असाधारण अधिकारक्षेत्रमा आकर्षित हुने व्यवस्था हो । जहाँ साधारण अधिकारक्षेत्रबाट उपचार प्राप्त गर्न सकिने अवस्थाको विद्यमानता रहन्छ । त्यस्तो अवस्थामा

असाधारण अधिकारक्षेत्र आकर्षित नहुने ।

निवेदकले एक पटक साधारण अधिकार क्षेत्रअन्तर्गत आफूले सरकारी बिगोबापत बुझाउनु पर्ने रकम काठमाडौं जिल्ला अदालतमा मिति २०७०।५।२७ गते बुझाइसकेपछि बढी लिएको भनी दाबी लिएको रकमसमेत फिर्ता पाउन साधारण अधिकार क्षेत्रअन्तर्गत सोही काठमाडौं जिल्ला अदालतमा जानु पर्नेमा असाधारण अधिकारक्षेत्रबाट रिट निवेदनमार्फत यस अदालतमा प्रवेश गरेको मिलेन । किनभने साधारण अधिकारक्षेत्रबाट उपचार प्राप्त गर्ने अवस्था रहेसम्म असाधारण अधिकारक्षेत्र आकर्षित हुँदैन । यो रिट क्षेत्राधिकारसम्बन्धी अवधारणाको आधारभूत सिद्धान्त र संविधानको मुख्य मर्म हो । सर्वोच्च अदालतलाई साधारण र असाधारण दुवै अधिकारक्षेत्र भएकाले क्षेत्राधिकारको पहिचान गरी न्याय निरूपण गर्न कुनै बाधा अवरोध छैन । क्षेत्राधिकारको अभावमा न्याय निरूपण गर्दा न्याय पर्दैन । त्यो हाम्रो संवैधानिक र कानून प्रणालीको ऐतिहासिक उपज हो । विवादित विषयमा साधारण अधिकारक्षेत्रमार्फत उपचार प्राप्त गर्ने मार्ग अन्तिम भई बसेको र विवादित निर्णयमा कानूनको घोर त्रुटि रहेको भन्ने कुरा स्पष्ट देखिएमा मात्र रिट क्षेत्राधिकार आकर्षित हुने कुरालाई संवैधानिक विधिशास्त्रमा अपवादको रूपमा लिइने ।

साधारण अधिकार क्षेत्रमार्फत उपचार प्राप्त गर्ने मार्ग अन्तिम भएको र कानूनको घोर त्रुटि रहेको भन्ने कुरा देखाउने दायित्व निवेदककै हो । निवेदकले समग्रतामा यस निवेदनमा जिल्ला अदालत, नियमावली, २०५२ को नियम ८७ को उपनियम (२) को सुविधा नपाएको कुरालाई केन्द्रविन्दुमा राखी रिट निवेदन दिएपनि आफूले मिति २०७०।५।२७ मा रू.२,४९,०७७।६५ बढी तिरेको रकम आफूले फिर्ता पाउनु पर्ने कारणसहित असाधारण अधिकारक्षेत्र प्रयोग गर्नुको औचित्य पुष्टि गर्न सकेको नदेखिने ।

साधारण क्षेत्राधिकारअन्तर्गत वैकल्पिक कानूनी उपचारको व्यवस्था हुँदाहुँदै पनि एउटा विशिष्ट अवस्थामा मात्र असाधारण क्षेत्राधिकार गुहार्न सकिने विशेष व्यवस्था अन्तरिम संविधानको धारा १०७ को उपधारा (२) मा गरिएको पाइन्छ । त्यो अवस्था उपलब्ध वैकल्पिक कानूनी उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अवस्था हो । अर्थात् संविधानको यस प्रावधानअन्तर्गत असाधारण क्षेत्राधिकारभित्र प्रवेश गरी उपचार पाउनका लागि सामान्य क्षेत्राधिकारअन्तर्गत उपलब्ध रहेको उपचार अपर्याप्त वा प्रभावहीन रहेको छ भन्ने कुरामा अदालत, सन्तुष्ट हुने गरी निवेदकले पुष्टि गर्न सक्नुपर्ने ।

प्रस्तुत विवादमा निवेदक आफूले काठमाडौं जिल्ला अदालतमा कानूनबमोजिमभन्दा बढी रू. २,४९,०७७।६५ रकम तिरेको हुँदा सो रकम फिर्ता पाउनसमेत सोही अदालतमा दरखास्त दिएको भन्ने कुरा निवेदनबाट देखिँदैन । साधारण अधिकार क्षेत्रअन्तर्गत बढी तिरेको रकम फिर्ता पाउन काठमाडौं जिल्ला अदालतमा दरखास्त नगरी असाधारण अधिकारक्षेत्रबाट यस अदालतमा प्रवेश गर्न मिल्दैन । तसर्थ अधिकारक्षेत्रको अभावमा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः रमेश आचार्य

इति संवत् २०७२ साल चैत ४ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CI-०९५२ र ०६९-CI-१०६२, मोही नामसारी, *नरोत्तमलाल श्रेष्ठ वि. धिरेन्द्र श्रेष्ठ, विष्णुबहादुर श्रेष्ठ वि. धिरेन्द्र श्रेष्ठ*

वादीलाई धर्म आमा लुरूमाया श्रेष्ठले मिति

२०५४।४।३० गते धर्मपुत्रको लिखत मालपोत कार्यालयबाट पारित गरी धर्मपुत्र राखेको कुरामा पनि विवाद छैन । धर्म आमाको पति बुद्धिकुमार ध्याकर्मी श्रेष्ठ हुन् भन्ने कुरामा पनि विवाद छैन । साबिक मोही बुद्धिकुमार ध्याकर्मीको मिति २०४०।२।४ गते र निजको पत्नी लुरूमायाको मिति २०५७।१२।३ गते मृत्यु भएको देखिन्छ । पतिको मृत्युपछि निजको श्रीमती लुरूमायाले प्रत्यर्थी वादीलाई कानूनबमोजिम रीतपूर्वक धर्मपुत्र ग्रहण गरेपछि धर्मपुत्र प्रत्यर्थी वादीले धर्मपिताको हक प्राप्त गरेको मान्नुपर्छ । धर्म आमा लुरूमायाले स्व. पतिको नाउँको मोही नामसारी नगरेकै आधारमा नै प्रत्यर्थी वादीको मोही हक समाप्त हुन्छ भनी पुनरावेदकहरूले लिएको जिकिरसमेत पुग्ने नदेखिने ।

धर्मपिताको नाउँमा कायम रहेको मोहीयानी हक भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) अनुसार धर्मपुत्रले स्वतः प्राप्त गर्ने नै हुन्छ । वादीबाहेकका अन्य व्यक्तिहरू वादी दाबीको मोही हक प्राप्त गर्न सक्ने व्यक्ति रहे भएकोसमेत मिसिलबाट देखिएका छैनन् । जसबाट वादी दाबीको कित्ताहरूको मोहीयानी हक प्रत्यर्थी वादीलाई प्राप्त हुँदैन भनी भन्न सक्ने अवस्थासमेत नदेखिने ।

उपर्युक्त विवेचित आधार र कारणहरूबाट पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।९।२२ मा वादीको नाउँमा मोही नामसारी हुने ठहर्‍याई गरेको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल फाल्गुन २८ गते रोज ६ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९- CI-९५१, जोत लगत कट्टा, *नरोत्तमलाल श्रेष्ठ वि. धिरेन्द्र श्रेष्ठ*
- ०६९- CI-१०६१, मोही लगत कट्टा, *विष्णुबहादुर श्रेष्ठ वि. धिरेन्द्र श्रेष्ठ*

१२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-WO-०८८७, उत्प्रेषण / परमादेश, *दिनानाथ शर्मा सुवेदी वि. जिल्ला शिक्षा कार्यालय, बागलुङसमेत*

उत्प्रेषण कानूनद्वारा अधिकार प्रदत्त न्यायिक र अर्ध न्यायिक निकायले गरेको निर्णय ठीक बेठीक के रहेछ भनी हेरी सो निर्णयको वैधानिकता परीक्षण गर्न जारी हुने अधिकार सम्पन्न आदेश हो । साधिकार निकायबाट निर्णय नै नभएको विषयमा उत्प्रेषणको आदेश जारी हुन सक्दैन । साथै परमादेशको आदेश न्यायिक र अर्धन्यायिक निकायले कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी आवश्यक प्रमाण कागजातसमेत संलग्न गरी कानूनी कारवाही माग गर्न जाँदा कारवाही अगाडि नबढाएमा, काम गर्न ढिला गरेमा र काम कारवाही अगाडि बढाउन इन्कार गरेमा जारी हुने । प्रस्तुत रिट निवेदनमा रिट निवेदकले उपचार माग गरेको विषयमा सम्बन्धित निकायले निर्णय नै गरिसकेको अवस्था रहेको नहुँदा उत्प्रेषणको आदेश जारी हुन सक्ने हुँदैन । त्यस्तै सञ्चित बिदाबापतको रकम भुक्तानी पाउँ भनी जिल्ला शिक्षा कार्यालय बागलुङसमक्ष कारवाही माग गर्न जाँदा यी निवेदकले आवश्यक कागजात नै पेस नगरी निश्चित विधि र प्रक्रियाको पालनासमेत नगरी रकम भुक्तानी माग गर्न गएको लिखित जवाफबाट देखिएको र आवश्यक कागजात संलग्न गरी भुक्तानी माग गर्न सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा गएमा आवश्यक कारवाही हुने नै हुँदा परमादेशको आदेशसमेत जारी गर्नुपर्ने अवस्थाको विद्यमानतासमेत रहेको देखिन नआउने ।

उल्लिखित तथ्य, विवेचित आधार र कारणहरूसमेतबाट निवेदकले दाबी लिएको विषयमा सम्बन्धित निकाय र अधिकारीबाट निर्णय नै नभएको र उपचारको माग गरेको विषय नै अपरिपक्व (Premature) रहेको हुँदा निर्णय नभएको विषयमा उत्प्रेषणको आदेश जारी हुन सक्दैन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल कात्तिक ९ गते रोज ३ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री दीपककुमार कार्की,** ०७०-CI-००१९, निषेधाज्ञा, *फटकु मिया वि. जिल्ला प्रशासन कार्यालय, मोरङसमेत*

कृष्णबहादुर विरूद्ध रामकुमार (*ने.का.प.* २०५२ नि.नं. ६०७२ पृष्ठ ८११) भएको निषेधाज्ञा मुद्दामा "निषेधाज्ञाको व्यवस्था समन्यायको सिद्धान्तबाट प्रादुर्भाव भएको र यसको रूप मुद्दाको स्वभावअनुसार निषेधात्मक वा निर्देशात्मक दुवै हुन्छ । कुनै कार्य गर्नबाट निषेध गर्न वा कुनै कार्य गर्न दिनुपर्ने अदालतको आदेशबाट कुनै व्यक्तिको कानूनी अधिकारको विषयमा अन्तिम निर्णय नहुँदासम्म यथास्थितिमा कायम राख्ने हुन्छ । यसबाट कुनै व्यक्तिको हक सिर्जना गर्ने वा समाप्त गरिने कार्य हुँदैन । यसले विवादित कार्यबाट हुने आशंकित आघातलाई रोक्ने, बढी नोक्सानी हुन नदिने वा हालको स्थितिलाई कायम राख्ने कार्य मात्र गर्छ । त्यसकारण नागरिक अधिकार ऐन, २०१२ को दफा १७(१) बमोजिम कुनै कानूनी अधिकारको हनन् हुने आशङ्का भएको हुनु आवश्यक छ" भनी यस अदालतबाट कानूनी सिद्धान्तसमेत प्रतिपादन भएको छ । यसरी निषेधाज्ञाको आदेश आशङ्काको अवस्थामा सम्म जारी हुनेमा इलाका प्रहरी कार्यालय रंगेलीको लिखित जवाफबाट सो आशङ्का रहेको भन्ने देखिन नआउने ।

वैदेशिक रोजगारको लागि गएको मानिसको बारेमा खोजी पत्ता लगाई पाउँ भन्ने विषय समावेश गरी विपक्षी निजाम उद्दिन मियाको जिल्ला प्रशासन कार्यालय, मोरङमा परेको निवेदनबाट यी पुनरावेदक र विपक्षीका बीचमा विवाद पर्न आएको पाइयो । रोजगारको विषयमा भएको विवाद र ठगीतर्फको समेत भाषा उल्लेख गरी यी पुनरावेदकका उपर विपक्षी निजाम उद्दिनले निवेदन गरेको र त्यस्ता विषय आफैँमा विवादित हुँदा विवादित विषयमा निषेधाज्ञाको आदेश जारी हुन नसक्ने हुँदा मागबमोजिम आदेश जारी गरी रहन नपर्ने गरी भएको पुनरावेदन अदालत, विराटनगरको आदेश मनासिबै देखिने ।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल साउन ३२ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-WO-०१६४, उत्प्रेषण / प्रतिषेध /परमादेश, *प्रदिपजंग पाण्डे वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

प्रमाण ऐन, २०३१ को दफा ६ मा *अदालतले अनुमान गर्ने कुराहरू* भनी उल्लेख गरेको छ र सोही दफा ६ को (ग) मा कुनै अदालत वा सरकारी कार्यालयमा कानूनले राख्नु पर्ने स्याहा, स्रेस्ता वा कागजपत्रमा उल्लेख गरिएको कुराहरू सहीरूपमा उल्लेख गरिएका हुन् भनी अदालतले अनुमान गर्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखियो । उक्त कानूनी

व्यवस्थाबमोजिम काठमाडौं जिल्ला अदालतमा रहेको लगत किताबमा यी निवेदक प्रदिपजंग पाण्डेको नाउँमा रहेको लगत कट्टा गरिएको कार्यलाई सहीरूपमा नै थियो वा छ भनी अनुमान गर्नुपर्ने हुन्छ । उक्त लगत कट्टा सम्बन्धमा भएका कागजातहरू सही र दुरूस्तरूपमा राख्नुपर्ने दायित्व सम्बन्धित जिल्ला अदालतको कर्तव्यभित्र पर्ने ।

लगत कट्टाको कागजात काठमाडौं जिल्ला अदालतले राख्नुपर्नेमा सो राखेकोसमेत देखिँदैन । लगत कट्टा हुँदाको सम्बन्धित कागजातहरू र लगत किताब दुरूस्त राख्नुपर्ने कानूनी दायित्व काठमाडौं जिल्ला अदालतको रहेको छ । यसरी कानूनले तोकेको दायित्वबाट आफू विमुख हुँदै यी निवेदकबाट कैदको लागतमा श्री ५ बाट माफी मिन्हा भएको कारण जनाउँदै लगत कट्टा गरिएको कार्यलाई अनुमान र अन्दाजको आधारमा माफी मिन्हा नभएको भन्ने अर्थ लगाउँदै रिट निवेदकलाई पक्राउ गर्नु र कैदको लगतअनुसार कैदमा राख्नु भनी काठमाडौं जिल्ला अदालतले गरेको कार्यसमेत कानूनविपरीत र विरोधाभाषपूर्ण रहेको देखिने ।

रिट निवेदकले मिति २०७१।५।२० मा यस सर्वोच्च अदालतमा काठमाडौं जिल्ला अदालतले मिति २०७१।५।१३ मा गरेको आदेश विरूद्ध गरेको निवेदन सम्माननीय राष्ट्रपतिबाट मिति २०७२।४।११ मा भएको माफीको आदेश र सो आदेशलाई चुनौती दिई सर्वोच्च अदालतमा परेको रिट निवेदन मिति २०७३।८।१५ मा खारेज भइसकेको अवस्था तथा निजलाई लागेको कैदको लगत मिति २०७२।४।२२ मा खारेज भइसकेको परिस्थितिमा यो रिट निवेदनको औचित्य समाप्त भइसकेको देखिने ।

रिट निवेदकको तर्फबाट एकासगोलकी श्रीमती उर्मीला पाण्डेले मिति २०४१।६।३० मा बिन्तीपत्र दिई मिति २०४१।८।५ मा हु.प्र. हुँदा बाँकी रकमको हकमा माफी मिनाहा गरिदिने र कैदको हकमा बिन्तीपत्रवालाले पुनः बिन्ती पत्र दिई माग गरेमा श्री ५ मा जाहेर गरी बक्स भएबमोजिम हुने गरी हु.प्र. भएको र पुनः कैदको हकमा समेत बिन्तीपत्र माग गरी श्री ५ बाट मिति ०४२।८।५ मा सम्पूर्ण कैदसमेत माफी भइसकेको व्यहोरा काठमाडौं जिल्ला अदालतको लगत किताबमा प्रस्ट देखिँदादेखिँदै सो व्यहोरा व्यवस्थितरूपमा आफूले नराखेको कारणबाट उद्योग वाणिज्य महासंघको अध्यक्ष भएपछि प्रतिस्पर्धीहरूबाट उजुरी परी कैदमा परेको देखिन्छ । सामाजिक क्षेत्रमा प्रतिष्ठा कमाइसकेका व्यक्ति विरूद्ध करिब ३० वर्षअघि नै निरूपण भएको विषयमा तत्कालीन श्री ५ बाट एकपटक र सम्माननीय राष्ट्रपतिज्यूले पुनः माफी दिई निजले आफूलाई लागेको अभियोगमा नै माफी प्राप्त गरी न्याय प्राप्त गरिसकेको प्रसङ्गमा रिट निवेदनको औचित्य समाप्त भएको छ । जुन प्रयोजनको लागि प्रस्तुत निवेदन दिएको हो सो अवस्था विद्यमान नभई परिस्थितिमा नै परिवर्तन भएकोले प्रस्तुत निवेदनको सम्बन्धमा थप केही बोली रहनु परेन । अतः माथि उल्लिखित तथ्य एवम् आधार कारणहरूबाट प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल फागुन ५ गते रोज ५ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-WO-०५४९, उत्प्रेषण / परमादेश, *लालो मण्डल खत्वे वि. सहतीदेवी*

*तेलीनसमेत*

मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिमको निवेदनउपर सुनवाइ हुँदा पुनरावेदन अदालत, जनकपुरले महोत्तरी जिल्ला अदालतको मिति २०६६।११।२१ को आदेश बेरीतको भन्ने देखिन आएन कानूनबमोजिम गर्नु भनी जिल्ला अदालतको आदेशलाई सदर गरेको अवस्था देखिन्छ । महोत्तरी जिल्ला अदालत तथा पुनरावेदन अदालत, जनकपुरबाट चलन चलाई पाउने आदेश हुँदाको अवस्था र हालसम्म पनि फैसलाबमोजिम चलन चलाउनु पर्ने जग्गा विपक्षी वादीकै नाममा स्वामित्व कायम रहेको अवस्था देखिन्छ। जसबाट अन्तिम भई बसेको फैसलाको कार्यान्वयन गर्न महोत्तरी जिल्ला अदालतको आदेश सदर गरेको पुनरावेदन अदालत, जनकपुरले दिएको आदेशलाई अन्यथा भनी मान्न नमिल्ने।

फैसला अन्तिम भई बसेको अवस्थामा सम्बन्धित पक्ष रिट निवेदक तथा प्रतिवादीबाट खिचोला गरेको आफ्नो स्वामित्वको जग्गा विपक्षी वादीले चलन चलाउन पाउने नैसर्गिक अधिकार नै हो । त्यसरी कानूनबमोजिम फैसला कार्यान्वयन गर्ने निकायले फैसलाको कार्यान्वयन गर्दा कसैको हक अधिकारमा आघात पर्न जान्छ भनी अनुमान गर्न नमिल्ने।

रिट निवेदकले फैसलाबमोजिम पूरा गर्नु पर्ने कर्तव्यको पालना चाहीँ नगर्ने तर अधिकारको मात्र खोजी गरी कानूनबमोजिम गरेको न्यायिक निकायको निर्णयलाई चुनौती दिई रिट क्षेत्राधिकारमार्फत त्यस्तो निर्णय बदर गराउन निवेदक अदालतमा प्रवेश गर्नु युक्तिसङ्गत देखिँदैन । अदालतबाट फैसला भई अन्तिम भई बसेको मुद्दाको कार्यान्वयनको लागि चलन चलाउन दिएको निवेदनलाई तहसिलदारबाट चलन चलाउन नमिल्ने भनी गरेको आदेशलाई जिल्ला अदालत तथा पुनरावेदन अदालतले बदर गरी कानूनबमोजिम गर्नु भनी दिएको आदेश गैरकानूनी भन्न नमिल्ने।

पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६७।४।२८ मा भएको आदेशपश्चात् वादीलाई मिति २०६७।९।१० मा चलन चलाई दिएको तथा वादीले चलन पुर्जी मिति २०६७।९।२७ मा बुझी लगिसकेको भनी महोत्तरी जिल्ला अदालतबाट लिखित जवाफ प्रस्तुत गरेको देखिँदा फैसलाबमोजिम चलन चलाइसकेको अवस्थासमेत देखियो । सो हुँदा कानूनअनुसार नै भएको फैसला कार्यान्वयनको कार्यलाई रिट निवेदनको माध्यमबाट रोक्नु उपयुक्त हुने देखिँदैन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०७३ साल जेठ १० गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CI-०८८३, निर्णय बदर, *रामकलि देवीसमेत वि. गुठी संस्थान शाखा कार्यालय, धनुषासमेत*

जग्गा राजीनामा गराउने वादीहरूका स्रोत व्यक्ति महन्थ यादवले आफ्नो जीवनकालमा वादीहरूले जिकिर लिएअनुरूप विवादित जग्गा रैकर भएको भनी गुठी तैनाथीको लगत कट्टा र रैकर दर्तातर्फ कुनै कारवाही नचलाई बसेबाट निजले विवादित जग्गा गुठी तैनाथी भएको र जग्गाधनी श्री राम मन्दिर रहेको कुरा स्वीकार गरेको मान्नुपर्ने।

वादीहरूले मिति २०६२।४।९ मा प्रस्तुत नालेस दिनुभन्दा धेरै अगाडि गुठी कार्यालयले मिति २०५२।९।१७ मा विवादित कि.नं. १२९ को जग्गाको जग्गाधनी श्री राम मन्दिर कायम गरी गुठी तैनाथीमा

दर्ता गरेको देखिन्छ।

२०५४ सालमा वादीहरूले मालपोत कार्यालयमा प्रवेश गरेकोमा विवादित जग्गा गुठी तैनाथी र जग्गाधनी श्री राम मन्दिर गुठी भएकोले नै मालपोत कार्यालयले उक्त मिसिलमा कारवाही हुनको लागि २०६१।१२।२८ मा गुठी संस्थान शाखा कार्यालय, जनकपुरमा पठाएकोमा वादीहरूको स्वीकारोक्ति नै छ। यसरी २०५२।९।१७ को निर्णयबाट समेत वादीहरूको हकमा प्रतिकूल असर परेको स्थितिमा बनावटी हदम्याद सिर्जना गर्नको लागि मालपोत कार्यालयले गुठी शाखा कार्यालयमा पठाउनेलगायतको काम कारवाहीबाट वादीहरूलाई जग्गापजनीको १७ नं. को हदम्याद आकर्षित हुने अवस्था रहँदैन। विवादित जग्गा श्री राम मन्दिर गुठीको नाममा गुठी तैनाथीमा दर्ता भएको थाहा पाएपछि तत्सम्बन्धी लिखतको नक्कल लिई समयमा नै कानूनी उपचारको प्रयास गर्ने दायित्व सम्बन्धित पक्षकै हुन्छ। यसमा धिङ्न्याई गर्ने अनि आफ्नो सुविधानुसार नक्कल लिएर नालेस गर्न पाउने भन्ने किसिमले हदम्यादको व्याख्या गर्दा हदम्याद भन्ने कुरा कानूनबाट होइन पक्षको इच्छाबाट नियन्त्रित हुन पुग्ने।

विवादित जग्गा पुनरावेदक वादीहरूले जिकिर लिएबमोजिम निजहरूको नाममा रैकरमा दर्ता हुने देखिँदैन। सुरू धनुषा जिल्ला अदालतले वादी दाबी पुग्ने ठहर्‍याएको फैसला नमिलेकै देखिन्छ। त्यसलाई बदर गरेको पुनरावेदन अदालत, जनकपुरको फैसला परिणामको हिसाबले नमिलेको भन्न सकिँदैन। तर गुठी कार्यालयको २०५२।९।१७ को निर्णय र २०५९।२।२३ को पत्रअनुसार मालपोत कार्यालयले २०६१।१०।२९ मा कि.नं. १२९ को दर्ता स्रेस्ता र किताब खडा गरिसकेको भनी वादीले नै उल्लेख गरेकोमा वादी दाबीभन्दा बाहिर गई विवादित जग्गाको दर्ता सम्बन्धमा मालपोत कार्यालयबाट कुनै निर्णय नभएको भनी पुनरावेदन अदालत, जनकपुरले उल्लेख गरेको फैसला बुँदा अभिलेख प्रमाणबाट असमर्थितसमेत देखिन्छ। त्यसमाथि गुठी तैनाथीको विषयमा मालपोत कार्यालयबाट निर्णय नभएको र जग्गा दर्ताको विषयमा मालपोत कार्यालयलाई निर्णय गर्ने अधिकार रहेको भनी टुङ्गो लागिसकेको दाबीको जग्गाको दर्तालाई पुनः विवादमा ल्याएको पुनरावेदन अदालतको निर्णय बुँदा झनै मिलेको देखिँदैन। तथापि विवादित जग्गा रैकरमा दर्ता हुनसक्ने स्थिति नरहेकोले पुनरावेदन अदालतको सो फैसला बुँदाको फाइदा पुनरावेदक वादीले पाउन सक्ने नदेखिने।

प्रतिवादीले पुनरावेदन गरेको भए यो इजलासले पुनरावेदन अदालत, जनकपुरको फैसलामा विचार गरी उल्टीलगायतका उपयुक्त फैसला गर्न सक्थ्यो। तर वादीहरूको पुनरावेदनबाट पुनरावेदन अदालत, जनकपुरको फैसला उल्टी गर्नु कानून र न्यायसम्मत नहुँदा यस अदालतबाट प्रदान भएको निस्साबमोजिम उक्त फैसला उल्टी गर्न मिलेन। पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।१।१६ को फैसला सदर हुने ठहर्छ। वादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः सन्देश श्रेष्ठ

इति संवत् २०७३ साल असार २६ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०७०-CI-०००१, मोही नामसारी / जोतलगत कट्टासमेत, *केदारबहादुर थापा वि. रामगोपाल महर्जन*

यदि विवादित जग्गामा मोही नभएको र प्रतिवादीले जिकिर लिएबमोजिम मोहीले कुत नबुझाएको तथा जोतभोगसमेत नगरेको भए जग्गाधनीको तर्फबाट

मोही निष्काशनतर्फ कारवाही चलाई मोही लगतकट्टा गराउन सक्नु पर्ने हुन्थ्यो। तर त्यसको सट्टामा वादीले मोही नामसारीको लागि कारवाही चलाएको अवस्थामा आएर दर्तावाल मोहीलाई मोही होइन भनी जिकिर लिनु र नामसारी गर्न इन्कार गर्नु तथा सोही अवस्थामा मोही लगत कट्टा नै गराउनु कानून तथा न्यायको रोहबाट युक्तिसङ्गत हुने नदेखिने।

लामो समयसम्म पनि आफूसँग भएको जग्गाधनी प्रमाण पुर्जामा जनिएको मोहीको लगत कट्टा गर्ने कारवाही नचलाएकोबाट यी प्रतिवादीले सन्तवीर महर्जन दर्तावाल मोही रहेको तथ्य स्वीकार गरेको नै मान्नु पर्ने हुन आयो। सो हुँदा वादी रामगोपाल महर्जनले हकवालाको हैसियतबाट मोही सन्तवीर महर्जनको मृत्युपश्चात् मोही नामसारीको लागि दिएको निवेदनलाई अन्यथा भन्न मिलेन। वादीले कानूनबमोजिम मोही नामसारी गरी पाउने अवस्था रहेको नै देखिने।

पुनरावेदकतर्फका विद्वान् अधिवक्ताबाट बहसको क्रममा २ नं. अनुसूची सन्तवीर ज्यापुको नामबाट प्रकाशित भएको छ भनी उठाइएको विषयको सम्बन्धमा विचार गर्दा भूमिसुधार कार्यालयको प्रमाण मिसिलमा मिति २०६५।१०।१३ मा २ नं. अनुसूची भिडाउँदा विवादित जग्गा अरूको, मोही सन्तवीर महर्जनमा प्रकाशित भएको भनी खुलाएको देखिन्छ। सो व्यहोरालाई यी प्रतिवादीले प्रतिवाद गर्दासमेत सन्तवीर महर्जन मोही होइन, सन्तवीर महर्जन र सन्तवीर ज्यापू भन्ने दुई अलग अलग व्यक्ति हुन् भनी जिकिर लिन सकेको अवस्थासमेत छैन। सो हुँदा सन्तवीर महर्जन नै मोही रहेको प्रतिवादीले स्वीकार गरेको तथ्य पुष्टि हुन आएको छ। अन्य तथ्य प्रमाणहरूबाट समेत सन्तवीर महर्जन र सन्तवीर ज्यापु फरक व्यक्ति रहेको र अर्कै व्यक्ति सन्तवीर ज्यापु मोही रहेको भन्ने पुष्टि हुन नआउने।

विवादित कि.नं. ४५१ को मोही सन्तवीर महर्जनको नाममा २ नं. अनुसूची, फिल्डबुक तथा जग्गाधनी प्रमाण पुर्जामा उल्लेख भई मोही कायम रहेको अवस्थामा मोहीको मृत्युपश्चात् हकवाला छोरा रामगोपाल महर्जनले कानूनबमोजिम नामसारी गर्न पाउने नै देखिँदा दर्तावाल मोहीको छोरा रामगोपाल महर्जनको नाममा जोत नामसारी गर्न मिलेन भनी जोत लगत कट्टा हुने ठहर गरेको सुरू भूमिसुधार कार्यालय, ललितपुरको मिति २०६८।३।२० को फैसलालाई उल्टी गरी वादीको नाममा मोही नामसारी हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।९।२३ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटर: चन्द्रा तिमिल्सिना

इति संवत् २०७३ साल असार २४ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-CI-१२६७, मोही लगत कट्टा, *वाजिद अली मुसलमानसमेत वि. काशीराम कोहार*

सर्भे नापी हुँदा नै फिल्डबुकमा जोताहाले आफ्नो नाम काशीराम कोहार नै लेखाई कैफियतमा यो जग्गा मरेमा मुसलमाननीको नम्बरी हो मैले नगदी ठेक्कामा जोतिरहेको छु भनी मोहीको हैसियतबाट लेखाएको अवस्थासमेत छ। फिल्डबुकको आधारमा स्रेस्ता पुर्जा तयार हुने भएकोले फिल्डबुकमा जोताहाको नाम काशीराम कोहार भएको अवस्थामा पुर्जामा लेखिएको मोहीको नाम काशीराम अहिर नै मोही हो भनी मान्न मिल्ने नदेखिने।

फिल्डबुक, १ नं. लगत, ४ नं. अस्थायी

निस्सासमेतमा मोहीको नाम काशीराम कोहार भएको केवल मोही प्रमाणपत्रमा थर फरक परेको देखिन्छ। थर फरक परेको भनी यी प्रतिवादीले निवेदन गरिसकेको भन्नेसमेत देखिँदा काशीराम कोहार मोही कायम हुने होइन भन्नु न्यायसङ्गत हुने देखिँदैन । मोहीको १ नं. लगतमा शिवप्रसाद कोहारको छोरा काशीराम कहारले दोहनी गा.वि.स. वडा नं. ५ मा भएको मरेमा मुसलमानको जग्गा कमाएको भन्ने देखिएको छ । सोही व्यहोरालाई पुष्टि हुने गरी फिल्डबुकको कैफियत महलमा समेत मरेमा मुसलमाननीको नम्बरी हो भनी लेखाएको देखियो । सो हुँदा विवादित जग्गाको मोही काशीराम कोहारले नै १ नं. लगत र फिल्डबुकमा व्यहोरा लेखाएको पुष्टि हुन आउने।

अतः फिल्डबुक, १ नं. लगत, ४ नं. अस्थायी निस्सा, नागरिकता प्रमाणपत्रसमेतबाट यी प्रतिवादी काशीराम कोहार नै विवादित कि.नं. ३७५ को जग्गाको मोहियानी हकप्राप्त मोही भएको तथ्य पुष्टि हुन आएको छ। सो हुँदा वादी दाबीबमोजिम मोही लगत कट्टा गर्ने गरी भएको सुरू भूमिसुधार कार्यालय, कपिलवस्तुको मिति २०७१।६।३० को निर्णय उल्टी गरी मोही लगत कट्टा गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०७२।५।१५ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल असार २४ गते रोज ६ शुभम्।

५

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०७१-CI-१४६२, मोही नामसारी, *रामचन्द्र सहनी गोढी वि. भुलन सहनी गोढी*

यी पुनरावेदकले चौधुर सहनी गोढीका छोरा वादीले निजलाई बुझाउनु पर्ने कुत नबुझाई मोहियानी दायित्व पूरा नगरेकोले कुत भराई मोही निष्कासन गरिपाउँ भनी दिएको मुद्दाबाट यी पुनरावेदकले दर्तावाला मोहीको नामसम्बन्धी विवाद खडा गर्न नमिल्ने भन्ने पुनरावेदन अदालत, हेटौंडाको आधार कानूनसम्मत देखिन्छ । सामान्य लिखतले प्रमाणको काम गर्छ भने अकाट्यरूपमा रहेको उक्त अन्तिम फैसला वादी विरूद्ध प्रमाण लाग्दैन भन्नु प्रमाण ऐन, २०३१ को दफा ५४, मुलुकी ऐन, अ.बं. ८५ र १८४क नं. समेतको विपरीत हुन पुग्छ । सोबाहेक दर्तावाला मोहीका अरू हकवाला भएकोले वादीलाई नरोजी अरू हकवालालाई पत्याएको छु भनी पुनरावेदकले मोही रोज्नेसम्बन्धी कुनै विवाद खडा नगरेकोले वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू भूमिसुधार कार्यालयको फैसला उल्टी गरी मोहीको हकवाला वादीको नाममा वादी दाबीबमोजिम भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) अनुसार मोहियानी हक नामसारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।९।१३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल असार २४ गते रोज ६ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६९-CR-१०८४, सरकारी छाप किर्ते, *नेपाल सरकार वि. दिनेश श्रेष्ठसमेत*

बरामद भएका सवारीचालक अनुमतिपत्र थान-८० मध्ये सि.नं. ११ को ०६।०२१९७६ नं. को सवारीचालक अनुमति पत्र मा गोविन्द सार्की

उल्लेख भएकोमा सो नं. को सवारीचालक निज नभई अर्कै व्यक्ति रहेको भनी यातायात व्यवस्था कार्यालय, सवारीचालक अनुमतिपत्र बाग्मती एकान्तकुना ललितपुरबाट च.नं. ३८ मिति २०६८।४।१६ मा लेखी आएको पाइन्छ । यसरी बरामद सवारीचालक अनुमतिपत्रहरू एउटाबाहेक अरू सम्पूर्ण भिडी सद्दे रहेको भनी देखिरहेको छ।

नभिडेको भनिएको सि.नं. ११ को सवारीचालक अनुमतिपत्र पनि कसरी नभिडेको हो, कसले नक्कली बनाएको हो वा भनौं उक्त सि.नं. को नक्कली वा किर्ते बनाउन यी प्रतिवादीहरूकै संलग्नतामा भएको हो वा सो पसलमा ल्याउने मानिस आफैँले त्यस्तै ल्याएको हो वा यी प्रतिवादीहरूले नै नक्कली बनाएको हो भन्ने यकिन हुने कुनै ठोस सबुद प्रमाण वादीपक्षले गुजार्न सकेको अवस्था मिसिलबाट देखिन नआएको।

प्रतिवादीहरू फोटोकपी व्यवसाय गर्ने, इन्सुरेन्स कम्पनीको एजेन्ट र लेखापढी गर्नेसमेत मानिस भनी अदालतमा गरेको बयान, बरामद टाइपराटरसमेतबाट पुष्टि भएकोले यस खालको व्यवसाय गर्ने पसलमा नागरिकताको प्रमाणपत्र, सवारीचालक अनुमति पत्रजस्ता कागजातहरू रहनु स्वभाविकै रहेको मान्नुपर्छ । १० जना अपराधी छुटे पनि १ जना निरपराधलाई सजाय गर्न नमिल्ने भन्ने अपराधशास्त्रको सिद्धान्त रहेकोले शङ्कास्पद प्रमाणको आधारमा मात्र कसैलाई दोषी ठहराउन नेपालको न्याय व्यवस्थाले आत्मसात् गरी फैसलाहरूको माध्यमले बारम्बार मान्यता दिँदै आएको उपरोक्त सिद्धान्त प्रतिकूल हुनेसमेत देखिने।

अनुमानको आधारमा फौजदारी कसुर अपराध ठहऱ्याउन नमिल्ने हुँदा प्रतिवादीहरूले आरोपित कसुर गरे भनी दायर भएको अभियोग दाबी पुग्न सक्ने देखिएन तसर्थ प्रतिवादीहरू दिनेश श्रेष्ठ, दिपेन्द्र अधिकारी र भुपेन्द्र पोखरेलले अभियोग दाबीको कसुरबाट सफाइ पाउने ठहऱ्याई भएको सुरू ललितपुर जिल्ला अदालतको फैसला सदर हुने भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।१०।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्द्रकुमार खड्का

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ २९ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CR-०१४८, लागु औषध खैरो हेरोइन, *पेम्बा शेर्पा वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी आफू लागु औषधको सेवनकर्ता भएको कुरामा साबित रही आफूले सेवन गर्न र साथीहरूले मागेमा दिनका लागी खरिद गरी ल्याएको कुरामा साबित रहे पनि बिक्री वितरण ओसारपसार गर्न ल्याएको कुरामा इन्कार रहेको पाइयो । तर निजउपर ओसारपसार बिक्री वितरण र सञ्चय गर्नेसमेतको अभियोग मागदाबी रहेपनि सो कुरा पुष्टि गर्ने वस्तुनिष्ठ आधार प्रमाण पेस हुन सकेको पाइँदैन । यद्यपि लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १२ ले प्रमाणको भार प्रतिवादीमा रहने कानूनी व्यवस्था गरेको भए पनि निजउपरको अभियोग शङ्कारहित तवरले पुष्टि हुने प्रमाण भने अभियोजन पक्षले नै प्रमाणित गर्नुपर्ने फौजदारी न्यायको मान्य सिद्धान्तलाई पनि नकार्न सकिँदैन । साथमा रहेको लागु औषध निजले बिक्री वितरण गर्ने उद्देश्यले राखेको हो भन्ने तथ्य पुष्टि गर्ने सामान्य प्रमाण पनि पेस हुन नसकेको अवस्थामा लागु औषध फेला परेकै भरमा भए नभएको कसुर अभियोग लगाउनु न्यायपूर्ण पनि मान्न नसकिने।

आफूले सेवन गर्ने र साथीभाइले मागेमा दिने

भन्ने उद्देश्यका साथ सो लागु औषध ल्याएको भन्ने प्रतिवादीको स्वीकारोक्तिमध्ये साथीभाइलाई दिने भनेको कुरालाई बिक्री वितरण गर्ने अर्थ लगाई कसुर कायम गर्न मिल्ने अवस्था रहँदैन । तसर्थ लागु औषध आफ्नोसँग साथबाट बरामद भएको र आफूले सेवन गर्ने उद्देश्यले खरिद गरी ल्याएको तथ्यमा साबित रहेका यी प्रतिवादीको उक्त कसुर लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को उपदफा (छ) अन्तर्गतको देखिँदा निजलाई सोही ऐनको दफा १४(ङ) बमोजिम १ वर्ष कैद र दश हजार रूपैयाँ जरिवाना हुने ठहर्छ । लागु औषध नियन्त्रण ऐनको दफा ४(घ) (ङ) र (च) अन्तर्गत लागु औषध खरिद, बिक्री, सञ्चय र ओसारपसारसमेत तर्फ सोही ऐनको दफा १४ (छ) (१) बमोजिम ५ वर्ष कैद र रू. १५,०००।– जरिवानासमेत ठहर्‍याएको सुरूको फैसला सदर ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ।

लागु औषधको दुर्व्यसन एक गम्भीर समस्याको रूपमा रहेको र यस विकृतिको प्रभाव दिनानुदिन बढ्दै गएको तथ्यमा दुईमत हुन सकिँदैन । लागु औषध (नियन्त्रण) ऐन, २०३३ ले लागु औषधको सेवन, खरिद बिक्री, सञ्चय र ओसारपसारलगायतका कार्यलाई दण्डनीय अपराधको रूपमा लिई यसप्रकारका क्रियाकलापलाई नियन्त्रण र निरूत्साहित गर्ने उद्देश्य लिएको देखिन्छ । तर २०३३ सालमा बनेको यस ऐनले अपराधजन्य कार्य ठहर गरेको क्रियाकलापमा कमी आउनुको सट्टा लागु औषध दुर्व्यसनी र लागु औषध कारोबारीको संख्या र घट्नामा अझ बढोत्तरी भइरहेको देखिन्छ । यस परिप्रेक्ष्यमा हेर्दा लागु औषधको बिक्री वितरणलाई कठोर सजायमार्फत सम्बोधन हुनु जरूरी छ भने दुर्व्यसनलाई मानवीय समस्याको रूपमा हेर्न उपयुक्त हुन्छ । बढ्दो औद्योगीकरण, शहरीकरण र गरिबी तथा सामाजिक एवम् पारिवारिक विचलन जस्ता कारक तत्त्वहरूले नैराश्यता उत्पन्न भएर होस वा दुर्व्यसनीको सङ्गतका कारणले होस लागु औषधको दुर्व्यसन दिनानुदिन बढ्दै गएको कुरामा द्विविधा गर्ने स्थान छैन । उक्त ऐनले दुर्व्यसनीलाई सामाजिक अपराधीको रूपमा लिई कठोर सजायको व्यवस्था गरेको भएपनि लागु औषध दुर्व्यसनीप्रतिको सामाजिक धारणा र विश्वव्यापी मान्यतामा आएको परिवर्तनले दुर्व्यसनीलाई अपराधीको रूपमा नभई मनोरोगीको रूपमा मानी त्यस्ता व्यक्तिहरूको समुचित हेरचाह गर्नुपर्ने राज्यको दायित्व हुन आउने ।

राज्यले लागु औषध सेवनकर्ताउपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ अन्तर्गत मुद्दा दायर गरी सजाय गराउने कार्यलाई प्राथमिकता दिनुभन्दा सेवनकर्तालाई सेवन गर्नबाट विमुख गराउनेतर्फ समुचित ध्यान दिन जरूरी देखिन्छ । यसका लागि आवश्यक मनोचिकित्सक र विज्ञ चिकित्सकसहितको चिकित्साकेन्द्रलगायतका सुधार केन्द्रको स्थापना, Probation Officer को व्यवस्था गरी निजमार्फत आवधिक प्रगति प्रतिवेदन लिने एवम् विभिन्न सामाजिक संघसंस्था (Social Organization) बाट सहयोग र समन्वय प्राप्त गरी सेवनकर्ताको औषधोपचार गराउने र उनीहरूलाई राष्ट्रका लागि आवश्यक एवम् सभ्य नागरिकको रूपमा समाजमा पुनः स्थापित गराउनका लागि आवश्यक उपाय अवलम्बन गर्नु आजको आवश्यकता भएकाले त्यसतर्फ कानून निर्माण गर्ने लगायतका आवश्यक व्यवस्था गर्नेसम्बन्धी पहल गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय, गृहमन्त्रालयलाई र कानून न्याय तथा संसदीय व्यवस्था

मन्त्रालयको ध्यानाकर्षणको लागि लेखी पठाई दिनु भनी आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असोज ७ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७०-CR-१४७१, १५६८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. तेज बहादुर गुरूङसमेत, गणेश गुरूङ वि. नेपाल सरकार*

मृतकलाई आफूले झ्यालको चौकोसले टाउकोमा प्रहार गरेको कुरा प्रतिवादीले मौकामा स्वीकार गरेको सोही तथ्यसँग मिलान हुने गरी मृतकको टाउकोमा घाउ रहेको एवम् टाउकोको चोटकै कारण मृत्यु भएको भन्ने व्यहोराको शव परीक्षण प्रतिवेदनसमेतका प्रमाण मौजुद रहेको देखिँदा यी प्रतिवादी गणेश गुरूङले प्रहार गरेको चोटका कारण मृतकको मृत्यु भएको तथ्य प्रमाणित हुन आएको देखिन्छ । आफूलाई प्रहरीमा कुटपिट गरी साबित गराएको भन्ने जिकिर लिएको भएपनि निजले म्याद थपलगायत अदालतमा उपस्थित हुँदाका क्रममा त्यसप्रकारको जिकिर लिई निवेदन दिएको देखिएन । आफ्नो बयान स्वइच्छाको नभई कुटपिटबाट भएको भन्ने जिकिर लिने पक्षले सो जिकिरको पुष्ट्याइं गर्न विश्वासिलो प्रमाण पनि पेस गर्नु पर्दछ । सोको अभावमा अधिकारप्राप्त अधिकारीसमक्षको साबिति डर, त्रासमा गराएको हो भन्ने कुरा पत्यारिलो मान्न सकिँदैन । तसर्थ आफ्नो अदालतसमक्षको इन्कारी बयानकै आधारमा सफाइ पाउनु पर्छ भन्ने निजको पुनरावेदन जिकिर विश्वसनीय देखिन नआउने ।

मृतकलाई लेठबहादुर गुरूङसमेतले काठको मुढाले प्रहार गरेको भन्ने किटानी जाहेरी दरखास्त परेको अवस्था एकातिर छ भने अर्कोतिर प्रस्तुत वारदातका प्रत्यक्षदर्शी कलुवा भन्ने गणेश गुरूङ र दिनेश भन्ने जीतबहादुर गुरूङ, मीन बहादुर गुरूङ, युवराज गुरूङसमेतका व्यक्तिहरूले मौकामा तथा अदालतमा आई बकपत्र गर्दासमेत सो खेलमा झगडा भएको र प्रतिवादी गणेश गुरूङले काठको चौकोशले मृतकको ठाउकोमा र प्रतिवादी लेठबहादुरले बाँसको भाटाले हानेको कारणले निजको मृत्यु भएको हो भनी किटानी गरी बकपत्र गरिदिएको देखिन्छ । निजले मौकामा अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान हेर्दा आफू वारदातस्थलमा रहेको र जाहेरवालाको छोरा कलुवा भन्ने गणेश गुरूङले हाम्रो पक्षको गणेश गुरूङलाई हानेको देखी मलाई पनि रिस उठी मैले निजै कलुवाको हातमा भएको भाटा खोसी प्रहार गरेको हुँ । उक्त प्रहार गर्दा कलुवा भन्ने गणेश गुरूङ र यी मृतक नजिक सँगै थिए को कसलाई लाग्यो थाहा भएन भन्ने व्यहोरा उल्लेख गरेको पाइयो । अदालतसमक्ष बयान गर्दा भने आफू वारदातस्थलमा गएको भएपनि मृतकसँग झगडा नभएको र मृतक लडेर चोट लागेको भन्ने सुनी थाहा पाएको हुँ भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । तर मृतकको घाउ जाँच केस फाराम, लास जाँच विवरण र शव परीक्षण प्रतिवेदनमा समेत टाउकोमा घाउ देखिनुका साथै छातीमा निलडामसमेतका शरिरका विभिन्न भागमा एकभन्दा बढी घाउचोट रहेको देखिन्छ । यसप्रकार मृतकको मृत्यु टाउकोमा प्रहार भएको चोटबाट भएको देखिए पनि शरिरका अन्य भागमा चोट प्रहार भएको र यी प्रतिवादी आफूले मृतकलाई लाठा प्रहार गरेकोमा साबित रही मौकामा बयान

गरेकोसमेतका तथ्य वारदातमा यिनको संलग्नता स्थापित भएको देखिने।

वादी नेपाल सरकारको पुनरावेदन जिकिरमा ज्यानसम्बन्धीको महलको १७ नं. अनुसार सजायको मागदाबी लिइएका अन्य प्रतिवादीहरू तेजबहादुर गुरूङ, मनोज गुरूङ तथा प्रतिवादी कुमार गुरूङको हकमा विचार गर्दा यी प्रतिवादीहरू तिनैजना आफूहरू वारदातस्थलमा उपस्थित रहेको कुरामा साबित रहे पनि उक्त कसुरमा संलग्न रहेको र मृतकलाई चोट प्रहार नगरेको भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । सह अभियुक्तहरू गणेश गुरूङ र लेठबहादुर गुरूङले पनि अदालतमा आई बयान गर्दा यी प्रतिवादीहरूको संलग्नता रहेको भन्ने कुरा लेखाएको देखिँदैन । प्रत्यक्षदर्शी भनिएका कलुवा भन्ने गणेश गुरूङ, मनबहादुर रानासमेतले वारदातमा यी प्रतिवादीहरू पनि उपस्थित थिए भनेपनि यिनीहरूले के कस्तो भूमिका निर्वाह गरी मृतकलाई चोट पटक प्रहार गरेको हुन् भन्ने कुरा खुलाउन सकेको पाइँदैन। यसैगरी अभियोग पत्रसाथ पनि बाँसको एउटा मात्र भाटा दाखिल भएको र सो भाटा प्रहार गर्न यिनीहरूले प्रयोग गरेको भन्ने देखिन आउँदैन। दुईवटा स्थानिय क्लवका बीचको खेल हेर्न तमामौ दर्शक गएका र सोमध्ये यिनीहरू पनि उपस्थिति रहेको भएपनि खेलका क्रममा विवाद हुँदा उक्त भीडमा यिनीहरूले पनि मृतकलाई कुटपिट गरेको भन्ने तथ्य पुष्टि गर्ने वस्तुनिष्ठ र ठोस प्रमाण पनि वादी पक्षबाट पेस हुन सकेको देखिँदैन। तसर्थ खेल हेर्न गएको र वारदातस्थलमा मौजुद रहेको एवम् मृतकको विपक्षी टिमका व्यक्ति भएकै आधारमा मात्र कसुरदार भन्नु न्यायसङ्गत नदेखिँदा प्रस्तुत वारदातमा यिनीहरूको संलग्नता स्थापित हुन सक्ने अवस्था नहुने।

मृतकलाई मार्ने पूर्वयोजना मनसाय र तयारीबेगर तत्काल भलिबल खेलका क्रममा खडा भएको विवादबाट उत्तेजित भई रिस उठी मृतकलाई चोट प्रहार गर्न पुगेका कारण मृतकको मृत्यु भएको तथ्य ज्यानसम्बन्धीको महलको १४ नं. को उल्लिखित कसुर अपराधको परिभाषाभित्र पर्ने देखिँदा सोहीअनुसार सजाय निर्धारण हुनु मनासिब देखिन्छ।

माथि विवेचित आधार प्रमाणबाट यी प्रतिवादी गणेश गुरूङ र लेठबहादुर गुरूङले ज्यानसम्बन्धीको महलको १४ नं. को कसुर अपराध गरेकाले निजहरूलाई सोहीबमोजिम १० वर्ष कैद हुने र अन्य प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालत, पोखराको मिति २०७०।९।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। अभियोग माग दाबीबमोजिम सबै प्रतिवादीलाई सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको र कसुरबाट सफाइ पाउनु पर्छ भन्ने पुनरावेदक प्रतिवादी गणेश गुरूङको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असोज ७ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CR-०५०३, चरीबाघको छाला अवैध ओसारपसार, *बुद्धिबहादुर तामाङ वि. नेपाल सरकार*

प्रतिवादीका नाउँको सुरू म्याद बेरीतको भए सो बदर गरी पाउन फैसलाको जनाउ पाएपछि मुलुकी ऐन, अदालती बन्दोबस्तको २०८ नं. द्वारा

निर्दिष्ट प्रक्रिया अवलम्बन गरी उक्त कानूनका म्याद ६ महिनाभित्रमा फैसला भएको थाहा पाएको मिति ३५ दिनभित्र सुरू निर्णय गर्ने वन कार्यालयमा म्याद बदर गराउनेतर्फ कारवाही चलाउनु पर्नेमा चलाएकोसमेत देखिएन। सिद्धान्ततः पुनरावेदनको अधिकार भनेको कानूनी अधिकार मात्र हो। यदि कानूनले पुनरावेदन गर्न नपाउने व्यवस्था गरेको छ भने पक्षले पुनरावेदन पत्र दर्ता गर्दैमा पुनरावेदनको रोहबाट हेर्न मिल्दैन। सुरू म्याद गुजारी बस्ने प्रतिवादीलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको २०८ नं. बमोजिम पुनरावेदनको म्याद दिन नपर्ने कानूनी व्यवस्था भएको देखिएको हुँदा सोको विपरीत हुने गरी सुरू फैसला गर्ने वन कार्यालयले यी प्रतिवादीलाई पुनरावेदनको म्याद दिएको देखियो। उक्त म्याद कानूनविपरीतको देखिएको र सोही म्यादको आधारमा प्रस्तुत मुद्दामा पर्न आएको प्रतिवादीको पुनरावेदन कानूनअनुकूल नभएकोले मुद्दाको तथ्यमा प्रवेश नगरी पुनरावेदन अदालतबाट खारेज हुने गरी भएको फैसला मनासिब नै देखिने।

उल्लिखित विवेचित आधार, कारण र प्रमाणहरूसमेतबाट मुलुकी ऐन, अ.बं. २०८ नं. को प्रतिकूल पर्न आएको पुनरावेदनबाट मुद्दाको तथ्यमा प्रवेश नगरी पुनरावेदन अदालतमा परेको पुनरावेदन मुलुकी ऐन, अदालती बन्दोबस्तको १८० नं. बमोजिम खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।२।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादी लौतारे भन्ने बुद्धिबहादुर तामाङको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

इति संवत् २०७३ साल भदौ १४ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-CR-१२९५, १३८३, कर्तव्य ज्यान, *अजय पट्टेल कामी वि. नेपाल सरकार, नेपाल सरकार वि. अजय पट्टेल कामी*

प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानमा काठको मुङ्ग्रोले मृतक भरमान कामीको टाउकोमा प्रहार गरी कर्तव्य गरी मारेको भन्ने व्यहोरा मैले लेखाएको होइन भन्ने जिकिर लिई बयान गर्दैमा निजको त्यस्तो इन्कारी बयान मात्रका आधारमा निर्दोष मान्न मिल्दैन। प्रहरीमा गराएको बयान आफ्नो नभए म्याद थपको क्रममा अदालत ल्याएको बखत सो कुराको जिकिर लिनुपर्नेमा त्यस्तो जिकिर लिएको वा पछि पनि आफूले सो बयान गर्नुपर्नाको कारण खोली निवेदन दिन सकेकोसमेत देखिँदैन। प्रतिवादीको इन्कारी बयान स्वतन्त्र र तथ्यसम्मत प्रमाणबाट समर्थित हुन आवश्यक छ। आफूले के कति कारणले प्रहरीमा कसुर स्वीकार गर्नु परेको हो सो कुराको जिकिर लिनेले सो कुरा वस्तुनिष्ठरूपमा प्रमाणितसमेत गराउन सक्नुपर्छ। तर प्रतिवादीले आफूलाई बयान गर्न बाध्य पारिएको, कुटपिट गरेको जस्ता कारणले आरोपित कसुर स्वीकार गर्नु परेको भन्ने कुराको प्रमाण पेस गर्न सकेको पाइँदैन। किटानी जाहेरी दर्खास्त परेको सोहीअनुसारको घटना विवरण कागज भएकोमा पछि जाहेरवाला एवम् घटना विवरण कागज गर्ने भिमबहादुर वि.क. लगायतका वादीका साक्षी तथा प्रतिवादीका साक्षीहरूले अदालतमा आई लड्डी उछिट्टिएर लागेको भनी बकपत्र गरेपनि मृतकको टाउकोको घाउचोट हेर्दा लड्डी उछिट्टिएर लागेको जस्तो नदेखिई कडा वस्तुको प्रहारबाट लागेको घाउचोट हो भन्ने कुरा लासजाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट समर्थित भएको देखिएकोले प्रतिवादीले मौकामा गरेको बयानसँग मेल खाएको देखिन आयो। तसर्थ निजले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाईलाई स्वेच्छाको होइन भन्न नमिल्ने।

प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिति बयान, वारदातमा प्रयोग भएको काठको मुङ्ग्रो मैले मृतकलाई टाउकोमा हान्दा बरामद भएको हो भनी प्रतिवादीले गरिदिएको सनाखत कागज, घटनास्थल लासजाच प्रकृति मुचुल्का, मृतक भरमान कामी पटेलको टाउकोको तालुमा अं. ८ से.मी. लामो काटेको चोट रहेको भन्ने व्यहोराको घटनास्थल लासजाँच मुचुल्का, टाउकोमा लागेको बोधो चोटका कारण मृत्यु भएको भन्ने व्यहोराको शव परीक्षण प्रतिवेदनसमेतका प्रमाण कागजात एक अर्कोमा समर्थित भएकाले मृतकको मृत्यु अन्य कुनै कारणबाट नभई प्रतिवादी अजय पटेलकै कर्तव्यबाट भएको भन्ने पुष्टि हुन आउने।

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३), (१४) नं. को कानूनी प्रावधान र यस मुद्दामा घटित वारदातलाई केलाई हेर्दा प्रतिवादी र मृतकबीच मार्नैपर्ने पूर्वरिसइवी भएको कुरा मिसिल संलग्न प्रमाणबाट देखिँदैन । मृतकलाई मार्नुपर्नेसम्मको मनसाय रहे भएकोसमेत देखिँदैन। निज प्रतिवादीको काका र बुबाबीच कुकुर मार्ने विषयलाई लिएर विवाद हुँदा आफ्नो बुबा जसबहादुर कामीको टाउकोमा रगत बगेकोमा मृतक हजुरबुबाले काकाको पक्ष लिएको भनी तत्काल उठेको रिसमा जोखिमी हतियारको प्रयोग नगरी नजिकै भेट्टिएको काठको मुङ्ग्रोले टाउकोमा गरेको कुटपिटको कारण मृतक भरमान कामीको मृत्यु हुन गएको कुरा मिसिल संलग्न प्रमाण कागजात एवम् तथ्यबाट समर्थित हुन आउने।

अत: उल्लिखित विवेचित आधार, प्रमाणसमेतबाट प्रतिवादी अजय पट्टेल कामीले मृतक भरमान कामीलाई मार्ने नै मनसायले जोखिमी हतियार प्रयोग नगरी सामान्य विवादमा तत्काल उठेको रिसले मृतकलाई काठको दाउराले प्रहार गर्दा मृतकको मृत्यु हुन गएबाट यस्तो किसिमको कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. आकर्षित हुने नभई सोही महलको १४ नं. को कसुर हुने हुँदा प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १४ नं. को कसुरमा १० (दश) वर्ष कैद हुने ठहर्‍याएको पुनरावेदन अदालत, बागलुङबाट मिति २०७०।०५।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकार र पुनरावेदक प्रतिवादी अजय पटेल कामीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ १४ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-CR-०३५५, जबरजस्ती करणी, *रमेशकुमार बुढा वि. नेपाल सरकार*

प्रतिवादीको बयान जाहेरवालाको जाहेरी दरखास्त, पीडित A र B को प्रहरीसमक्षको बयान कागज एवम् अदालतमा गरेको बकपत्र, निजहरूको स्वास्थ्य जाँच प्रतिवेदन तथा घटनास्थल मुचुल्का, प्रत्यक्षदर्शी ओमप्रकाश विष्ट, सुजन शाही र बबिता शाहीको प्रहरीसमक्ष गरेको बयान तथा अदालतमा गरेको बकपत्रलगायतका भौतिक तथा अन्य प्रमाणहरूले समर्थन गरेको देखिँदा यी प्रतिवादीले वर्ष ४ र वर्ष ५ की परिवर्तित नाम 'A' र 'B' लाई मिति २०६९।२।१४ गते जबरजस्ती करणी गरेको तथ्य स्थापित हुन आउने।

प्रस्तुत वारदातमा दुवै पीडित A र B योनिमा आधा लिङ्ग प्रवेश गराएको कुरा स्वत: स्वयम् प्रतिवादी मौकामा साबित भइरहेको देखिएको साथै माथि प्रकरणमा उल्लिखित विवेचनासमेतबाट निजले पीडितहरूसँग जबरजस्ती करणीको कसुर गरेको तथ्य

स्थापित भएको पाइने ।

अब सजायको हकमा विचार गर्दा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय १ मा दश वर्षभन्दा मुनिकी बालिका भए दशदेखि पन्ध्र वर्षसम्म कैद सजाय हुनेछ भन्ने कानूनी व्यवस्था रहेको छ । त्यसैगरी सोही महलको १० नं. मा जबरजस्ती करणी ठहर गरेकोमा सोही फैसलामा यस महलबमोजिम कसुरदारबाट भराइदिनु पर्ने क्षतिपूर्तिसमेत उल्लेख गरी सम्बन्धित महिलालाई भराई दिनु पर्दछ भन्ने कानूनी व्यवस्था रहेको देखिँदा निज प्रतिवादीलाई कैद वर्ष १० (दश) र पीडित 'A' र 'B' लाई जनही क्षतिपूर्तिबापत रू.२५,०००।– (पच्चीस हजार) दिलाई दिने गरी पुनरावेदन अदालत, जुम्लाबाट भएको फैसला मनासिब नै देखिने ।

उल्लिखित विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादी रमेशबहादुर बुढाले नाबालक परिवर्तित नाम 'A' र 'B' लाई जबरजस्ती करणी गरेको कसुर कायम गरी निज प्रतिवादीको उमेर र अवस्थासमेतलाई विचार गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय १ बमोजिम कैद वर्ष १० (दश) र सोही महलको १० न. बमोजिम पीडित 'A' र 'B' लाई जनही क्षतिपूर्तिबापत रू २५०००।– (पच्चीस हजार) दिलाई दिने गरी २०७०।२।९।५ गते सुरू कालीकोट जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत, जुम्लाबाट मिति २०७१।०१।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी रमेशबहादुर बुढाको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ १४ गते रोज ३ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री दिपक कुमार कार्की,** ०७०-CR-१५११ र ०७०-CR-०३४९, जबरजस्ती चोरी, *रोशन शर्मा वि. नेपाल सरकार, नेपाल सरकार वि. रोशन शर्मासमेत*

जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, मौकामा र अदालतमा गरेको बयान तथा बकपत्र तथा मिसिल संलग्न कागजातबाट समेत प्रतिवादी रोशन शर्मा चोरीमा संलग्न रहेको भन्ने पुष्टि हुन आएको छ । निजले आफूबाट बरामद घडी प्रहरीले नै आफैँ ल्याएको जिकिर गरे पनि सो कुरा पुष्टि गर्न सकेको पाइँदैन । यसरी चोरीको सामानसमेत यी प्रतिवादीबाट बरामद भई निज चोरी गर्ने कार्यमा प्रत्यक्षरूपमा संलग्न रहेको पुष्टि भइरहेको अवस्थामा निज प्रतिवादीले मैले जाहेरवाला र अर्को सह प्रतिवादी हुमाकान्त शर्मासमेतलाई नचिनेकोले मैले निजहरूसँग मिली चोरी कार्यमा संलग्न रहेको भनी विश्वास गर्न नै सकिँदैन भनी लिएको प्रतिवादी रोशन शर्माको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी रोशन शर्माबाट जाहेरवालाको घडी मात्र बरामद भएको देखिन्छ । साथै चोरी गरी प्रतिवादीहरूले बिक्री गरेको सुन ५० लाल मात्र देखिएको र सो सुनको खरिद दर मूल्य रू.४१,६५०/- रहेको भन्ने मिसिल संलग्न कागज प्रमाणबाट देखिन्छ। प्रतिवादीहरू रोशन शर्मा र हुमाकान्त शर्माबाट अरू धनमाल बरामद भएको मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि हुन आउँदैन । वादीको पुनरावेदन मागदाबीअनुसारको सबै धनमाल चोरी भएको देखिने अन्य कुनै कागज प्रमाणहरू वादीले पेस गर्न सकेको

पनि देखिँदैन । यसरी चोरी गरेको उपरोक्तानुसारको सुन बेचिएको देखिएको र घडी बरामद भएको अवस्थामा बरामद नदेखिएको अन्य अभियोग दाबीबमोजिमको धनमालसमेत यी प्रतिवादीले चोरी गरेको भन्ने वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित आधार प्रमाणहरूको आधारमा यी पुनरावेदक प्रतिवादी रोशन शर्मा र अर्का प्रतिवादी हुमाकान्त शर्मासमेतले अभियोग दाबीबमोजिमको कसुर गरी जाहेरवालीको बिगो रू. १,८९,०००।- मुलुकी ऐन, चोरीको महलको ४ नं. बमोजिम चोरीको कसुर गरेको देखिएकोले निजहरूलाई चोरीको १४ (२) र ऐ. को १८ नं. बमोजिम निजहरूलाई जनही १ वर्ष १ महिना १५ दिन कैद र जनही जरिवाना रू. २,८३,५००।- बापत १० वर्षसमेत गरी जम्मा ११ वर्ष १ महिना १५ दिन कैद हुने ठहर्‍याई सुरू जिल्ला अदालतले मिति २०६८।८।१९ मा गरेको फैसला केही उल्टी गरी यी प्रतिवादीहरू रोशन शर्मा र हुमाकान्त शर्माले जम्मा रू.२४,८२५।- को धनमाल मात्र चोरी गरेकोले निजहरूलाई सोही नं. हरू अनुसार जनही १ वर्ष १ महिना १५ दिन कैद र रू. ३७,२३७।५० जरिवाना हुने भई सो जरिवानाबापतको कैदसमेत हुने र जाहेरीवालीले यी प्रतिवादीहरूबाट बिगो रू. २०,८२५।- मात्र भराई पाउने ठहर्‍याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०७०।९।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मनकुमारी जि.एम.वि.क.

इति संवत् २०७३ साल असोज १२ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री दीपककुमार कार्की,** ०७०-CR-१२७२, जबरजस्ती करणीसमेत, *आशिष थापा वि. नेपाल सरकार*

लगातार कसुर हुन आई कसुर गर्ने श्रृङ्खलासमेत अटुट रहँदै आएको अवस्थामा अन्तिम पटक उक्त कसुर भएको समयबाट नै हदम्याद गणना गर्नुपर्ने हुन्छ । कसुरजन्य कार्यको सुरूवात भएको अवस्थाबाट नै समय गणना गरी हदम्याद कायम गर्नु न्यायोचित देखिँदैन । यसमा प्रतिवादीकै संरक्षणमा बसेको निरह तथा नि:सहाय बालक पीडितहरूले प्रतिवादीको डर धाक धम्कीमा परी कसुरजन्य कार्य सुरू गरेको समयमा नै सोको प्रतिवाद गर्न नसकेको, सो वारदातलाई बाहिर ल्याउन नसकेको वा सोउपर जाहेरी दिन नसकेको देखिने प्रशस्त सम्भावना रहेको देखिन्छ । अन्यलाई पनि सुरू हुँदा कै समयमा यस्तो कसुर सम्बन्धमा थाहा जानकारी नहुन स्वाभाविक नै मानिन्छ । प्रस्तुत वारदातको जाहेरी अन्तिम पटक कसुरजन्य कार्य भएको समयबाट मुलुकी ऐन, जबरजस्ती करणीको महलको ११ नं. को हदम्याद दिन ३५ भित्रै मिति २०६९।२।२९ मा परेको देखिएबाट हदम्यादभित्र जाहेरी नपरेको भन्ने प्रतिवादीको जिकिरसँग सहमत हुन नसकिने ।

मुलुकी ऐन, अ.बं. ७२ नं. हेर्दा एउटै मानिसले एउटै मानिसउपर जतिसुकै झगडाको विषयको कुरा लेखी ल्याएको र जतिसुकै मानिसले जतिसुकै मानिसउपर एउटै झगडाका विषयको कुरा लेखी ल्याएको भएपनि एउटै फिरादबाट लिई इन्साफ गर्नुपर्ने हुन्छ । यसमा पनि एउटै प्रतिवादी निज आशिष थापाउपर दुईवटा कसुरको सम्बन्धमा वादी नेपाल सरकारले अभियोग दायर गरेको देखिन्छ । यसरी अभियोग दायर गर्न उपरोक्त कानूनी व्यवस्थाअनुसार मिल्ने नै देखिन्छ । तसर्थ दुईवटा कसुरको सम्बन्धमा एउटै अभियोग पत्रबाट मुद्दा चल्न सक्दैन भनी प्रतिवादीका कानून व्यवसायीले लिएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीले जाहेरवाली बालिकाहरूलाई

जबरजस्ती करणी र जबरजस्ती उद्योग गरेको हो भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान तथा ततिम्बा बयान गर्दा साबिति रहेका देखिन्छन्। निज प्रतिवादीको श्रीमतीले समेत जबरजस्ती करणी गरेको भनी आफ्नो श्रीमान्ले भनेकोले जाहेरवाली A2 लाई फोन गरी सम्झाएको स्वीकार गरेको देखिन्छ । यसरी जाहेरी दरखास्तको व्यहोरा, पीडितको अनुसन्धानको कागज तथा अदालतमा गरेको बकपत्र, अनुसन्धानका क्रममा बुझिएको व्यक्तिहरूको अनुसन्धानमा र अदालतको बकपत्रसमेतको भनाई, प्रतिवादीको अनुसन्धानको बयान जस्ता मिसिल संलग्न कागज प्रमाणहरूको व्यहोराहरू अभियोग दाबीअनुसारको कसुर भएको सम्बन्धमा परस्पर समर्थित हुन आएको देखिने।

अदालतमा प्रतिवादी आशिष थापाले इन्कारी बयान गरी प्रहरीमा भएको आफ्नो बयान स्वेच्छापूर्वक भएको बयान होइन र अन्य व्यक्तिहरूले समेत रिसइबीका कारण आफूलाई फसाउन झुट्ठा व्यहोरा लेखाई दिएका हुन् भनी लेखाई आफ्ना साक्षीहरूबाट समेत सो व्यहोरा समर्थन गराउन खोजे पनि यी पीडितहरू लगायत अन्य व्यक्तिले किन आफूमाथि झुट्ठा आरोप लगाए ? भन्ने सम्बन्धमा र अनुसन्धानको आफ्नो बयान किन के कसरी अनिच्छापूर्वक भएको हो ? भन्ने सम्बन्धमा विश्वासयोग्यरूपमा भन्न सकेको वा सो प्रमाणित हुनसक्ने गरी कुनै प्रमाण गुजार्न सकेको पाइँदैन । मिसिल संलग्न प्रमाण हेर्दासमेत निजको अदालतको भनाई कहीँकतैबाट समर्थित हुन सकेको देखिँदैन । पीडित नाबालिकाहरू वर्ष १४ देखि १७ वर्षकी जबरजस्ती करणीको वारदातबाट पीडित बालिका हुन् । पीडित स्वयम् घटना वा वारदातको यथार्थ ज्ञाता तथा चश्मदिद् गवाह हुने हुँदा फौजदारी अपराधमा पीडित व्यक्तिले व्यक्त गरेको कुरालाई महत्त्वपूर्ण प्राथमिक प्रमाणको रूपमा लिनुपर्ने।

प्रतिवादीको इन्कारी बयान स्वतन्त्र र तथ्यपूर्ण प्रमाणबाट समर्थित हुन आवश्यक छ। यसरी अन्य प्रमाणबाट समर्थित हुन नसकेको आधारमा केवल प्रतिवादीले अदालतमा आई इन्कार गरेको आधारमा मात्र निज कसुरदार होइन भन्न सकिँदैन। प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष सचेत अवस्थामा वा आफूले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा कुनै प्रकारले बाध्यतामा नपरी गरेको स्वीकारोक्तिलाई प्रमाण ऐन २०३१ को दफा ९(२) बमोजिम निज विरूद्ध प्रमाणमा लिन मिल्ने देखिने हुन्छ। यसमा पनि अनुसन्धानमा बयान गर्दा प्रतिवादी सचेत अवस्थामा थिएन र निजलाई कुनै प्रकारले बाध्यतामा पारी बयान गराएको भन्ने कहीँकतैबाट देखिन आएको छैन। यस्तो अवस्थामा अन्य प्रमाणसमेतबाट समर्थित हुन आएको प्रतिवादीको अनुसन्धानको बयानलाई अन्यथामानी अन्य प्रमाणसमेतबाट समर्थित नहुने प्रतिवादीको अदालतको इन्कारी बयानलाई सही मान्न सकिँदैन। तसर्थ आफूले अदालतमा इन्कारी बयान गरी आफ्ना साक्षीबाट समेत समर्थन भएकोले सफाइ पाउनु पर्दछ भनी लिएको प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

करणी गर्ने कार्य A1 लाई २०६८ सालदेखि हुँदै आई पछिल्लोपटक मिति २०६९।०२।१८ मा र A2 लाई २०६७ सालदेखि हुँदै आई पछिल्लो पटक मिति २०६९।०२।१९ मा भएको स्वयम् पीडितहरूको भनाइबाट प्रस्ट हुन आएको छ। यसमा २०६९।२।२९ मा मात्र पीडितको स्वास्थ्य परीक्षण भएको पाइन्छ। स्वास्थ्य परीक्षण प्रतिवेदनमा A1 र A2 को Hymen is loose and torn भन्ने उल्लेख भएबाट यी पीडितहरू उपर जबरजस्ती करणी भएको नै देखिन्छ । लामो समयदेखि करणी हुँदै आएको अवस्थामा ढिला आएर मात्र गरिएको स्वास्थ्य परीक्षणमा जबरजस्ती करणी

भएको अन्य कुनै संकेत नदेखिनुलाई अस्वाभाविक मान्न सकिँदैन । त्यस्तै गरी पीडितहरू A3, A4, A5, A6 र A7 को बकपत्रसमेत निजहरूलाई यी प्रतिवादीले जबरजस्ती करणीको उद्योग गरेको भनी बकपत्र गरी दिएबाट जबरजस्ती करणीको उद्योग गरेको नै देखिन्छ । यस्ता जबरजस्ती करणीको उद्योग देखिने कार्यहरू गरेको तथ्य पुष्टि हुने संकेत स्वास्थ्य परीक्षण प्रतिवेदनमा देखिनु पर्दछ भन्ने नहुने ।

यी प्रतिवादीले पीडितहरू परिवर्तित नाम A1 र A2 उपर लामो समयदेखि जबरजस्ती करणी गरेको र अन्य पीडितहरू A3, A4, A5, A6 र A7 का बालिकाहरूलाई जबरजस्ती उद्योग गरेको भन्ने पीडितको भनाई, प्रत्यक्षदर्शीलगायतका अन्य व्यक्तिको भनाई साथै प्रतिवादीको अनुसन्धानको बयान व्यहोरासमेतका सबुद प्रमाणबाट समेत समर्थित भइसकेको अवस्थामा त्यस्ता कार्य जबरजस्ती करणी र जबरजस्ती करणीको उद्योगको परिधिभित्र नै पर्ने देखिन्छ । निजले पीडितहरू उपर गरेका यस्ता कार्यहरूलाई मुलुकी ऐन, आसय करणीको महलले परिभाषित गरेको आसय करणीको दायराभित्र मात्र राख्न नसकिने हुँदा त्यस्तो कसुरलाई आसय करणीको कसुर मात्र भएको भन्ने जिकिरसँगसमेत सहमत हुन नसकिने ।

अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी अविनाश अनाथ आश्रमका मेनेजिङ्ग डारेक्टर आशिष थापाले उक्त आश्रममा आफ्नै रेखदेख र संरक्षणमा बस्ने अनाथ बालिकाहरू परिवर्तित नाम A1 र A2 लाई जबरजस्ती करणी गरेको र परिवर्तित नाम A3, A4, A5, A6 र A7 बालिकाहरूलाई जबरजस्ती करणीको उद्योग गरेको पुष्टि हुन आएको देखी निज प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३ नं. को देहाय ३ अनुसार १० (दश) वर्ष कैद र अन्य A3 देखि A7 सम्मका नाबालिकाहरूलाई जबरजस्ती करणीको उद्योग गरेको कसुरमा ऐ. महलको ५ नं. अनुसार ५ वर्ष कैद गरी जम्मा १५ वर्ष कैद हुने, निज पीडित A1 र A2 ले जनही १(एक) लाख क्षतिपूर्तिसमेत प्रतिवादीबाट भराई लिन पाउने र मुलुकी ऐन, अ.बं. १६९ नं. बमोजिम प्रतिवादीका साक्षी सेती ठकुरी र सुनिल पौडेललाई रू.१,५००।- जरिवानासमेत हुने ठहर्‍याई सुरू रूपन्देही जिल्ला अदालतले मिति २०६९।१०।१० मा गरेको फैसलालाई सदर हुने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०७०।४।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मनकुमारी जि.एम.वि.क.

कम्प्युटर : सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७३ साल असोज १२ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६७-CR-०८१२, ठगी, *तिर्थ चन्द वि. नेपाल सरकार*

सुरूले कायम गरेको रू.२,४५,०००।– को बिगो कम गरी रू.१,३५,०००।– मात्र कायम गरी प्रतिवादीकै पक्षमा भएको फैसलालाई दफा ९ को व्यवस्थाअन्तर्गत पर्ने भनी सोझै यस अदालतमा पुनरावेदन पत्र दायर गरेको देखिँदा कानूनले पुनरावेदन गर्न पाउने हक नै प्रदान नगरेका प्रतिवादीले दायर गरेको पुनरावेदन कानूनसम्मत देखिन नआउने ।

सुरू कैलाली जिल्ला अदालतले ठगीको कसुरदार कायम गरेका यी प्रतिवादीले न्याय प्रशासन ऐनको दफा १२ बमोजिम मुद्दा दोहोर्‍याई पाउँ भन्ने निवेदन पेस गर्नुपर्नेमा दफा ९ बमोजिम पुनरावेदन दायर गरेको देखिँदा दाखिला गर्न ल्याएको नालिस पुनरावेदन दर्ता हुन नसक्ने देखिएमा उसै बखत फिर्ता नगरी अड्डाबाट दर्ता भएपछि खारेज हुने भएकोमा

खारेज गर्न सकिने मुलुकी ऐन, अ.बं. १८० नं. को कानूनी व्यवस्थासमेत रहेको देखिन्छ । तसर्थ प्रस्तुत मुद्दामा यस अदालतमा दर्ता भई पेस हुन आएको पुनरावेदन पत्र न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को व्यवस्थाअनुसार यस अदालतमा पुनरावेदन दर्ता हुने अवस्थाको नहुँदा मुलुकी ऐन, अ.बं. १८० नं. बमोजिम प्रस्तुत पुनरावेदन पत्र खारेज हुने ।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल मङ्सिर २७ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CI-१२१५, अंश नामसारी, *अनिरूता यादव वि. नाथुप्रसाद यादव*

प्रतिवादी अनिरूता यादवका नाउँमा रहेका आफ्नो निजी आर्जनको बन्डा नलाग्ने भनी जिकिर लिएका कि.नं. ३७ को जग्गा किशोर यादवबाट र कि.नं. २३२, ४१९ र ४७१ को जग्गा प्रतिवादी गोतरी यादवबाट बकस पाई निजको नाउँमा कायम भएको देखिन्छ । कि.नं. २३२, ४१९ र ४७१ को जग्गा यी वादी प्रतिवादीहरू एकासगोलमै रहेको अवस्थामा प्रतिवादी गोतरी यादवले हालैको बकस गरिदिई यी प्रतिवादी अनिरूता यादवका नाउँमा दर्ता कायम हुन आएको पैतृक सम्पत्ति भन्ने देखिन्छ । यसरी वादी प्रतिवादी सगोलमा नै रहेको अवस्थामा पैतृक सम्पत्तिलाई बकसपत्रका माध्यमबाट नामसारी गरी अंशियारभित्रकै अर्का व्यक्तिमा हक हस्तान्तरण गरी ल्याएको देखिएकोले उल्लिखित कि.नं. २३२, ४१९ र ४७१ का जग्गाहरूलाई पैतृक सम्पत्ति मानी बन्डा हुने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

उल्लिखित कि.नं. ३७ क्षेत्रफल ०-३-० को जग्गा र.नं. ४३८०(ख) मिति २०६७।१।१३ बाट किशोर अहिरले हालैको बकसपत्र गरिदिई यी पुनरावेदक प्रतिवादी अनिरूता यादवको नाममा आएको लिखत प्रमाणहरू मिसिल संलग्न रहेको पाइन्छ । उक्त सबुद प्रमाणलाई वादी पक्षले तथ्ययुक्त तवरबाट खण्डन गर्न सक्नु भएको छैन । बकसपत्र गरिदिने दाता यस अंश मुद्दाका अंशियार नभई उनाउ व्यक्ति रहेको र निजलाई प्रतिवादीले रिझाई हालैको बकस लिखतबाट उक्त कि.नं. ३७ को जग्गा प्रतिवादीका नाउँमा आएको देखिँदा उक्त कि.नं. को जग्गालाई समेत अंशियारहरूबीच अंशबन्डा लाग्ने गरी भएको पुनरावेदन अदालत, बुटवलको फैसलालाई कानून र न्यायको रोहमा उपयुक्त मान्न नमिल्ने ।

अतः उपरोक्त विवेचित आधार कारणबाट आफ्नो पुर्ख्यौली सम्पत्ति अर्थात् यी वादीकोसमेत अंशहक लाग्ने सम्पत्ति बकसपत्र गरिदिएको देखिएको अवस्थामा सो बकसपत्रले कानूनी मान्यता पाउने अवस्थादेखिन आउँदैन । तसर्थ पेस भएको फाँटवारीमध्येबाट प्रतिवादी अनिरूता यादवको नामको सम्पत्ति समेतबाट वादी दाबीबमोजिम ५ भागको १ भाग अंश वादीले प्रतिवादीहरूबाट पाउने ठहर्‍याई भएको सुरू रूपन्देही जिल्ला अदालतको फैसला मिलेकै देखिँदा सदर हुने भनी भएको पुनरावेदन अदालत, बुटवलको मिति २०७०।५।१० को फैसला केही उल्टी भई कि.नं. ३७ को जग्गा उनाउ व्यक्ति किशोर यादवबाट यी प्रतिवादी अनिरूता यादवका नाउँमा हालैको बकसपत्रबाट प्राप्त भएको देखिँदा सोमा समेत बन्डा लगाउने ठहर गरेको सुरू रूपन्देही अदालतको फैसलालाई नै सदर गर्ने गरेको पुनरावेदन अदालत, बुटवलको फैसलालाई सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई उल्लिखित कि.नं. ३७ को जग्गा प्रतिवादी अनिरूता यादवको निजी आर्जन ठहर्ने ।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल कात्तिक १९ गते रोज ६ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०४५०, कर्तव्य ज्यान डाँका, *फुर्वा शेर्पा वि. नेपाल सरकार*

पुनरावेदकले अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कार रहे पनि अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा घटनाको बारेमा सिलसिलेवाररूपमा लेखाएको व्यहोरा मृतकको लास प्रकृति मुचुल्काको व्यहोरासँग मेल खाइरहेको देखिन्छ । अधिकारप्राप्त अधिकारीसमक्षको बयान कुटपिट गरी डरत्रासमा पारी गराएको भन्ने पुनरावेदन जिकिर भए पनि सुरू अदालतसमक्ष बयान गर्दा सो कुरा लेखाउन नसकी उक्त बयान कागजमा भएको सहीछाप मेरो हो भनी लेखाई सो अधिकारप्राप्त अधिकारीसमक्षको बयानलाई स्वीकार गरेको पाइन्छ । प्रमाण ऐन, २०३१ को दफा २७ (१) मा "प्रचलित नेपाल कानूनबमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार निजको हुनेछ" भन्ने व्यवस्था भएको पाइन्छ । सो कानूनी व्यवस्थाअनुसार प्रस्तुत मुद्दामा वारदातको दिन आफ्नै घरमा रहेको भन्ने यी पुनरावेदकको पुनरावेदन जिकिर रहेकोमा सो जिकिरलाई पुष्टि गर्ने तथ्ययुक्त र ठोस प्रमाण पेस गर्न सकेको पाइँदैन । थाकखोला होटलको कोठा नं. १०३ मा गई बसी कोठाको चार्जसमेत नबुझाई भागी जाने व्यक्ति यी प्रतिवादी हुन् भनी सो होटलका सञ्चालक चन्द्रमान तुलाचनले निजलाई चिनी गरिदिएको सनाखत तथा सोकोठामा छाडी गएका सामानहरू आफ्ना र साथीहरूको हो भनी यी प्रतिवादीले सामान चिनी गरिदिएको सनाखतबाट पनि यी पुनरावेदकको वारदातका मितिमा आफ्नै घरमा रहेको भन्ने जिकिरलाई खण्डित गरिरहेको अवस्था हुँदा अदालतमा आई गरेको इन्कारी बयानको आधारमा मात्र कसुरबाट छुट पाउँदै र दिँदै जानु फौजदारी कानूनको मर्म र भावनाविपरीत हुन जान्छ। कुनै वारदात वा घटनामा संलग्नता रहे नरहेको भन्ने तथ्ययुक्त प्रमाणबाट प्रमाणित हुनु पर्दछ। प्रस्तुत मुद्दामा मृतकलाई कर्तव्य गरी मार्नेमा यी प्रतिवादीको संलग्नता रहेको भन्ने माथि विवेचित प्रमाणबाट पुष्टि भइरहेको हुँदा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने यी पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

उल्लिखित आधार प्रमाणबाट यी पुनरावेदक प्रतिवादीले मृतक दामोदरप्रसाद भट्टलाई कर्तव्य गरी मारेको देखिन आएकाले निज प्रतिवादी फूर्वा शेर्पालाई ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम जन्मकैदको सजाय गर्ने गरी भएको मिति २०६७।५।२८ को कास्की जिल्ला अदालतको फैसला मिलेको देखिँदा साधक सदर हुने ठहर गरी मुद्दामा निज पक्राउ परेको मितिदेखि नै थुनामा रही यस मुद्दामा समेत पुर्पक्षको लागि थुनामा बसेको देखिँदा सो ठगी मुद्दामा थुनामा रहेको मितिदेखि नै यस मुद्दामा ठहरेको जन्मकैदको लगत कसी कानूनबमोजिम असुल गर्नु पर्ने र डाँकातर्फमा सजाय नगरेकोमा प्रतिवादीबाट असुलउपर गर्ने भनी रू.१०,०००।- जरिवानाको लगत राखी सुरू जिल्ला अदालतको फैसलाको तपसिल खण्डमा अन्यथासमेत उल्लेख गरेकोसम्म सच्याई दिएको छ भनी भएको पुनरावेदन अदालत, पोखराको मिति २०६९।२।७ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७२ साल पुस ३० गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-CI-०७९४, निषेधाज्ञा, *नारायण चन्द वि. जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरसमेत*

विपक्षी धनेश्वरी चन्दले निजको श्रीमान्को नाममा रहेको आफ्नोसमेत अंश हक लाग्ने घरमा बस्न चाहेको अवस्थामा बस्न पाउने नै हुँदा यी निवेदकको घरमा निजले बस्न नपाउने भन्न मिल्ने अवस्था रहँदैन । पुनरावेदकसँग राम्रो सम्बन्ध नरहेको र अदालतमा सम्बन्धविच्छेद मुद्दा विचाराधीन रहेकै आधारमा कसैलाई पनि निजको हकाधिकारबाट नै वञ्चित गर्नु कदापि न्यायसङ्गत नहुने ।

पुनरावेदकलाई विपक्षीले यातना दिएको नभई यी पुनरावेदकले नै विपक्षीलाई यातना दिँदै आएको प्रस्ट हुन जान्छ । यसैगरी यी विपक्षी एक असहाय महिला भएकोले निजलाई घरभित्र पस्न दिएमा निजबाट कुनै अप्रिय घटना भई निवेदकको जिउ ज्यानमा समेत असर पर्नजाने देखिँदैन । सोही आधार लिएर निज विपक्षीलाई हकाधिकारबाट वञ्चित गर्नुसमेत न्यायसङ्गत हुँदैन । यस्तो अवस्थामा पुनरावेदकको मागबमोजिम विपक्षीलाई निजको समेत अंश हक लाग्ने घरमा प्रवेश गर्ने कार्यमा रोक लगाउने गरी निषेधाज्ञाको आदेश जारी गर्नु उपयुक्त नदेखिने ।

अतः उपरोक्त विवेचित आधार कारणबाट यी पुनरावेदक निवेदक नारायण चन्दले दिएको निवेदनअनुसार निषेधाज्ञाको आदेश जारी गर्ने अवस्थाको विद्यमानता नरहेकोले निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०७०।१२।२ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल मङ्सिर २ गते रोज ५ मा शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या. डा. आनन्दमोहन भट्टराई,** ०७२-WO-१०१०, परमादेश, *मीरा कुँवर वि. नेपाल सरकार, वैदेशिक रोजगार विभाग*

नेपालको संविधानको धारा १७(२)(च) ले प्रत्येक नागरिकलाई नेपालको कुनै पनि भागमा पेसा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता प्रदान गरेको पाइन्छ । त्यस्तैगरी संविधानको धारा २५ मा प्रत्येक नागरिकलाई रोजगारीको हक र रोजगारको छनौट गर्न पाउने हक प्रत्याभूत गरिएको पाइन्छ । संविधानको धारा १७(२)(च) द्वारा प्रदत्त पेसा रोजगार व्यवसायको स्थापना र सञ्चालनको हकमा सोही धाराको प्रतिबन्धात्मक खण्ड (६) को अवस्थामा बाहेक रोक लगाउन मिल्ने देखिँदैन । प्रतिबन्धात्मक खण्ड (६) मा, संघीय इकाइबीचको सुसम्बन्धमा खलल् पुर्‍याउने कार्य वा सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्न पाउने वा कुनै पेसा, रोजगार, उद्योग, व्यापार वा व्यवसाय गर्नका लागि कुनै सर्त वा योग्यता तोक्ने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन भन्ने व्यवस्था रहेको छ । सो व्यवस्थाबाट नागरिकलाई संविधान प्रदत्त मौलिक हकमा माथि उल्लिखित अवस्थामा मात्र रोक लगाउन सकिने र त्यस्तो कुनै अवस्था परी रोक लगाउनु परेमा ऐन बनाएर मात्र सकिने हुन्छ । जुन सर्त र आधारमा पेसा वा व्यवसाय गर्नमा रोक लगाउन सकिने हो सो सर्तभित्र निवेदनले सञ्चालन गर्न खोजेको वैदेशिक रोजगार व्यवसाय पर्ने नदेखिने ।

निवेदकले वैदेशिक रोजगार, व्यवसाय सञ्चालन गर्न वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११ बमोजिम विपक्षी वैदेशिक रोजगार विभागसमक्ष इजाजत पत्र प्राप्त गर्न निवेदन दिएको भए सो निवेदनउपर कारवाही चलाई वैदेशिक रोजगार विभागको च.नं.७०६ मिति २०६८/०६/०५ मा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्नका लागि नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त 'क' वर्गको बैंकबाट रू.२३,००,०००।- (तेइस लाख) को ५ वर्षको बैंक ग्यारेन्टी र धरौटीबापत रू.७,००,०००।- (सात लाख) नगदै वा दुवै जम्मा गरी रू.३०,००,०००।- (तीस लाख) नगदै विभागको नेपाल राष्ट्रको बैंकको धरौटी खातामा जम्मा गरी सोलगायत इजाजत दस्तुरबापत रू. २०,०००।- (बीस हजार) समेतको सक्कलै भौचर पेस गर्न हुन जानकारी गराइन्छ भन्ने व्यहोराको पत्र लेखेबमोजिम उक्त बैंक ग्यारेन्टी, धरौटी र इजाजत दस्तुरबापतको नगदै रकम विपक्षीको नेपाल राष्ट्र बैंकमा रहेको धरौटी खातामा जम्मा गर्न जाँदा वैदेशिक रोजगार विभागको निर्देशनअनुसार उक्त रकम जम्मा गर्न मिल्दैन भनी मौखिक जवाफ दिएको भन्ने निवेदकको निवेदनबाट देखिन्छ। सो कुरा गरेको होइन भन्ने विपक्षी विभागको जिकिर देखिँदैन। बरू मन्त्रिपरिषद्को मिति २०६८/०६/१३ को निर्णय देखाई सो कारण इजाजत दिन नसकिएको भनी आफ्नो दायित्वबाट पन्छिन खोजेको देखिन्छ । विभागले स्पष्टरूपमा इजाजत दिन इन्कार गरेको भन्ने नदेखिए पनि मन्त्रिपरिषद्को मिति २०६८।०६।१३ को निर्णय उल्लेख गरेबाट वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११(६) र (७) को उपचार प्रभावकारी हुन्छ भन्न सकिने अवस्था देखिएन। यस स्थितिमा पुनरावेदनको मार्ग अवलम्बन नगरी किन रिट क्षेत्रमा प्रवेश गरेको भनी निवेदकलाई दोष लगाउन मिल्ने नदेखिने।

मिति २०७२/११/१३ निर्णयको परिप्रेक्ष्यमा हेर्दा संविधान र कानूनबमोजिम गर्नुपर्ने काम अन्य क्षेत्रको निर्देशनको आधारमा नगर्नु न्यायोचित हुँदैन। वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ११ को सर्त पूरा गरेको अवस्थामा कानूनबमोजिम इजाजत पत्र दिनुपर्नेमा तुरून्त दिनुपर्ने र दिन नमिल्ने आधार र कारण खुलाई निवेदकलाई जानकारी दिनुपर्ने हुन्छ । विपक्षी विभागले निवेदक कम्पनीसँग बैंक ग्यारेन्टी, धरौटी र इजाजत दस्तुर बुझाएको सक्कलै भौचर पेस गर्नु भनी पत्र दिइसकेपछि निवेदक कम्पनीले सोबापतको नगदै रकम बुझाउन जाँदा आलटाल गरी अन्य कारण देखाई रकम बुझ्नबाट रोक्नु र इजाजत नदिनु कानूनतः मिल्ने देखिन आएन। विपक्षीको उक्त कार्यबाट निवेदकको संविधानप्रदत्त पेसा, रोजगार गर्न पाउने हकाधिकारमा आघात पर्न गएको देखिन आउने।

माथि विवेचित उल्लिखित आधार र कारणबाट निवेदक कम्पनीले वैदेशिक रोजगार, व्यवसाय सञ्चालन गर्न इजाजतपत्र पाउँ भनी विपक्षी विभागसमक्ष निवेदन दिई निवेदकसँग बैंक ग्यारेन्टीसमेतका सक्कल भौचर पेस गर्नु भनी पत्र दिइसकेपछि निवेदक कम्पनी बैंक ग्यारेन्टीसमेत दस्तुर बुझाउन जाँदा बुझ्न आलटाल गरेको देखिँदा कानूनले तोकेको आधारभूत सर्त पूरा गरेको अवस्थामा बिना कानूनी आधार इजाजत पत्र दिन इन्कार गर्न नमिल्ने हुनाले कानूनको रीत पुर्‍याई निवेदकलाई इजाजत पत्र दिनु भनी विपक्षी वैदेशिक रोजगार विभागका नाममा परमादेश जारी हुने।

मुद्दा नं. ०६९-WO-०१४३ र त्यस्तैगरी अर्को ०७२-WO-०४०० नं. को रिट निवेदनमा यसपूर्व नै यस अदालतबाट मन्त्रिपरिषद्को मिति २०६८।०६।१३ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर भइसकेको अवस्थामा पनि नयाँ इजाजत दिन इन्कार गरिरहेको कारण यस अदालतमा रिट पर्ने स्थिति नरोकिएको देखिन आयो। यसो गर्नु संविधान र कानूनसम्मत नहुँदा अब आइन्दा वैदेशिक रोजगार

व्यवसाय सञ्चालन गर्नका लागि वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११(१) बमोजिम तोकिएबमोजिमको विवरण खुलाई कानूनको रीत पुर्‍याई निवेदन परेको र सोही ऐनको दफा ११ बमोजिमको प्रक्रिया पुगेको अवस्थामा मन्त्रिपरिषद्को मिति २०६८।०६।१३ को निर्णयानुसार भनी वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत पत्र दिन नरोक्नु भनी वैदेशिक रोजगार विभाग, काठमाडौंका नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

इति संवत् २०७३ साल माघ ३ गते रोज २ शुभम्।

- यसै लगाउको ०७२-WO-१०११, परमादेश, *सुवास थापा वि. नेपाल सरकार, वैदेशिक रोजगार विभाग* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-०१००, कर्तव्य ज्यान, *गायत्री श्रेष्ठ (घिमिरे) वि. नेपाल सरकार*

कसैले एउटा उद्देश्य लिई कुनै कार्य गरिरहेको छ भने त्यस्तो अवस्थामा सो कार्य गर्ने व्यक्तिको भुलवश भएको कुनै कार्यबाट चाहेकोभन्दा भिन्न परिणाम निस्केको अवस्था भवितव्य हो। यी प्रतिवादीले निजले अनुसन्धानको क्रममा एवम् अदालतमा बयान गर्दा तथा यस अदालतमा पुनरावेदन गर्दासमेत त्यस्तो अवस्था सिर्जना भएको उल्लेख गराउन सकेको देखिँदैन । निजले बच्चा रोएकोले रिस उठी नजिकै भएको ह्याम्मरले बच्चालाई हानेको भनी उल्लेख गराएको देखिन्छ । अर्थात् सो ह्याम्मर चलाउँदा निजको उद्देश्य अरू कुनै चिजलाई हान्ने वा अरू नै कुनै प्रयोजनको लागि सो ह्याम्मर चलाएको होइन कि बच्चालाई नै हान्ने उद्देश्यले चलाएको देखिन्छ । निज प्रतिवादीले अर्को उद्देश्यको लागि सो ह्याम्मर हान्ने कार्य गरेको र अनपेक्षित परिणामको रूपमा प्रस्तुत घटना घटेको नदेखिएकोले निजको उक्त कार्य भवितव्य मान्न मिल्दैन । प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत १३(३) नं.मा उल्लिखित कसुर गरेकोले सोहीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न नमिल्ने।

मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम प्रतिवादीलाई १० वर्ष कैद सजाय हुने गरी पुनरावेदन अदालतबाट व्यक्त भएको रायको सम्बन्धमा विचार गर्दा मृतक बच्चा यी प्रतिवादीकी दुई वर्षकी छोरी भएको देखिन्छ । दुई वर्षकी नाबालक छोरीसँग कुनै रिसइबीसमेत हुन सक्ने अवस्था देखिँदैन। प्रतिवादीले आरोपित कसुर स्वीकार गरी अनुसन्धान कार्य र न्याय निरूपण प्रक्रियामा समेत सहयोग पुर्‍याएको देखिन्छ। प्रतिवादी कुनै पेसेवर अपराधी पनि होइन। साथै निजले प्रस्तुत वारदात घटाउन कुनै पूर्वयोजना बनाएको वा तयारी गरेको देखिँदैन। वारदात घटेपछि पनि त्यसलाई लुकाउने छिपाउने कुनै प्रयास गरिएको छैन। छोरी रोएकोले रिस उठी नजिकै रहेको काठको बिँड भएको ह्याम्मरले हिर्काउँदा चोट लागी उपचारको क्रममा प्रतिवादीको छोरी कञ्चन घिमिरेको मृत्यु भएको छ । यी प्रतिवादी मानसिक रोगले ग्रस्त भई निजलाई बेलाबेलामा रिस उठ्ने, मर्न मन लाग्ने, चिच्याहट हुने जस्ता लक्षणसमेत देखिएको छ। निज मानसिक रोगले ग्रस्त भएको कुरा जाहेरवाला माइली श्रेष्ठको जाहेरीमा उल्लेख भएको व्यहोरा र अदालतको आदेशानुसार भएको मिसिल संलग्न निजको स्वास्थ्य परीक्षण कार्डबाट समेत देखिन्छ । जसको उचित विवेचना मुद्दाको रोहमा गरिएको देखिँदैन । सामान्य अवस्थामा रहेको एउटा महिलाले आफैँले जन्म दिएकी नाबालिका छोरीलाई हत्या गर्छन् भन्ने कुरा कल्पना पनि गर्न सकिन्न। प्रतिवादीको पारिवारिक, शारीरिक र मानसिक अवस्थालगायत वारदात हुँदाको परिस्थितिलाई मध्यनजर गरी विचार गर्दा यी

प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिएकोले मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम ९ वर्ष कैद सजाय गर्न उपयुक्त देखिने।

उल्लिखित तथ्य, विवेचना एवम् प्रमाणहरूको आधारमा काठमाडौं जिल्ला अदालतबाट प्रतिवादी गायत्री श्रेष्ठ (घिमिरे) लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७१/१२/१० को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। वारदात हुँदाको परिस्थितिलाई समेत विचार गर्दा प्रतिवादी गायत्री श्रेष्ठ (घिमिरे) लाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्न जाने देखिएकोले मुलुकी ऐन, अ.बं.को १८८ नं. बमोजिम ९ वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल पुस २७ गते रोज ४ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CR-०२४२, कर्तव्य ज्यान, *सुनिल सोरेन वि. नेपाल सरकार*

अदालतमा आई प्रतिवादी सुनिल सोरेनले कसुरमा इन्कारी भई जे जस्तो जिकिर गरे पनि अनुसन्धानका अवस्थामा निजले गरेको बयानलाई निजउपर पोल परेको कागज एवम् लास प्रकृति र पोष्टमार्टमसमेतका कागजहरूले निजको उक्त कथनलाई समर्थन गरी राखेको हुँदा निज प्रतिवादीको आफूले प्रहार नगरेको भन्ने अदालतको बयान जिकिर एवम् आफू वारदातमा संलग्न नै नभएकोमा कसुरदार कायम गरेको फैसला नमिलेको भन्ने पुनरावेदन जिकिर तथ्यसङ्गत मान्न नसकिने। वारदातस्थलमा उपस्थित रहेको अवस्थामा भएको वारदातका क्रममा यी प्रतिवादीसमेतको प्रहारबाट मृतक दिनेश लिम्बूको मृत्यु भएको भन्ने कुरा पुष्टि भएको देखिँदा पुनरावेदन अदालतले ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम निज प्रतिवादीलाई १०(दश) वर्ष कैद गरेको फैसलालाई अन्यथा मान्न मिलेन तसर्थ पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

माथि विवेचित तथ्य, प्रमाण कानूनसमेतका आधारबाट प्रतिवादी बोका भन्ने सुनिल सोरेनलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. को कसुर गरेको ठहर्‍याई सोही १४ नं. बमोजिम निजलाई कैद वर्ष १०(दश) गरेको झापा जिल्ला अदालतको मिति २०६९।९।५ को फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०७०।१०।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल माघ ५ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CR-०५४३, ०७३-RC-००५७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दिनेश साह कानूसमेत, नेपाल सरकार वि. दिपनारायण साह कानू*

लास जाँच मुचुल्का र शव परीक्षण हुन नसके पनि घटनास्थल मुचुल्का एवम् प्रतिवादी दीपनारायणको बयानसमेतबाट सिमादेवीको मृत्यु भएकोमा कुनै विवाद नभएको र प्रतिवादी दीपनारायणसमेतले मृतक सिमादेवीलाई भारतको रक्सौल लगेको, मृतकको मृत्यु सम्बन्धमा मृतकको माइतीलाई खबर नगरेको, मृतकको उपचार गराएको प्रेस्क्रीप्सन तथा अस्पतालले दिएको Death certificate पेस हुन नसकेको जस्ता परिस्थितिजन्य प्रमाणहरूबाट यी प्रतिवादीले मृतकलाई उपचार गराउन लगेको नभई आफ्नै घरमा मृतकलाई कुटपिट गरी मारी भारतको

रक्सौलतर्फ लगेको देखिन आउँछ । घटना देख्ने चश्मदिद् र प्रत्यक्ष प्रमाण नभए पनि मालाकाररूपमा देखिएको परिस्थितिजन्य प्रमाणबाट सिमादेवीलाई मार्ने कार्यमा प्रतिवादी दिपनारायण साहको संलग्नता पुष्टि भइरहेको छ । तसर्थ प्रतिवादी दिपनारायण साहलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. तथा १३(३) नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेकै देखिने।

अनुसन्धानको क्रममा प्रहरी चौकी बुढगाई, पर्साले मिति २०६८।३।३ मा जिल्ला प्रहरी कार्यालय, पर्सालाई लेखेको पत्रमा घटना हुँदा अशोक साह र दिनेश साह घरमा नभएको भन्ने बुझिएको भन्ने उल्लेख भएको देखिन्छ भने निज प्रतिवादीहरू आफैँ अदालतमा उपस्थित भई वारदातको समयमा हामी पर्वत जिल्लाको शिवालय गा.वि.स.मा राज मिस्त्रीको रूपमा काम गरी आएको भनी आरोपित कसुरमा इन्कार रही बयान गरेका र निजहरूको साक्षी सुरेश साह कानुले प्रतिवादीहरू अशोक साह र दिनेश साह घटना हुँदा सो ठाउँमा नरहेको, निजहरू निर्दोष हुँदा सजाय पाउनु पर्ने होइन भनी निज प्रतिवादीहरूको बयानलाई समर्थन गर्दै बकपत्रसमेत गरेको देखिँदा उक्त वारदातमा प्रतिवादीहरू अशोक साह र दिनेश साहको कुनै संलग्नता रहेको देखिँदैन । तसर्थ पुनरावेदन अदालतबाट निज प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिनेगरी भएको फैसलालाई अन्यथा मान्न नमिल्ने।

अतः माथि विवेचित तथ्य, प्रमाण र आधारसमेतबाट प्रतिवादीहरू दिपनारायण साह, अशोक साह र दिनेश साहले अभियोगबाट सफाइ पाउने ठहर्‍याई गरेको पर्सा जिल्ला अदालतबाट भएको मिति २०६९।३।२७ को फैसलालाई केही उल्टी गरी प्रतिवादी दीपनारायण साहलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने तथा अन्य प्रतिवादीहरू अशोककुमार साह र दिनेश साहको हकमा सुरू अदालतको फैसला सदर हुने ठहर्‍याई भएको पुनरावेदन अदालतको मिति २०७१।२।१२ को फैसला मिलेकै देखिँदा प्रतिवादी दीपनारायण साहको हकमा साधक सदर हुने।

इजलास अधिकृत : यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल माघ ५ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-WO-०५५४, उत्प्रेषण, *नारायणबहादुर थापासमेत वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत*

साबिकको ५ दरबन्दीमा नयाँ थपिएको १ गरी ६ वटा दरबन्दी कायम भएकोमा साबिकको दरबन्दी बमोजिमको पदको पदपूर्ति भइरहेको स्थितिमा पद खाली नभएको हुँदा बढुवाको लागि यी पदहरूको संख्या समावेश गरी पठाउन मिल्ने देखिएन । साथै पदपूर्ति नभई पद बाँकी रहेको भएमा पनि बढुवाको सम्भाव्य उम्मेदवारबाट निवेदकहरू वञ्चित हुने अवस्था पनि देखिँदैन । तसर्थ प्रस्तुत रिट निवेदन कानूनसङ्गत नदेखिँदा खारेज हुने।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल माघ ४ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-WO-१०४५, उत्प्रेषण, *मुरारीप्रसाद काफ्ले वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत*

निवेदकले नेपाली, इतिहास र संस्कती मूल विषय लिई मानविकी तथा समाजिक विज्ञान संकायमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको देखिँदा नेपाल प्रशासन सेवा राजश्व समूह राजपत्राङ्कित तृतीय

श्रेणीमा बढुवा हुन निजको शैक्षिक योग्यताको अभाव रहेको देखिन्छ । निजामती सेवा ऐन, २०४९ को दफा २४घ१क को उपदफा १ को खण्ड (ग) बमोजिम निजले नेपाल प्रशासन सेवा, राजश्व समूह, राजपत्राङ्कित तृतिय श्रेणीको पदमा बढुवा हुनको लागि सम्बन्धित सेवा समूह वा उपसमूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रमाणपत्र तह वा सोसरहको शैक्षिक योग्यता पूरा गरेको नदेखिँदा निज निवेदकलाई जेष्ठता र कार्यसम्पादनको मूल्याङ्कनको आधारमा हुने बढुवाको लागि सम्भाव्य उम्मेदवार कायम गर्न नमिल्ने ।

निवेदक २०४३ सालमा खरिदार पदमा सेवा प्रवेश गरेको र २०६३ सालमा राजश्व समूहको नायब सुब्बा पदमा एक तह मुनीको खरिदार पदको लागि चाहिने एस.एल.सी.योग्यता भए पुग्ने आधारबाट बढुवा भएको देखिन्छ । निवेदक राजश्व समूहमा नै सुरू प्रवेश गरेको भन्ने देखिन नआई ना.सु. पदमा एस.एल.सी.को योग्यतालाई आधारमानी बढुवा भई आएको देखियो । तसर्थ निज निवेदकले मानविकी तथा सामाजिक विज्ञान संकायको प्रविणता प्रमाणपत्र तहमा नेपाली, इतिहास र संस्कृति विषय लिई हासिल गरेको उक्त शैक्षिक योग्यतालाई न्यूनतम योग्यता मानी निज राजश्व समूहमा सेवा प्रवेश गरेको नदेखिँदा माथिल्लो पदमा उक्त निजामती सेवा नियमावली, २०५० को नियम ७५ मा उल्लिखित प्रावधान आकर्षित हुनसक्ने नदेखिने ।

ऐनमा स्पष्टरूपमा तोकेको योग्यताको हकमा नियमावलीले अन्यथा व्यवस्था गरेपनि सो ऐनको प्रावधान नै लागू हुने हुन्छ । निवेदकले मानविकी तथा समाजिक विज्ञान संकायमा हासिल गरेको प्रविणता प्रमाणपत्र तहको शैक्षिक योग्यता उक्त बढुवा प्रयोजनको लागि एक तह मुनिको न्यूनतम शैक्षिक योग्यता पुगेको मान्न मिल्दैन । दक्ष, गुणस्तर राजश्व प्रशासनको सञ्चालन गर्ने हेतुले आवश्यक पर्ने शैक्षिक योग्यता नियमानुसार तोकेको हुँदा सो व्यवस्थालाई अनदेखा गर्न नमिल्ने ।

अत: निजामती सेवा ऐन, २०४९ को दफा २४घ१क. को उपदफा १(ग) मा उल्लिखित न्यूनतम योग्यता पुगेको नदेखिँदा निज निवेदक मुरारीप्रसाद काफ्लेलाई जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा हुने बढुवाको लागि सम्भाव्य उम्मेदवार कायम गर्न नमिल्ने भनी बढुवा समिति, सामान्य प्रशासन मन्त्रालयको मिति २०७२।१।७ को निर्णय र सो निर्णय सदर गर्ने गरेको लोक सेवा आयोगको निर्णय नं. ३०८ मिति २०७२।२।३२ को निर्णय कानूनसम्मत नै रहेको पाइयो । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल माघ ४ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-WO-०२४२, उत्प्रेषण, *रमेशकुमार गोईत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगरसमेत*

निवेदकले निजामती सेवा ऐन, २०४९ को दफा २४घ१क को (१)(ग)(२) को प्रावधानअनुरूप सम्बन्धित सेवा समूह वा उपसमूहसँग सम्बन्धित विषयमा १ महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिई जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि दरखास्त फारामसाथ पेस गर्न सकेको देखिँदैन । निजले सेवाकालीन तालिमको लागि विधिवत्‌रूपमा मनोनयन भई नेपाल सरकार वा नेपाल सरकारले तोकेको निकायबाट सञ्चालित तालिम लिएको प्रमाणपत्र पेस गर्न सकेकोसमेत पाइँदैन । निज निवेदक रमेशकुमार गोईतले कानूनले स्पष्टरूपमा तोकेको सर्त सेवाकालीन तालिम लिएको नदेखिँदा निज निवेदक नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, हाइवे उपसमूह, राजपत्राङ्कित तृतीय श्रेणी (प्रा.) इन्जिनियर पदको

लागि जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने अवस्था नरहने।

निवेदकले दाबी गरेको पद राजपत्राङ्कित तृतीय श्रेणीको भएको र सो पदमा बढुवा हुन जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनको अतिरिक्त सम्बन्धित विषयमा प्रमाणपत्र तह वा सोसरहको शैक्षिक योग्यता प्राप्त र १ महिना वा सोभन्दा बढीको सम्बन्धित सेवा समूह वा उपसमूहसँग सम्बन्धित विषयमा सेवाकालीन तालिम लिएको हुनुपर्ने अनिवार्य व्यवस्था गरेको देखिँदा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन मात्र भए पुग्ने तालिम आवश्यक नभएको भन्ने रिट निवेदन जिकिर मिल्ने नदेखिने।

कुनै कानूनको व्याख्या गर्दा ऐनमा प्रयुक्त कुनै खण्ड वा भाग मात्रलाई हेरेर अर्थ निकाल्ने होइन तत्सम्बन्धी भएका सम्पूर्ण व्यवस्थाहरूको समष्टिगतरूपमा अध्ययन गरी त्यसको अर्थ पहिल्याउनुपर्ने कानून व्याख्याको सिद्धान्त हो। यस्तो अवस्थामा रिट निवेदन जिकिर र निवेदकतर्फका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन सकिएन। तसर्थ निवेदकको मागअनुरूप रिट जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल माघ ४ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-WO-०३०३, उत्प्रेषण, *तुलबहादुर थापा वि. जिल्ला शिक्षा अधिकारी, जिल्ला शिक्षा कार्यालय, तम्घास गुल्मीसमेत*

शिक्षक सेवा आयोगबाट मिति २०७१।३।१२ मा स्थायी नियुक्तिका लागि सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा सिफारिस गर्ने भनी निर्णय भएको र सो सिफारिसको वैकल्पिक उम्मेदवारको क्रम संख्या २ मा यी निवेदकको नाम सिफारिस भएको देखियो। यी निवेदकले नियुक्ति पाउँ भनी मिति २०७२।४।१७ मा निवेदन दिएको देखिन्छ। यसबाट निवेदकको निवेदन शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २५(३) को व्यवस्थाको स्पष्ट प्रतिकूल रहेको देखियो। वैकल्पिक उम्मेदवारले कानूनमा व्यवस्था भएबमोजिमको अवस्थासम्ममा नियुक्ति पाउन सक्ने हो। कानूनभन्दा बाहिर गएर पद रिक्त भएको भन्ने आधारमा मात्र वैकल्पिक उम्मेदवारले नियुक्ति पाउन सक्ने अवस्था हुँदैन। यसरी नियमले स्पष्ट व्यवस्था गरिरहेको अवस्थामा निवेदकको जिकिरअनुसार नियुक्ति पाउन सक्ने अवस्था नदेखिने।

पद रिक्त भएपछि वैकल्पिक उम्मेदवारलाई जिल्ला शिक्षा अधिकारीले जानकारी गराउनुपर्ने भन्ने नियममा के कुन व्यवस्था रहेको छ सो सम्बन्धमा निवेदकतर्फका विद्वान् अधिवक्ताले स्पष्ट देखाउन सक्नुभएको छैन। नियममा नै नभएको नदेखिएको अवस्थामा जिल्ला शिक्षा अधिकारीले जानकारी नगराएको कारण नियुक्तिका लागि निवेदन दिन ढिला हुन गएको भन्ने निवेदक तर्फका विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित तथ्य, आधार र कारणबाट शिक्षक सेवा आयोग नियमावलीको नियम २५(३) मा भएको उल्लिखित कानूनी व्यवस्थाबमोजिम वैकल्पिक उम्मेदवारले नियुक्ति पाउने अवस्था देखिन नआएको हुँदा निवेदन जिकिरअनुसारको आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल माघ ४ गते रोज ३ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री सारदाप्रसाद घिमिरे,** ०७०-WO-०२९२, उत्प्रेषण, *श्रीमती कमला न्यौपाने वि. श्रीमती कमला न्यौपानेसमेत*

शिक्षा नियमावली, २०४९ को उक्त नियम ७२ (हालको शिक्षा नियमावलीको ११५) मा भएको कानूनी व्यवस्थाअनुसार मृत शिक्षकले कसैलाई इच्छाएको भए त्यस्ता व्यक्तिले निवृत्तिभरण पाउने कसैलाई इच्छाइएको नभए एकाघरको नजिकको हकवालाले पाउने छ भन्ने उल्लेख भएको देखिँदा वैयक्तिक विवरण फारम सिटरोल नै भरी शिक्षक किताबखानामा दर्ता नै गराएको नदेखिएको भन्ने किताबखानाको लिखित जवाफबाट देखिए पनि कर्मचारी सञ्चयकोषको परिचयपत्रमा यी निवेदिका कान्छी श्रीमती कमला न्योपानेलाई इच्छाइएको देखिएको र निज कान्छी श्रीमति कमला न्यौपाने नै एकाघर सगोलको हकवाला भन्ने देखिन आयो । विपक्षी जेठी श्रीमती कमला न्यौपाने २०४८।४।८ मा नै अंश लिई भिन्न भएको भन्ने देखिएकोले नजिकको हकदार विपक्षी जेठी श्रीमती कमला न्यौपानेलाई मान्न मिलेन। निवृत्तिभरण अधिकार पत्रसमेत बनाई २०५५ सालदेखि निरन्तररूपमा पारिवारिक निवृत्तिभरण पाइरहेकी कान्छी श्रीमती कमला न्यौपानेलाई बुझ्दै नबुझी प्राकृतिक न्यायको सिद्धान्तविपरीत आधा मात्र निवृत्तिभरण पाउने गरी विद्यालय शिक्षक किताबखानाले मिति २०७०।४।३१ मा गरेको निर्णय उक्त शिक्षा नियमावलीको कानूनी व्यवस्थाविपरीतको भएको देखिन आउने।

अतः विद्यालय शिक्षक किताबखानाले छुट्टी भिन्न भइसकेकी जेठी श्रीमती कमला न्यौपानेलाई स्व. कृष्णप्रसाद न्यौपानेको निवृत्तिभरणको आधा भराइदिने गरी गरेको मिति २०७०।४।३१ को निर्णय र सोअनुसार भएका पत्राचारसमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । निवेदिका श्रीमती कमला न्यौपानेले खाईपाई आएको पारिवारिक निवृत्तिभरणमा असर पर्ने खालको कुनै किसिमको काम कारवाही नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी
कम्प्युटर: यामप्रसाद रेग्मी
इति संवत् २०७३ साल पुस ५ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६७-CR-००१४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. झगबहादुर पुनसमेत*

प्रमाण ऐन, २०३१ को दफा ४० बमोजिम प्रतिवादीका छोराछोरीहरू बाबुआमा विरूद्ध साक्षी बस्न कर नलाग्ने उन्मुक्ति प्राप्त व्यक्ति भएकाले निजहरूबाट प्रतिवादीहरूका विरूद्ध गरिएको कागजको व्यहोरालाई स्वतन्त्र प्रमाणको रूपको ग्रहण गर्न मिल्ने नदेखिने।

मृतकको मृत्यु प्रतिवादीको कागजमा उल्लेख भएबमोजिम घाँटी थिचेर भएको भन्ने तथ्य लासजाँच प्रतिवेदन र लासजाँच मुचुल्कासमेतबाट समर्थित हुन आएको देखिन्न । मृतकको मृत्यु घाँटी थिची श्वास अवरूद्ध भई भएको भन्ने तथ्य मृतकको घाँटीमा घाउचोट निलडाम नदेखिएकोले लासजाँच प्रतिवेदनबाट समेत खुल्न नआएको अवस्थामा मृतकको मृत्यु भएको $1^1/_2$ महिनापछि प्रतिवादीउपर पोल गरी दिएको जाहेरीपश्चात् प्रतिवादीहरूबाट गराइएको साबिती कागज र सोही साबिती कागजलाई आधार बनाई अनुसन्धानमा बुझिएका मानिसहरूबाट भएको पोललाई स्वतन्त्र र निश्चयात्मक प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने नदेखिने।

तसर्थ, उल्लिखित प्रमाण परिबन्धबाट

मृतकलाई यी प्रतिवादीहरूले मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहेको भन्ने नदेखिएको, अनुसन्धानको क्रममा प्रतिवादीहरूबाट गराइएको कागजमा मृतकलाई घाँटी थिची मारेको भनी उल्लेख भएका तथ्य मृतकको लास प्रकृति मुचुल्का एवम् लासजाँच प्रतिवेदनबाट समर्थित नभएको शङ्का र अनुमानको आधारमा कसुरदार ठहर गर्न नमिल्ने, शङ्काको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी न्यायको सिद्धान्तसमेत रहिआएकोले यी प्रतिवादी झगबहादुर पुन र सुकमी पुनउपरको अभियोग दाबी ठहर गरेको दाङदेउखुरी जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीहरूलाई सफाइ दिने ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुर दाङले मिति २०६६।८।८ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल पुस ३ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-WO-०९८५, उत्प्रेषण / परमादेश, *हरिप्रसाद पाण्डे वि. प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरबारसमेत*

निवेदक हरिप्रसाद पाण्डे नेपाल सरकारको राजपत्राङ्कित तृतीय श्रेणी (शाखा अधिकृत) पदमा मिति २०४४।४।१ मा नियुक्ति भएको देखिन्छ । नेपाल सरकारको सेवामा प्रवेश गर्नुभन्दा अघि अर्थात् मिति २०३८ सालमा नै निवेदकको जन्ममिति कानूनको सम्पूर्ण प्रक्रिया पूरा गरी सच्याई निवेदकको सबै कागजातमा निजको जन्ममिति २०१७।२।१ भनी उल्लेख भएको देखिँदा त्यसलाई अन्यथा भन्न मिलेन । निवेदकलाई नन्दीरात्री स्कुलबाट SLC पास भएको चारित्रिक प्रमाणपत्रमा उल्लेख भएको जन्ममितिको लिखतलाई जिल्ला कार्यालय, काठमाडौंले कानूनको सम्पूर्ण प्रक्रिया पूरा गरी वास्तविक जन्ममिति सच्याएको अवस्थालाई अनदेखा गरी निजको जन्ममिति २०१३।८।१ नै हो भनी सो मितिबाट अन्ठाउन्न वर्ष पूरा हुने मिति २०७१।८।१ देखि अनिवार्य अवकाश दिनेबारेमा निजामती किताबखानाको प.सं. ३८८३।५६६४ मिति २०७०।९।२९ को अवकाशसम्बन्धी पत्र र निजामती किताबखानाको प.सं. २०७०।७१ च.नं. ५८११ मिति २०७०।१२।१२ को पत्र उत्प्रेषणको आदेशले बदर हुने।

अतः उल्लिखित मिसिल संलग्न कागजातहरूबाट निजामती किताबखानाको च.नं. ३८८३।५६६४ को पत्र र च.नं. ५८११ मिति २०७०।१२।१२ को पत्र उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निवेदकको जन्ममिति २०१७।२।१ कायम गरी कानूनबमोजिम अनिवार्य अवकाशको मिति गणना गर्ने कार्य गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: प्रेम खड्का

इति संवत् २०७३ साल भदौ ७ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-WO-०४९७, उत्प्रेषण / परमादेश, *राजकिशोर यादव वि. निजामती किताबखाना हरिहरभवन, पुल्चोकसमेत*

यस अदालतको अन्तरिम आदेशका आधारमा निवेदकले आफ्नो कार्यालयमा काम गरेको अवस्थालाई कानूनीरूपमा नै काम गरेको मान्नुपर्ने देखिन्छ । अदालतको आदेशानुसार यी निवेदकले आफूले कार्य गरेको समयमा निश्चितरूपमा तलब भत्तालगायतको रकम प्राप्त गर्ने नै हुन्छ । अदालतको अन्तरिम आदेशले काम गरेको अवधिलाई गैरकानूनी मान्न मिल्ने देखिएन। आफू कार्यरत रहेको कार्यालयमा

हाजिर गरी गरेको कामबापत उपभोग गरेको तलब भत्ता सुविधाको रकमलाई अनियमितरूपमा उपभोग गरेको भन्न न्यायोचित देखिन नआउने।

रिट नं. ०६४-WO-१०१४ यस अदालतबाट मिति २०६६।११।१८ मा खारेज हुँदासम्म निवेदक यस अदालतको आदेशानुसार नै कार्यरत रहेको देखिँदा निजमती किताबखानाले निवेदकबाट मिति २०६२।३।३० भन्दा पछि कार्य गरेबापत प्राप्त गरेको तलब भत्तालगायतको सम्पूर्ण रकम दिलाउने, बुझाउने भनी निवेदकलाई प.सं. ०७२।७३ च.नं. १५०८ मिति २०७२।८।२४ को पत्रमार्फत रकम फिर्ता माग गर्ने बारेको पत्र २०६६।११।१८ भन्दा अघि उपभोग गरेको तलब भत्ता सुविधाका सम्बन्धमा उल्लिखित आधार कारणबाट निवेदकले फिर्ता गर्नुपर्ने अवस्था नरहेकोले २०६६।११।१८ सम्म निवेदकले उपभोग गरेको तलब भत्ता सुविधाका हकमा दाबीको मिति २०७२।८।२४ को पत्र सो हदसम्म उत्प्रेषणको आदेशले बदर हुने।

अतः उल्लिखित मिसिल संलग्न कागजातहरूबाट निजामती किताबखानाको च.नं. १५०८ मिति २०७२।८।२४ को निवेदकबाट रकम फिर्ता माग गर्ने बारेको पत्र निवेदकले २०६६।११।१८ भन्दा अघि उपभोग गरेको तलब भत्ता सुविधाका सम्बन्धमा सो हदसम्म उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निवेदक यस सर्वोच्च अदालतको मिति २०६५।३।५ र मिति २०६५।३।१५ को आदेशले आफ्नो कार्यालयमा कार्यरत रहेको र यस अदालतबाट उक्त रिट नं. ०६४-WO-१०१४ को उत्प्रेषण परमादेश मिति २०६६।११।१८ मा खारेज भएको हुँदा सो मितिबाट नै यस अदालतबाट जारी भएको अन्तरिम आदेशसमेत निस्क्रिय भएको देखिँदा मिति २०६६।११।१८ सम्म निवेदक अदालतको आदेशानुसार आफ्नो कार्यालमा कार्यरत रहेको हुँदा सो मितिसम्मको निजले प्राप्त गरेको तलब भत्तालगायतको रकम फिर्ता माग नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: प्रेम खड्का
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७३ साल भदौ ७ गते रोज ३ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मीरा खड्का,** ०७०-CI-०७८०, परमादेश, *रामकुमारी देवी साह वि. जिल्ला प्रहरी कार्यालय धनुषासमेत*

निवेदकको छोराको मृत्यु भए लगत्तै देखी मृत्युको सम्बन्धमा अनुसन्धान तहकिकातको कार्य भएको देखिएको र निजको जाहेरीपश्चात् समेत मुचुल्काहरू भई अनुसन्धान प्रक्रिया अघि बढेको देखिएको परिप्रेक्ष्यमा जिल्ला प्रहरी कार्यालयबाट अनुसन्धानको कार्य नै बेवास्ता गरियो, कानूनबमोजिमको कर्तव्य पूरा गरिएन भन्ने पुनरावेदकको जिकिरसँग सहमत हुनसक्ने अवस्था नरहने।

विपक्षी बनाइएको जिल्ला प्रहरी कार्यालयबाट कानूनबमोजिम अनुसन्धानको कार्य भइरहेकै देखिएको र अनुसन्धानपश्चात् मुद्दा चल्ने नचल्ने सम्बन्धमा निर्णय हुन बाँकी नै रहेको अवस्थामा निवेदन मागबमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएको हुँदा निवेदकको मागबमोजिम परमादेशको आदेश जारी गर्नु नपर्ने गरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६९।८।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने
कम्प्युटर: रानु पौडेल
इति संवत् २०७३ साल साउन गते २५ रोज ३ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-WO-०६२१, उत्प्रेषण / परमादेश, *हेमन्तबहादुर बुढाथोकी वि. पुनरावेदन अदालत, तुलसीपुर, दाङसमेत*

निवेदकले दिएको अंश मुद्दामा भएका फैसलाअनुसार प्राप्त भएको अंश प्राप्त गर्न फैसला कार्यान्वयनको सिलसिलामा जिल्ला अदालतमा कारवाहीयुक्त अवस्थामा रहेको भन्ने मिसिलमा उल्लिखित व्यहोराबाट देखियो । यी निवेदकले दाबी गरेको अंश मुद्दामा पाउने भनी ठहर भएको अंशहक प्राप्त गर्न के कुन कि.नं. बाट बन्डा गर्ने हो सो सम्बन्धमा जिल्ला अदालतबाट फैसला कार्यान्वयन गर्ने क्रममा निर्क्योल गर्न बाँकी नै रहेको अवस्था देखिन आयो । जिल्ला अदालतबाट अंश हक कार्यान्वयन गर्ने सन्दर्भमा सुरू फैसलाबमोजिम सम्पत्ति प्राप्त गर्ने क्रममा निवेदकको सम्पत्तिसम्बन्धी हकमा आघात पर्न गएमा कानूनबमोजिमको उपचार खोज्ने मार्ग अवलम्बन गर्न यी रिट निवेदकको कानूनी हक सुरक्षित नै रहेको देखिएबाट निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान रहेको देखिएन । अतः प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटर : रानु पौडेल

इति संवत् २०७३ साल साउन २७ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-WO-०९०७, उत्प्रेषण / परमादेश, *सीतद साह तेली वि. पुनरावेदन अदालत, हेटौंडासमेत*

लेनदेन मुद्दाको रोहबाट साहुले भरी पाउने बिगोको सुरक्षार्थ जग्गा रोक्का राखिएकोमा सोको प्रयोजन समाप्त नभई सोपश्चात् परेको अंश मुद्दामा भएको मिलापत्रले जग्गा अन्य अंशियारको नाममा परेको भन्ने कारणले मात्र लेनदेन मुद्दामा राखिएको रोक्काको प्रयोजन समाप्त हुँदैन । यस्तो अवस्थामा पहिले ऋणीको भागमा परेको जग्गाबाट पहिला असुलउपर हुने र सो जेथाबाट बिगो असुलउपर नभएमा लेनदेन मुद्दाबाट रोक्का रहेको कि.नं. ४८१ समेतका जग्गाहरूबाट असुलउपर हुने भनी रौतहट जिल्ला अदालतबाट भएको आदेश कानूनसङ्गत र न्यायको रोहबाट मनासिब रहेको देखिने ।

तसर्थ जिल्ला अदालतको आदेश बदर गरी लेनदेन मुद्दा परेपछि गरेको मिलापत्रको आधारमा बिगो भरी भराउको प्रयोजनार्थ रोक्का रहेको जग्गा फुकुवा गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।१२।१९ मा भएको आदेश कानूनसङ्गत नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब सुरू रौतहट जिल्ला अदालतको मिति २०७१।८।२६ को आदेशमा उल्लेख गरिएको जग्गाबाट लेनदेन मुद्दाको बिगो भरी भराउसम्बन्धी फैसला कार्यान्वयन अघि बढाउनु भनी रौतहट जिल्ला अदालतको नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७३ साल साउन २७ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-WO-१०८१, उत्प्रेषण / परमादेश, *कृष्णप्रसाद सुवेदी वि. नैनवती थारूनी भन्ने मैना थारूनीसमेत*

निवेदकले बिगोको कारवाहीको क्रममा सुरूमा देखाएको जग्गाहरू फुकुवा भई अन्यत्र जे जोसुकैको नाउँमा गएको भए तापनि उल्लिखित कानूनी व्यवस्थाबमोजिम फैसला कार्यान्वयन गर्न मिल्ने नै देखिएको हुँदा उक्त कानूनी व्यवस्था एवम्

यस अदालतबाट भएको मिति २०६७।८।२९ को आदेशबमोजिम कि.नं. ४२६ र ६२४ को जग्गामध्ये ऋणीको हक हिस्सा जतिबाट निवेदकले बिगो भरिभराउ गर्न पाउने नै देखिँदा सो आदेशबमोजिम फैसला कार्यान्वयन हुन नसक्ने गरी सुनसरी जिल्ला अदालतबाट भएको आदेश र सो आदेश सदर गरेको पुनरावेदन अदालत, विराटनगरको आदेश जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८(क)१ र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको विपरीत देखिन आउने।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट पुनरावेदन अदालत, विराटनगरबाट जिल्ला अदालत, नियमावली, २०५२ को नियम ७८(क) (१) आकर्षिक हुन नसक्ने भनी सुरू जिल्ला अदालतबाट मिति २०६९।२।२६ मा भएको आदेश सदर गर्ने गरी भएको मिति २०६९।६।५ को आदेश कानूनबमोजिम भएको नदेखिँदा उक्त आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब फैसला कार्यान्वयनको अवस्थामा रहेको अचल सम्पत्तिको हक हस्तान्तरण भएको देखिँदा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८क (१) अनुसार त्यस्तो अचल जहाँ गए पनि सोबाट फैसला कार्यान्वयन गर्न मिल्ने अवस्था भएको हुँदा रिट निवेदकले देखाएको उक्त कि.नं. ४२६ र ६२४ र सोबाट कित्ताकाट भई गएका जग्गाहरू मध्येबाट यस अदालतको फैसलाअनुसार ऋणी मनोजकुमार चौधरीको आधा हक रहेको देखिँदा सो हकहिस्सा जतिबाट कानूनबमोजिम बिगो भराइदिने सम्बन्धमा कारवाही गर्नु भनी सुनसरी जिल्ला अदालतको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल साउन २७ गते रोज ५ शुभम्।

## इजलास नं. १३

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** २०६९-CI-०४१०, निर्णय दर्ता बदर हक कायम, *लाले विश्वकर्मा वि. दोलखा मालपोत कार्यालय, दोलखा चरिकोटसमेत*

अदालतबाट मिति २०६७।२।२९ मा भएको नक्सा मुचुल्कामा कि.नं. ३४४ को जग्गाको उत्तर र पश्चिम किल्लामा खोला रहेको पाइन्छ । आवादी भएको भए बुटेन जनाउनु पर्ने होइन । वादीले हकको स्रोत भनी देखाएका विजन मानाअन्तर्गत पर्ने जग्गाहरू सोही स्थानको छेउछाउमा दर्ता गरिसकेको पाइयो । एउटै विजनमानाबाट छेउछाउको जग्गा समयमा नै दर्ता गरी पुर्जा प्राप्त गरेकोमा विवादित कि.नं. ३४४ को जग्गा पनि सोही विजन मानाभित्र पर्ने भए उसैबखत वादीले आफ्नो नाउँमा सोही समयमा दर्ता गराउन पर्ने हो। विवादित कि.नं. ३४४ को जग्गा खोलाको छेउको जग्गा भएको र नापी हुँदा बुटेन भनी जनिएकोले आवादी रहेको मान्न सकिने देखिन आएन। वस्तुत: विवादित जग्गाको अवस्थिति र नापी हुँदा विरहमा खुलाइएको व्यहोराबाट सार्वजनिक प्रकृतिको रहेको देखिने।

नापीको समयमा सरकारी बुटेन कायम भएको उक्त कि.नं. ३४४ को जग्गालाई जग्गा नाप जाँच ऐन, २०१९ को दफा ११ बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित समितिले मिति २०५३।१।२४ मा सरकारी वन बुटेन कायम गर्ने गरी निर्णय गरिसकेपछि वादीले मिति २०६६।३।११ मा आएर फिराद गरेको देखिन्छ। सरकारी वन बुटेन कायम गर्ने गरी निर्णय भएको करिब १३ वर्षपछि आएर सो निर्णय बदर गर्न फिराद दिन पर्ने मनासिब कारण दिन सकेको नपाइने।

तसर्थ, उपरोक्त विवेचित आधार

प्रमाणहरूबाट वादी दाबीबमोजिम मिति २०५३।१।२४ को निर्णय बदर गरी कि.नं. ३४४ को जग्गा वादीको नाउँमा दर्ता हक कायमसमेत हुने देखिन आएन । अत: वादीको नाउँमा हक कायम दर्ता हुने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी फिराद दाबी पुग्न नसक्ने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।१२।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल फागुन १५ गते रोज १ शुभम् ।

## इजलास नं. १४

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-WO-०३१४, उत्प्रेषण, *कल्पना भुषाल वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पाखरासमेत*

निवेदिकाले आफ्ना साना बालबच्चा भएको र दुधराक्ष स्वास्थ्य चौकी रूपन्देही घर पायक पर्ने भएकोले त्यहाँ सरूवा गरिपाउँ भनी सम्बन्धित निकायको सहमति लिई सरूवाको लागि निवेदन दिएको देखिन्छ । यसरी सरूवा हुनका लागि सहमति प्राप्त गरी घरपायक पर्ने कार्यालयमा सरूवा भई कामकाज गरिरहेको अवस्थामा के कस्तो कारण परी सरूवा बदर गर्नु परेको हो सोको मनासिब कानूनी आधार र कारण सरूवा पत्रमा उल्लेख गरिएको देखिँदैन । साना बालबच्चाकी आमा यी रिट निवेदिकालाई घर पायक पर्ने कार्यालयमा कार्यरत रहेको अवस्थामा अघिल्लो कार्यालयमा हाजिर भएको २ (दुई) वर्ष सेवा अवधि नपुगेको भनी मनोगतरूपमा सरूवा बदर गर्न मिल्ने पनि नदेखिने ।

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २२ मा कर्मचारीको दुई वर्ष सेवा अवधि पूरा नहुँदैको अवस्थामा पनि सरूवा गर्न सकिने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त ऐनको दफा २२ (घ) मा ग्रामीण स्वास्थ्य कार्यकर्ता, आयुर्वेदिक स्वास्थ्य कार्यकर्ता र मातृशिशु कार्यकर्ताको पदमा कार्यरत कर्मचारीलाई पारस्परिक सहमतिको आधारमा वा त्यस्तो पद कुनै कार्यालयमा रिक्त भएमा कर्मचारीको मागको आधारमा सरूवा हुने व्यवस्था गरेको देखिन्छ । रिट निवेदिकाले घर पायक पर्ने कार्यालयमा सरूवा माग गरेको र मागअनुसार पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयले मिति २०७२।६।६ मा सरूवासमेत गरेको देखियो । निवेदिका सरूवा भएको कार्यालयमा हाजिर भई कामकाज गरेको ७ (सात) दिनमा नै अघिल्लो कार्यालयमा २ (दुई) वर्ष सेवा अवधि नपुगेको भनी सो सरूवा बदर गर्ने पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयको मिति २०७२।६।१९ को सरूवा बदरको पत्र उक्त दफा २२ को व्यवस्थाको प्रतिकूल भई कानूनअनुरूपको नदेखिँदा उक्त सरूवा बदरको पत्रले निवेदिकाको हकमा आघात पारेको देखिने ।

अतः माथि उल्लिखित आधार र कारणसमेतबाट पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयको मिति २०७२।६।१९ को सरूवा बदर पत्रले निवेदिकाको हकमा आघात पारेको देखिँदा उक्त मिति २०७२।६।१९ को पत्र उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निवेदिकालाई हाल कार्यरत रहेको दुधराक्ष स्वास्थ्य चौकी रूपन्देहीमा कामकाज गर्न दिनु भनी विपक्षीका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

इति संवत् २०७३ साल पुस २४ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-WO-०५१९, उत्प्रेषण, *ज्ञानबहादुर लामा वि. नेपाल सरकार, भौतिक पूर्वाधार*

*तथा यातायात मन्त्रालयसमेत*

निवेदक फर्मलाई विपक्षी सार्वजनिक खरिद अनुगमन कार्यालयले मिति २०७१।९।१२ बाट लागू हुने गरी १ वर्ष अवधिको लागि अथवा मिति २०७२।९।११ सम्मको लागि कुनै पनि सार्वजनिक निकायको खरिद कारवाहीमा भाग लिन नपाउने गरी कालोसूचीमा राखी सार्वजनिक जानकारीको लागि राष्ट्रिय दैनिक गोरखापत्रमा सूचनासमेत प्रकाशित भएको देखिन्छ । निवेदक फर्मलाई १ (एक) वर्षको लागि कालोसूचीमा राख्ने गरी निर्णय भएकोमा उक्त १ (एक) वर्षको अवधि हाल व्यतित भई निवेदकले माग गरेको उपचार निष्प्रयोजित भइसकेको देखिँदा प्रस्तुत रिट निवेदन जारी गर्न मिल्ने अवस्था देखिएन। निवेदकको रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ २७ गते रोज २ शुभम्।

## इजलास नं. १५

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६७-CI-०८८५ र ०७२-CI-१३२०, अंश दर्ता, *गुलवियादेवी पंजियारसमेत वि. गंगाराम पंजियारसमेत र गंगाराम पंजियारसमेत वि. गुलवियादेवी पंजियार*

अंशबन्डा भनेको सम्पत्ति बाँडफाँड हुने पद्धति भएको र सोको बाँडफाँड बराबर हिसाबले पाउनु पर्ने मान्यता हो। कुनै अंशियारले पैतृक सम्पत्ति बढी उपभोग, प्रयोग, हस्तान्तरण गरी सिध्याउने र कुनै अंशियारले पैतृक सम्पत्ति जगेर्ना गरी बढाउँदै खरिद गर्दै जम्मा गर्ने भएमा त्यस्ता अंशियारहरूले गरेको व्यवहारलाई अंश मुद्दाको सम्पत्ति बाँडफाँडमा गम्भीररूपले हेरिनु पर्दछ । पैतृक सम्पत्तिको नाउँमा कसैले दोहोरो फाइदा उठाउने कसैले सम्पत्तिमा घाटा सहनु पर्ने अंशबन्डाको महलको मनसाय नहुने।

वस्तुत: अंशियारहरूले पैतृक सम्पत्तिको उपभोग हस्तान्तरण के कसरी गरे र सम्पत्ति कति बाँकी राखे भन्ने विषयले पनि बाँडफाँडमा महत्त्व राख्दछ । अन्यथा पैतृक सम्पत्ति सिध्याउने र जगेर्ना गर्नेको बीचमा फरक नै हुने देखिएन। सम्पत्ति बाँडफाँडमा यस्ता तथ्यहरू सुक्ष्मरूपमा हेरी विवेचना नगरिएमा अंशबन्डाको महलको २ नं. अनुसार बराबर अंश पाउने भन्ने कानूनी व्यवस्था निस्प्रभावी हुन्छ । अतः पैतृक सम्पत्तिको बाँडफाँडमा अंशियारहरूले अंशबन्डा हुनुअघि पैतृक सम्पत्तिको उपभोग के कसरी गरे भन्ने तथ्य पनि मनन गरी हेरिनु पर्ने।

पुनरावेदक प्रतिवादी कृष्णकुमारीको नाउँमा दर्ता रहेका कि.नं. ४४८ र ५१४ को जग्गाहरू प्रतिवादी गुलवियाले अंशियारबाहेकका अन्य व्यक्तिहरूलाई बिक्री गरेको देखिन्छ । सो बिक्री व्यवहारउपर वादीसमेतका कुनै पनि अंशियारहरूले उजुरबाजुर गरी हक कायम गराउन सकेको देखिँदैन। कि.नं. ४४८ को जग्गा गुलवियादेवीले बिक्री गरेको ३ वर्षपछि कि.नं. ५१४ को जग्गा १ वर्षपछि अंशियारबाहेकका अन्य व्यक्तिहरूले प्रतिवादी कृष्णकुमारीलाई राजीनामा बिक्री गरेको देखिन्छ। सो जग्गाहरू खरिद गर्दा लिखतको कैफियत महलमा निजका बाबु हरिहर राउतले दाइजो पेवाबापत छोरीलाई खरिद गरी दिएको भनी जनिएको देखिन्छ । प्रतिवादी कृष्णकुमारीलाई निजका बाबु हरिहरले मिति २०५३।१।१९ मा बकसपत्र गरी दिएको कि.नं. ५३ को विगाहा ०-११-१४ जग्गा कृष्णकुमारीले बिक्री गरेको पनि देखिन्छ। सो जग्गा बिक्री गरी अन्य दाइजोसमेत लगाई तेस्रो व्यक्तिका नाउँमा गएका जग्गा खरिद गरी लिएकी हुँ भन्ने प्रतिवादीको जिकिर

देखिन्छ। माइतीतर्फबाट पिताले बकसपत्र दिएको भन्ने देखिन आएकोले प्रतिवादी कृष्णकुमारीलाई निजका पिता हरिहरले दाइजो दिनसक्ने हैसियत रहेको भन्ने पुष्टि हुन्छ। सम्पत्ति लुकाउन घुमाउरो बाटो अपनाई हस्तान्तरण गरेको भन्ने पुष्टि हुन आएको पनि छैन। यस अवस्थामा अंशियारको हकबाट अन्यत्र गइसकेको सो बिक्रीउपर कसैको उजुर नपरेको त्यस्तो सम्पत्ति मूल अंशियारको श्रीमती प्रतिवादी कृष्णकुमारीले खरिद गरी लिएको स्थितिमा सबै अंशियारको अंश हक रहन जान्छ भनी प्रस्तुत मुद्दाको तथ्यलाई हेरी व्याख्या गर्न न्यायोचित हुने देखिँदैन। यसप्रकारबाट प्रतिवादी कृष्णकुमारीले राजीनामाबाट खरिद गरी लिएको सम्पत्ति मुलुकी ऐन, अंशबन्डाको १८ नं. तथा स्त्री अंश धनको ५ नं. ले निज कृष्णकुमारीको निजी आर्जनको बन्डा गर्न नपर्ने प्रकृतिको सम्पत्ति देखिन आएकोले सो जग्गालाई बन्डा गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिने।

प्रतिवादी राजदेवले कि.नं. ५६५ को जग्गासम्म पिता स्व. केशो पञ्जियारलाई रोहबर साक्षी राखी भाई बुहारी प्रतिवादी कृष्णकुमारीलाई बकसपत्र गरी दिएको पैतृक सम्पत्ति बाँडफाँडको दृष्टिकोणबाट अंशबन्डा नहुँदै बुहारीलाई लिखत गरी दिएको सो सम्पत्ति उक्त अंशबन्डाको १९(५) नं. ले बन्डा लाग्ने देखिएन। घरको मूल व्यक्ति ससुरासमेतको सहमति मन्जुरीले अंशियारमध्येकै बुहारी कृष्णकुमारीलाई बकसपत्र गरी दिएको उक्त कि.नं. को जग्गा उक्त कानूनी व्यवस्थाअनुसार बन्डा नलाग्ने निजले एकलौटी गरी खान पाउने प्रकृतिको देखिँदा सो कि.नं. को जग्गा बन्डा लगाएको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिने।

कि.नं. ३२४ को जग्गा प्रतिवादी कृष्णकुमारीले खरिद गरी घरसमेत निर्माण गरेको भन्ने देखिन आएको छ। सो जग्गा अशोककुमार भन्ने व्यक्तिबाट प्रतिवादी कृष्णकुमारीले मिति २०५५।११।२६ मा खरिद गरी लिएको देखिन्छ। सो लिखतमा माइतीले दिएको पेवा रूपैयाँबाट खरिद गरेको भनी जनिएको देखिन्छ। यसरी माइतीबाट प्राप्त रूपैयाँबाट खरिद गरेको उल्लिखित कि.नं. ३२४ को जग्गा मुलुकी ऐन, अंशबन्डाको १८ नं. र स्त्री अंशधनको ५ नं. अनुसार प्रतिवादी कृष्णकुमारीको निजी आर्जनको देखिँदा सो जग्गा बन्डा नलगाएको मिलेन भन्ने वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

कि.नं. ४४८, ५६५, ५१४ र ३२४ बाहेक तायदातीमा उल्लिखित कि.नं. ५३४, ४५० र ४५२ को जग्गा प्रतिवादी गुलवियादेवीले प्रतिवादी बुहारी कृष्णकुमारीलाई हक हस्तान्तरण गरेको र कि.नं. ७९ र १३८ को जग्गा पहिला छोरा भुवनेश्वरलाई आमा गुलवियादेवीले हकहस्तान्तरण गरेको भन्ने देखियो। अंशियारले अंशियारमध्येकै व्यक्तिको नाउँमा गरेको हक हस्तान्तरणबाट त्यस्तो सम्पत्ति निजी हुने होइन। सो कित्ता जग्गाहरू पैतृक सम्पत्ति भएको भन्ने तथ्यमा विवाद छैन। पुनरावेदक प्रतिवादीले राजीनामाबाट खरिद गरेको अन्य कि.नं. ७११ समेत निजी आर्जनबाट खरिद गरेको बन्डा नलाग्ने भन्ने पुष्टि भएको नपाइने।

अतः उपरोक्त विवेचना गरिएका आधार प्रमाणहरूबाट तायदातीमा उल्लिखित कि.नं. ४४८, ५६५ र ५१४ को जग्गा बन्डा लाग्ने देखिन आएन। सो जग्गासमेत बन्डा लगाई दिने गरी पुनरावेदन अदालत, राजविराजबाट भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ। बन्डा लगाउनु नपर्ने ठहर भएका उक्त कित्ता नम्बरहरूका जग्गाबाहेक प्रतिवादी कृष्णकुमारीका नाउँमा रहेको कि.नं. ३२४ को जग्गा बन्डा नलाग्ने र अरूमा पेस भएको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिबाट ३ खण्डको १ खण्डको ९ खण्डको ३ भाग वादीहरूले अंश पाउने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति

२०६६।३।२९ को फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल माघ १२ गते रोज शुभम्।

- यसै लगाउको ०६७-CI-०८८६, मिलापत्र बदर, *गुलवियादेवी पंजियारसमेत वि. गंगाराम पंजियारसमेत।*

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-WO-११३२, उत्प्रेषण, *हरिप्रसाद शर्मा आचार्य वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

निवेदकले गुज्रेको तारेख थाम्न नमिल्ने भनी आदेश भएको अवहेलना मुद्दा जिल्ला अदालतबाट डिसमिस फैसलासमेत भइसकेको हुँदा अब सो मुद्दा सुरू अदालतमा कारवाहीयुक्त अवस्थामा नभई सो अदालतबाट अन्तिम भइसकेकोले स्थितिमा परिवर्तन भइसकेको देखिन्छ। निवेदकले सो जिल्ला अदालतको डिसमिस फैसलाउपर प्रचलित कानूनी व्यवस्थाबमोजिम पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्ने र सोही पुनरावेदनको रोहबाट आवश्यक कानूनी उपचार पाउने अवस्था विद्यमान रहेकै हुँदा रिट क्षेत्राधिकारबाट निवेदनको औचित्यमा प्रवेश गर्न मिलेन । प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको हुँदा खारेज हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

इति संवत् २०७३ साल माघ १० गते रोज २ शुभम्।

## इजलास नं. १६

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-RC-००३०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रेम भुजेल*

प्रतिवादीका दाजुले नै आफ्नै भाइले भाइबुहारीले कर्तव्य गरी मारेको भन्ने व्यहोराको किटानी जाहेरी व्यहोरा दिएको, प्रतिवादीले कसुरमा साबित रही बयान गरेको, मृतकको शव परीक्षण प्रतिवेदन एवम् लास जाँच मुचुल्कासमेतका कागजातबाट लासको कन्चट र शरीरमा घाउ एवम् रगत लागेको देखिएको र प्रतिवादीले हिर्काएको भनेको काठको आग्लोसमेत बरामद भई सनाखतसमेत गरिएकोसमेतका मिसिल संलग्न कागज प्रमाणबाट यी प्रतिवादीले आफ्नो श्रीमती दिलकुमारी भुजेललाई कर्तव्य गरी मारेको कुरा प्रमाणित हुन आउने।

प्रस्तुत वारदातमा ज्यान मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहेको, ज्यान मार्नकै लागि चरणबद्ध योजना बनाएको, ज्यान मार्नै पर्नेसम्मको कारण रहेको जस्ता कुराहरू विद्यमान रहेको पाइँदैन । सँगै सुतेका लोग्ने स्वास्नीको बीच रातको समयमा सामान्य भनाभन भएको, मृतकले नै यी प्रतिवादीलाई प्रहार गर्न ढोकामा रहेको काठको आग्लो लिई हिर्काएको अवस्थामा तत्काल रिस उठी सोही काठको आग्लो खोसी मृतक श्रीमतीको टाउकोमा एकपटक हिर्काएको भन्ने देखिन्छ । प्रतिवादीले उल्लेख गरेको यो तथ्यगत विवरण अन्य कुनै कागज, प्रमाणबाट खण्डित भएको देखिँदैन। स्वयम् अभियोजन पक्षले एकपटकभन्दा बढी पटक प्रहार गरिएको थियो तथा ज्यान मार्ने मनसाय राखेर नै प्रतिवादीले आफ्नी पत्नीउपर आग्लोले प्रहार गरेका थिए भनी जिकिर लिन सकेको पाइएन। प्रतिवादी प्रेम भुजेलले बयान गर्दा मृतक पत्नीले आफूउपर प्रहार गरेको आग्लो खोसेर निजउपर एकपटक प्रहार गर्दा निज जमिनमा पल्टिएपछि अर्को पटक प्रहार नगरी पानी पिलाउन खोज्दा पानी पिउन नसकी मरेकी भन्ने देखिएको छ । यसबाट प्रतिवादी प्रेम भुजेलले ज्यान मार्ने नियतले नै आफ्नी पत्नीउपर काठको आग्लो प्रहार गरेको भनी मान्न सकिने अवस्था नदेखिने।

मृतकको बायाँ कन्चटमा १$^1/_2$ इन्चको एउटा मात्र घाउ रहेको देखिन्छ। शरीरका अन्य भागमा कुनै घाउखत रहेको देखिँदैन । प्रतिवादीलाई आवेशमा आउन मृतकले नै उत्तेजित बनाएको घटनाक्रम रहेको छ । एकपटक मात्र प्रहार गरेको र त्यसपछि पानी पिलाउने प्रयास गरेकोसमेत देखिन्छ । ज्यान मार्न प्रयोग गरिएको साधन ढोकाको आग्लो (साधारण लाठा) भन्ने देखिन्छ। कुनै जोखिमी हतियार प्रयोग गरिएको पनि देखिँदैन। यस प्रकारको घटनाक्रमबाट हुन गएको कार्यलाई ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिमको कसुर मान्नुपर्ने हुन्छ। मानिस मरिसकेपछि सम्भावित सजायबाट उम्कने अभिप्रायले लास गाडेकोसम्मकै कारणबाट मनसायप्रेरित हत्याको कसुर ठहर गर्नु उचित नदेखिने।

अतः उपरोक्त विवेचित प्रमाण, आधार र कारणबाट प्रतिवादी प्रेम भुजेलले मृतक श्रीमती दिलकुमारी भुजेल (मगर) लाई आवेशमा आई काठको आग्लोले प्रहार गर्दा ज्यान मर्न गएकोले ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम प्रतिवादीलाई सजाय गर्नुपर्नेमा ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू सोलुखुम्बु जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०७२।११।१८ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी प्रेम भुजेललाई ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल पुस २७ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-RC-००३१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रितिमाया राई*

जिउँदो जन्मिएको बच्चा मैले मारेको हुँ भन्ने प्रतिवादी प्रितिमाया राईले गरेको बयान, घटनाको तत्कालै पुगेका जाहेरवालाले ट्वाइलेट वरिपरि रगताम्मे भई ट्वाइलेट पेनमा नाबालिका शिशुको रगताम्मे शरीर भई टाउको एकातिर र जीउ अर्कोतिर रहेको देखेको भन्ने जाहेरी दरखास्त व्यहोरा र घटनास्थल तथा लास जाँच मुचुल्काको व्यहोरा तथा किचेन र्‍याक माथि १० इन्च लम्बाईको प्लास्टिक र स्टिलले बनेको छुरी (चक्कु) थान १ बरामद भएको भन्ने बरामदी मुचुल्काको व्यहोरा रहेको पाइयो। ज्युँदो जन्मिएको शिशुलाई यी प्रतिवादीले घाँटी काटी दुई टुक्रा पारी कर्तव्य गरी मारेको कुरा शङ्कारहित तवरबाट प्रमाणित हुन आएकाले अभियोग माग दाबीबमोजिम ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने ठहर्‍याएको सुरूको फैसला सदर हुने पुनरावेदन अदालत, राजविराजको मिति २०७२।११।१८ को फैसला मिलेकै देखिने।

कमजोर आर्थिक अवस्थाको कारण अवैधरूपमा रहेको गर्भ बोकी होटलमै कामकाज गरी आएकोलगायत अविवाहित महिलाले अपरिचित व्यक्तिसँगको एकपटकको शारीरिक सम्पर्कबाट रहन गएको अवैध गर्भबाट दुईवटा बच्चा जन्मन पुगेको र निजले पाएको शारीरिक एवम् मानसिक पीडा तथा बच्चा जिउँदो रहेमा उक्त बच्चाको पालन पोषणसमेतको जिम्मेवारी बहन गर्न नसक्ने आर्थिक हैसियत, सामाजिक लान्छनासमेतका समग्र परिस्थितिबाट वारदात घटित हुन गएको देखिएकोले निजलाई ऐनबमोजिम हुने सजाय गर्दा चर्को पर्ने देखियो। घटी सजाय गर्ने सम्बन्धमा सुरू अदालत र पुनरावेदन अदालतले उल्लेख गरेको कारण र आधार मनासिब देखियो। अतः प्रतिवादी प्रितिमाया राईलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ९(नौ) वर्ष मात्र कैद सजाय

हुने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल पुस २७ गते रोज ४ शुभम्।

## इजलास नं. १७

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६५-CI-०६३३, नापी नक्सा निर्णय बदर दर्ता बदर दर्ता, *वृजकिशोर सिंह वि. अर्जुनराज शर्मा*

प्रतिवादी वृजकिशोर सिंहले र.नं. ३१३८ मिति २०५८।९।१२ को लिखतबाट राजीनामा पारित गरी साबिक कि.नं. ३३७ को ०-१-१० मध्ये पूर्वतर्फबाट कित्ताकाट गरी कि.नं. ११६० को ज.वि. ०-०-५ को जग्गा प्राप्त गरेको देखियो । जुन समयमा राजीनामा पारित भयो, सो समयमा पूरानो सर्भे नक्साबाट कित्ता काटिई कि.नं.११६० कायम भएकोबाट पूरानो नापी नक्सा नै बहाल रहेछ भनी बुझ्नुपर्ने हुन आयो । नयाँ नापीमा निजको उक्त कि.नं. को जग्गा लोप भएपछि निजले आफ्नो जग्गा छुट्याई पाउँ भनी साधिकार प्राप्त निकाय १ नं. नापी गोश्वारामा निवेदन दिई नापी गोश्वाराले साबिकको सर्भे नक्सा र दर्ता स्रेस्ता हेरी यी पुनरावेदक प्रतिवादीको जग्गा छुट्याइदिएको अवस्था देखिँदा जग्गा नाप जाँच ऐन, २०१९ कोदफा ६(९) को उक्त कानूनी व्यवस्था आकर्षित हुन आउने नै देखिने।

नापी शाखा, पर्साले मिति २०६१।३।४ मा सुरू पर्सा जिल्ला अदालतमा पठाएको ट्रायल चेकमा साबिक कि.नं. ९० को जग्गा उत्तरतर्फ २९ फिट र दक्षिणतर्फ २३ फिट कायम रहेको देखिन्छ भने कि. नं. ११६० को जग्गा उत्तरतर्फ १५ फिट र दक्षिणतर्फ १२ फिट कायम रहेको देखिन्छ। पर्सा जिल्ला अदालतबाट भएको मिति २०६२।८।२२ को नक्सा मुचुल्का हेर्दा, न.नं. ४ को उत्तरमा ३० फिट र दक्षिणमा २१ फिट कायम देखिँदा अर्जुनराज शर्माको जग्गा मोहडा र क्षेत्रफल (न.नं. ३, ४ र ५ समेत गरी) पुगेकै देखिने।

पर्सा जिल्ला अदालतबाट मिति २०६१।६।२६ मा भएको नाप नक्सा मुचुल्काको नक्सामा घर एकतले वा २ तले स्पष्ट नभएको भनी सो नक्सा बदर भई पुनः २०६२।८।२२ मा नक्सा गर्दा, न.नं. १ को घर एक तले र न.नं. ४ को घर दुई तले घर पटकपटक बनेको, छतको स्थिति अवस्थासमेत तल माथि रहेको भन्ने स्पष्टसँग खुली आएकोबाट घरहरू अलग अलग रहेछन् भनी मान्नुपर्ने हुन आयो। कि.नं. ११६० को जग्गा आफ्नोमा नघुसी पश्चिमतर्फको अरू जग्गामा घुसेको भन्ने वादीको नक्सा जिरहसमेत नभएकोबाट र वादीको न.नं. ४ मा मोहडा, पिछाड र क्षेत्रफलसमेत पुगिरहेकोबाट न.नं. १ को घरजग्गा पनि वादीको रहेछ भन्न नमिल्ने।

जहाँसम्म वादीले २०४३ सालमा जग्गा खरिद गरी घर बनाएको भन्ने छ, वादी र प्रतिवादी दुवैको घर अधिकार प्राप्त निकाय वीरगञ्ज उपमहानगरपालिकाबाट नक्सापास भई बनाएको अवस्था नहुँदा ती घरहरू के कुन मितिमा बनेका हुन् भनी कानूनतः भन्न सकिने अवस्था रहेन। धारा बिजुली जडान गरेको भन्ने हकमा घर वा घरको हिस्सामा पनि सो जडान हुन सक्ने नै हुन्छ। त्यसैले २०२१ सालको नापीमा कायम कि.नं. ८९ बाट कित्ताकाट हुँदै कायम साबिक सर्भे नक्सामा स्पष्ट अस्तित्वमा रहेको देखिएको कि.नं. ११६० को नक्सा र घरको अस्तित्व लोप हुने गरी र वादीको साबिक कि.नं. ९० को ०-०-१० जग्गा पुगी रहेकै अवस्थामा कि.नं. ७० को सम्पूर्ण जग्गा अर्जुनराज शर्माको रहेछ भन्नु न्यायोचित हुने नदेखिने।

अतः माथि विवेचित तथ्य, कानून र प्रमाणका आधारमा १ नं. नापी गोश्वाराबाट मिति २०५९।९।१४ मा गरेको निर्णय बदर हुने ठहर्याई मिति २०६५।५।१७ मा पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई नापी नक्सा

निर्णय बदरतर्फको वादीको दाबी नपुग्ने ठहर्‍याएको सुरू पर्सा जिल्ला अदालतको मिति २०६३।९।३ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल फागुन ९ गते रोज २ शुभम्।

- यसै लगाउको ०६५-CI-०६३४, घरजग्गा खिचोला, *वृजकिशोर सिंह वि. अर्जुनराज शर्मा* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. १९

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६८-CR-०५३६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गोपाल टमटासमेत*

वारदातको पृष्ठभूमि प्रकृति र वारदातमा प्रयोग भएको सामान हेर्दा मृतक र प्रतिवादी पारू वि.क. बीच मृतकलाई मार्नुपर्ने अवस्थासम्मको कुनै गहिरो पूर्वरिसइवी देखिँदैन। मृतकलाई मार्न कुनै पूर्वयोजना बनाएको पनि देखिँदैन। मृतक बीमा टमटाले प्रतिवादी पारू वि.क. लाई आफ्नो लोग्नेसँग लागिस् भनी आरोप लगाएको तत्कालकै रिसले हातमा लिएको कुटोले मृतकको टाउकोमा हानेकोले मृतकको मृत्यु भएको अवस्था छ। कुटो सानो प्रकृतीको विरूवा गोडमेल गर्ने साधन हो। यसलाई जोखिमी हतियार नै हो भन्न मिल्ने अवस्था नदेखिने।

दुवै प्रतिवादीले पूर्वयोजना बनाई मनसायपूर्वक जोखिमी हतियारको प्रयोग गरी मृतकलाई मारेको भन्ने नदेखिँदा ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय हुनुपर्दछ भन्ने दाबी पुष्टि हुन आएन। प्रतिवादी पारू वि.क.कै प्रहारबाट मृतकको मृत्यु हुन गएको पुष्टि भएको देखिन्छ भने प्रतिवादी गोपाल टमटाको मृतकलाई मार्ने कार्यमा संलग्नता थियो भन्ने कुनै ठोस एवम् तथ्य युक्त प्रमाणबाट पुष्टि हुन आएको देखिँदैन। यस्तो स्थितिमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम प्रतिवादी पारू वि.क.ले तत्काल उठेको रिसमा मृतकलाई जोखिमी हतियाररहित कुटोले प्रहार गरी कर्तव्य गरी मारेको कसुरमा १० वर्ष कैद सजाय हुने र अर्का प्रतिवादी गोपाल टमटाले कर्तव्य गरी मारेको लास दबाए छपाएको कसुरमा ऐ. २५ नं. बमोजिम रू.२०।- जरिवाना हुने ठहर गरेको पुनरावेदन अदालतको फैसला परिवर्तन गरी रहन परेन। यी प्रतिवादीहरू दुवैजना मिली मृतक बीमा टमटालाई कर्तव्य गरी मारेकोले ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

तसर्थ प्रतिवादी पारू वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने र प्रतिवादी गोपाल टमटालाई ऐ २५ नं. बमोजिम रू.२० जरिवाना हुने ठहर गरेको सुरू अछाम जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, दिपायलको मिति २०६८।२।३१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भोजराज रेग्मी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल फागुन ९ गते रोज २ शुभम्।